# शुभारम्भ



## प्रा. डा. देवी नेपाल

मञ्जरी खण्डकाव्यको संरचनालाई हेर्दा ३+२+३+२+३+३=१६ अक्षरको संरचनामा रहेको झ्याउरे छन्दका १९२ श्लोकमा संरचित छ । 'मुनामदन' परम्पराको भयाउरे छन्दलाई सामान्यतः दुई पाउ वा चार पाउका संरचनामा प्रस्तुत गर्ने गरिन्छ । यहाँ कवि रेणुका भट्टराईले पनि चतुष्पदी संरचनालाई अँगालेर अनुभूतिको विस्तार गर्नुभएको छ । कथावस्तुको स्वरूपलाई हेर्दा यस खण्डकाव्यमा विश्वनाथीय मान्यताअनुसारको एकदेशीय चित्रणको पालना गरिएको देखिन्छ । यस खण्डकाव्यमा जगत्को एउटा खण्ड अर्थात् नेपाली समाज, जीवनको एउटा खण्ड अर्थात् विवाहदेखि वैधव्य जीवन हुँदै पुनर्विवाहसम्म, विचारको एउटा पाटो अर्थात् प्रगतिशील वैचारिक धरातल र काव्यिक उद्देश्यको एउटा गन्तव्य नारी सम्मानयुक्त नेपाली समाजको निर्माण आदिको स्पष्ट उपस्थिति देखिने हुनाले 'मञ्जरी' खण्डकाव्य नै हो भन्ने प्रमाणित भएको छ । विषयवस्तुको व्यवस्थापन तथा काव्यगत आकार र श्लोकसङ्ख्याका दृष्टिले पनि प्रस्तुत कृतिलाई खण्डकाव्य नै भन्नसकिन्छ । यस कृतिको रूप पक्ष जति सफल छ अन्तरवस्तु पनि त्यति नै सबल देखिन्छ । सामाजिक विषय, वैचारिक विमर्श र स्पष्ट उद्देश्यका कारण 'मञ्जरी' खण्डकाव्यले नेपाली समाजलाई साँच्चै सकारात्मक एवम् नारी जागरणमूलक मार्गनिर्देश गरेको छ । समग्र विषयवस्तुको उत्तरोत्तर विकासलाई हेर्दा यस खण्डकाव्यमा सुरुमा नारीसंवेदनाको विशिष्ट प्रयोग पाइन्छ, बिचमा नारीकरुणाको जीवन्त उपस्थिति देखिन्छ भने अन्त्यमा नारीजागरणले पाएको सफलताको उच्च स्वरूप फेला पर्दछ । यस कारण पनि प्रस्तुत खण्डकाव्य भाव, विचार र कला तीनओटै पक्षमा सफल देखिन्छ ।

*(कवि रेणुका भट्टराईको 'मञ्जरी' खण्डकाव्यको भूमिकाबाट साभार)*

❖ सम्पादकीय

# स्वार्थकै निम्ति दबाब : गणतन्त्रको सदुपयोग !

मुलुकबाट जनताको सम्पूर्ण साथ र सहयोगका माध्यमले निरङ्कुशताको समाप्ति गरिएपछि जनताका मात्र होइन सबै सबैका अपेक्षा बढेकै हुन् अनि सत्ताका सारथिहरूले जनअपेक्षाअनुसार कार्यसम्पादन इमानदारिताका साथ नगरेको पनि सत्य हो । सत्ताले फरियावाद, नवधनाड्यवाद, आसेपासेवाद, डनवाद, घुस, कमिसन, भ्रष्टाचारसँग बढी नै सामिप्यता देखाएपछि जनताका अपेक्षा पूरा हुनु त कता हो कता बरु जनतामा निराशा पैदा गराउने र लोकतन्त्र भनेको त झन धेरैजनाले लुट्ने व्यवस्था पो रहेछ भन्ने भ्रम सिर्जना गर्ने कार्य भयो र यसका निम्ति सत्तामा जाने, सत्ताकै लागि मरिहत्ते गर्ने, सत्ताप्राप्तिका लागि जेसुकै पनि गर्ने र विचार मिल्नुपर्ने वा नपर्ने केही पनि नहेरी आँखा चिम्लेर सत्ताका पछि मात्र दौडिने नेपाली राजनीतिको नेतृत्व गर्ने जिम्मेवार नेतृत्वको गलत कार्यशैली प्रमुख रूपमा जिम्मेवार रहेको पनि यथार्थ हो, सत्य हो । नेतृत्वको गलत रबैया र कार्यशैलीका कारण राजनीति भनेको फगत स्वार्थका लागि गरिने घृणित खेल हो र यसले जनताको दुहाइ दिएर वा गणतन्त्र वा लोकतन्त्र भनेको संसारकै उत्कृष्ट शासनव्यवस्था हो भने पनि जनतालाई कहिल्यै पनि केन्द्रमा नराख्ने र आफ्नो स्वार्थसिद्धिका लागि मात्र सत्ताप्राप्तिका घिनलाग्दा तमासा मात्र देखाउने अनि 'मिलेर जाम लुटेर खाम'को स्वार्थी खेलमै रमाउने, मुलुकका साधनस्रोतको धेरैभन्दा धेरैले दोहन मात्र गर्ने देखिएकाले लोकतन्त्रभन्दा बरु विगत नै ठिक रहेछ भन्ने भाष्य सिर्जना गरिदिने वा लोकतन्त्रका विरुद्धको जनमत तयार पार्ने अत्यन्त खतरनाक भ्रम सिर्जना गर्ने वातावरण तयार भएको छ र लोकतन्त्रका लागि मात्र होइन जनताका लागि पनि यो अत्यन्त नकारात्मक छ, गलत छ!

जनताको बलिदानले ल्याएको लोकतन्त्रमा इमानको विकासे म्याराथुन दौड हुनुपर्थ्यो, योग्यता तथा क्षमताका आधारमा समान अवसरको र समानुपातिक विकासको फूलबारी निर्माण गरिनुपर्दथ्यो । इमानको कसीमा जोकोही पनि र जहिल्यै पनि घोटिने अनि आफूलाई जुनसुकै समयमा पनि चौबिस क्यारेट नै साबित गरिरहने वातावरण निर्माण गरिनु आवश्यक थियो । तर त्यसो हुनुको सट्टा 'भोको जुकाले धेरैभन्दा धेरै रगत चुसेजस्तो' अवसरको प्राप्ति भनेको जताबाट र जसरी पनि दोहन मात्र गर्नु हो भन्ने दृष्टान्त अवसर पाउनेकै कार्यशैलीले देखाएपछि वा प्रमाणित गरिदिएपछि 'लोकतन्त्र भनेको लुटतन्त्र पो रहेछ' भन्ने गलत भाष्य सिर्जना गर्न थप मलजल पुगेको पनि यथार्थ हो र लोकतन्त्रको सुदृढीकरणका लागि यो अत्यन्त गलत छ, खतरनाक छ । जनविश्वास लोकतन्त्रको आधार हो, मेरुदण्ड हो र त्यही जनविश्वास टुट्नु चाहिँ लोकतन्त्रका लागि सबैभन्दा बढी घातक पक्ष हो । त्यसैगरी जनविश्वास गुमाउँदै गुमाउँदै जानु वा जनताले गरेको विश्वास वा भरोसा टुट्नु नेतृत्वका लागि पनि अत्यन्त घातक कुरा हो । जनअपेक्षाको ख्यालै नगरी आफ्नै स्वार्थको डम्फु मात्र बजाउने शैलीले नेतृत्वको शाख मात्र होइन ऊप्रतिको

भरोसालाई पनि रसातलमा पुर्‍याइदिन्छ । अवसर प्राप्त गरेका वेला आफ्नो क्षमताको सम्पूर्ण प्रयोगका माध्यमबाट जनताका पक्षमा र देशका पक्षमा काम गर्ननसक्नेलाई पुनः पुनः जनविश्वास प्राप्त गर्ने अवस्था पनि विद्यमान रहँदैन, समाप्त भएर जान्छ, आर्जित छविसमेत सम्पूर्ण रूपमा समाप्त हुन्छ ।

लोकतन्त्र भनेको स्वअनुशासन हो, विधिको शासन हो, समान अवसरको सुनिश्चितता पनि हो तर हामीकहाँ चाहिँ ' लोकतन्त्र भनेको भाँडतन्त्र' हो भन्ने अत्यन्त गलत भाष्य तयार भएको छ ! सक्नेले वा बल प्रयोग गर्नेले जे पनि गर्ने, जे चाह्यो त्यही हुने अनि नसक्ने वा शक्ति प्रदर्शन गर्ननसक्नेले चाहिँ उही 'आकाशको फल आँखातरी मर' भनेजस्तो प्रतीक्षा मात्रै गर्ने अवस्था देखिएको छ ! अर्थात् 'लोकतन्त्र भनेको मत्स्यन्याय हो', 'जसको शक्ति उसको भक्ति' हो भन्ने मान्यता क्रमशः क्रमशः स्थापित भइरहेको छ ! यही नै लोकतन्त्रका विरुद्धको वा निराशा पैदा गर्ने सबैभन्दा खतरनाक तत्त्व हो । आखिर निराशाको वा मत्स्यन्यायको अन्त्य गर्ने भनेको राजनीतिक नेतृत्वले नै हो, सुशासनले नै हो तर अवसर पाउँदा राजनीतिक नेतृत्वले आफ्नो कौशल देखाउनुको सट्टा फगत भाषणमै आफूलाई सीमित गरेको छ, गरिरहेको छ तर जनताले अनुभूत गर्ने केही कुनै उदाहरणीय कार्यसम्पादन भए/गरेका देख्न वा सुन्न पाइएको छैन ! यही कमजोरीको सूत्र फेला पारेर शक्ति प्रदर्शन गर्ने, हुलहुज्जत गर्ने र सडकबाटै आफ्ना स्वार्थ भजाउने समूह, शैली देखापरेका छन्, देखिएको छ ! सक्नेले शक्ति प्रदर्शन गर्ने, लोकतन्त्रको सदुपयोग गरेको भन्ने वा दुहाइ दिने र नेतृत्वलाई आफ्नो स्वार्थमा झुकाउने वा सडकले निर्णय गर्ने अत्यन्त निकृष्ट कर्महरू लोकतन्त्रकै नाममा भए/गरेका देखिएका छन् ! यी सबै हरकतले लोकतन्त्रका पक्षमा जनमत तयार पारिरहेका छैनन्, पार्दैनन् !

लोकतन्त्रमा समन्यायको अभ्यास देखिनुपर्दछ । यदि भिडले नै लोकतन्त्रलाई नियन्त्रित गर्ने, निर्देशन गर्ने र भिडकै दबाबमा आफ्ना पक्षमा निर्णय गराउन बाध्य पार्ने हो भने त्यो लोकतन्त्र नभएर भिडतन्त्र नै हुन्छ । राज्यकोषबाट तलब खानेहरू नै सरकारका विरुद्धमा सडकमा उत्रिने र आफ्ना स्वार्थका निम्ति सरकारलाई बाध्य पार्ने तर आफ्नो कर्तव्यको हेक्का नराख्ने, कर्तव्यपालनामा इमानदार हुँदै नहुने, आफ्नो वृत्तिविकासका निम्ति आफैँले गरेको कार्यसम्पादनलाई आधार मान्न तयार नहुने अनि आफूले काम नगरेको अर्थात् सडकमा तमासा देखाएको अवधिको पारिश्रमिक लिन्नौँ भनेर घोषणा नगरी निर्लज्ज रूपमा काम नगरी पैसा लिने स्वार्थी, अवसरवादी प्रवृत्तिलाई वार्ताको टेबुलबाट थोरै भए पनि लगाम लगाउनुको सट्टा 'काम पनि गर्नुभएन, तलब पनि पाउनुहुन्न' भन्न पनि नसकी सम्झौता गर्ने शैली वा प्रवृत्तिलाई अन्ततः भिडनिर्देशित निर्णयको अभिलेखन नै मान्नुपर्दछ र यो सम्पूर्ण रूपमा लोकतन्त्रको मान्यताका विरुद्ध छ, स्वअनुशासनको विरुद्ध छ, नैतिकताको विरुद्ध छ, इमानको विरुद्ध छ !

लोकतन्त्रमा आबाज उठाउन पाइन्छ र त्यस्ता आबाजलाई यथासमयमा सुनिनु पनि पर्दछ । आफूलाई मर्का परेको भनी कुनै पक्षले वा समूहले माग राख्यो भने

सरोकारवाला पक्षले त्यस्तो आबाजलाई समयमै सुन्ने, संवाद वा वार्ता गर्ने र समस्याको समाधान खोज्ने, सक्ने वा नसक्ने विषयमा जानकारी गराउने अनि निकास निकाल्ने इमानदार प्रयत्न पनि लोकतन्त्रको मर्म हो । कोही कसैका आबाजको सुनवाइ नै नगर्ने भनेको त निरङ्कुशतन्त्रमा मात्र हुन्छ । लोकतन्त्र र निरङ्कुशतन्त्रको फरक भनेकै यही हो र यही कारणले लोकतन्त्रलाई उत्कृष्ट शासनव्यवस्था भनिएको हो तर हाम्रो लोकतन्त्रले समस्याको यथासमयमा सुनवाइ गर्ने र संवाद वा वार्ताका माध्यमबाट समाधान खोज्ने, भए/गरेका सम्झौताको इमानदार कार्यान्वयन गर्ने, एउटै समस्याका लागि पटक पटक आन्दोलित हुनुपर्ने अवस्थाको अन्त गर्ने इमानदार प्रयत्न वा अभ्यास नै गरेन ! सत्तामा पुग्नेहरू सत्तास्वार्थका लागि वा सत्ता टिकाउनका लागि वा आफ्नो दुनो सोझ्याउनभन्दा पर नजाने, आफूले गरेको सम्झौताको इमानदार कार्यान्वयन पनि आफैँले गर्नुपर्दछ भन्ने हेक्का नै नगर्ने अनि आफूले गर्ननसकेको कामको लागि पश्चाताप बोध गर्नुपर्नेमा त्यो पनि नगरी आगोमा घिउ थप्न झनै निर्लज्ज तमासा देखाउने चटकेहरूले नै लोकतन्त्रको हुर्मत लिइरहेको देखिन्छ !

लोकतन्त्रको हुर्मत लिएर लोकतन्त्र सुदृढ हुँदैन । गालीगलौज, उच्छृङ्खलता, तोडफोड, अविश्वास आदिलाई पनि लोकतन्त्र मान्न सकिँदैन । स्वस्थ आलोचना गर्ने, वादविवाद गर्ने, तर्क गर्ने, सुझाव दिने, आफ्ना माग राख्ने कुराहरू चाहिँ लोकतन्त्रमा स्वाभाविक हुन्छन् । आफ्ना माग वा अपेक्षा पूरा गराउन सकेजति बल वा तागतको प्रदर्शन गर्नुभन्दा पहिले नै सरोकारवालाले सुनवाइ गर्ने र निकास निकाल्ने प्रयत्न गर्नुको सट्टा जब वेला घड्किन्छ अनि बल्ल चासो राख्ने प्रवृत्तिले 'जब भयो राति तब बुढी ताती' भन्ने उखानलाई नै चरितार्थ पार्छ, पारिरहेको छ ! अहिले हाम्रो लोकतन्त्रको चरित्र यही र यस्तै देखिएको छ ! स्वार्थसमूहले सडकमा तमासा देखाउन थालेपछि त्यो क्षेत्रमा व्यवसाय गर्नेहरूको व्यवसाय चौपट हुने, राज्यले अनावश्यक रूपमा सुरक्षा व्यवस्था गर्नुपर्दा खर्चभार बढ्ने, बटुवाले सास्ती र हैरानी पाउने, कहिलेकाहीँ त बलप्रयोग नै गर्नुपर्दा हताहतीको अवस्थासमेत उत्पन्न हुने, यातायातका साधन गुड्न नपाउने र यातायातमजदुरको गाँस खोसिने तर सडकमा तमासा देखाउनेले चाहिँ त्यही तमासा देखाएका भरमा कामै नगरी तलब पाउनेजस्ता कति हो कति विकृति देखिन्छन्, देखिइरहेका छन् ! यी सबै विकृतिले अन्ततः लोकतन्त्रका प्रति नै वितृष्णा फैलाउने काम गरेका हुन्छन् त्यसैले लोकतन्त्रमा सबैभन्दा बढी जिम्मेवार शासनसत्ता हुन्छ भनिन्छ । हाम्रो लोकतन्त्रमा शासनसत्ताले होस् वा अन्य समूहले नै किन नहोस् कर्तव्य र जिम्मेवारीलाई सम्पूर्ण रूपमा बिर्सिएकै पाइन्छ ! समयमा काम नगर्ने, स्वार्थ नराखी काम नगर्ने, कर्तव्यको पालना आफू पनि नगर्ने र अरूलाई पनि नसिकाउने, दण्ड र पुरस्कारका व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन नगर्ने प्रवृत्ति हाम्रो लोकतन्त्रका कमजोरीका रूपमा देखिएका छन् । सबै जिम्मेवार भए मात्र लोकतन्त्र सुदृढ हुने होइन र !

*-रमेश पोखरेल*

## यस अङ्कमा


**विशेष संवाद**

**स्रष्टाका...**- *प्रा.डा.कृष्णप्रसाद घिमिरे/१०*

**कविता/गजल**

**भुलिदिनू...** *-रजनी खत्री/२१*

**जिब्रो-** *रामचन्द्र दाहाल/२६*

**राजनीतिका...** - *उमेश उपाध्याय/२७*

**समय** - *कमला पराजुली/२७*

**गजल...** *-विनोद के.सी./३०*

**आमा...** *-ख्यालमान राई (सुच्चा)/३१*

**निश्चल...** *-कञ्चन श्रेष्ठ/३७*

**युद्धका...** *-छविकिरण ओली/४४*

**म...** *-दिलिप चापागाई/४६*

**गजल** *-लीलाराज दाहाल/४६*

**साकुराको...** *-विनिशा सापकोटा/५३*

**तिमी र म** *-सुशान्त थापा/५५*

**अनुवाद/कविता**

**मेरा...**/*-केशवमोहन पाण्डेय/२२*

**कथा/लघुकथा**

**धर्म** *-गोविन्दबहादुर कुँवर/२८*

**प्रतिष्ठा** *-राजकुमार पोखरेल/५४*

**बुद्धिको...**-*कुमार नेपाल/५६*

**यसपटक**

*अमला अधिकारी/७*

**निबन्ध/समालोचना/नियात्रा/परिचय**

**कृति समीक्षा/संवाद**

**सबसे बडा...** - *डा. प्रेमराज सिलवाल/२३*

**साहित्यिक...** - *डा. रामप्रसाद दाहाल/३२*

**न्यु योर्क...** *-रमेश पोखरेल/३८*

**पुर्खाको...** *-शीतल गिरी/४७*

**सुन्दर...** *-होमशंकर बास्तोला/५१*

**कवि...**-*डा. कृष्ण सुवेदी (भारद्वाज मित्र)/५७*

**स्थायी स्तम्भ**

**शिखर व्यक्तित्व**

*स्वर्गद्वारी महाप्रभु/६*

**समाचार**/६२

**अनूभूति**

*प्रा.डा. प्रेम खत्री/६३*



# शब्द-संयोजन

(मासिक साहित्यिक प्रकाशन) वर्ष २२ अङ्क २ पूर्णाङ्क २५३/२०८२ जेठ

जिप्रकाका द.नं. ९४/२०६०/०६१

**सल्लाहकार** : डा. मोदनाथ प्रश्रित, प्रा. डा. जीवेन्द्र देव गिरी, राम विनय प्रा. केशव सुवेदी, ई. महेन्द्र गुरुङ

**प्रधान सम्पादक तथा प्रकाशक**: वासुदेव अधिकारी

**कार्यकारी सम्पादक**: रमेश पोखरेल

**सम्पादक**: सुमी लोहनी, रूपक अलङ्कार

**अन्तर्वार्ता संयोजन**: अच्युत घिमिरे

**वेभ संयोजन**: प्रशान्त खरेल

**कला**: गणेशकुमार जी.सी.

**आवरण चित्र**: गुगल

**प्रतिनिधि**: पुण्यप्रसाद खरेल(झापा), डा. हरिप्रसाद तिमिल्सिना (नेपालगन्ज), नमुना शर्मा (चितवन)

Email : s_samyojan@yahoo.com website: sahityasandhya.org.np

**मुद्रण**: विनायक प्रेस, धोबिधारा, काठमाडौँ, मो.९८४१४४७३२२

**साजसज्जा**: टच क्रिएसन प्रा. लि.

# स्वर्गद्वारी महाप्रभु

नेपाल प्राकृतिक, सांस्कृतिक रूपमा पपित्र स्थल हो । यहाँ कैयौँ महान् सिद्ध महापुरुषहरूको जन्म भएको छ । तिनै महापुरुषहरूले धर्म, संस्कृतिको प्रचारप्रसारमा अतुलनीय योगदान दिएका छन् । यस्तै महान् तपस्वी सिद्धपुरुषका रूपमा परिचित नाम हो स्वर्गद्वारी महाप्रभु । महाप्रभुको जन्म वि.सं.१९१६ श्रावण शुक्ल एकादशीका दिन रोल्पा जिल्लाको रुम्टी गाउँमा पिता अनिरुद्ध र माता श्वेताका जेठा सन्तानका रूपमा भएको हो । उहाँको वास्तविक नाम नारायण गौतम हो ।

महाप्रभुका विषयमा विभिन्न लीलाहरू पाइन्छन् । जन्मेको छैटौँ दिनमा आमाले मासु खाएको थाहा पाएर तीन दिनसम्म भोकै बसेको र तीन दिनपछि कोपिला नामक गाईको दुध सेवन गरी तीन वर्षको उमेरदेखि नै शिवभक्त भएको भन्ने जनश्रुति रहेको पाइन्छ । महाप्रभुका ३६ वर्ष रुम्टी गाउँमै बितेका थिए । आधा जीवन बितेपछि शान्तिको यात्रामा हिँड्दै जाँदा प्युठानको स्वर्गद्वारीमा पुगेको इतिहासमा उल्लेख छ । १९४२ मा गुरु सच्चिदानन्द गिरीबाट सन्यासको दीक्षा प्राप्त गरेपछि उहाँको नाम हंसानन्द गिरी भएको हो । महाप्रभुले स्थापना गरेको स्वर्गद्वारी नेपालको प्राचीन तीर्थस्थलमध्ये एक हो । स्वर्गद्वारीमा विश्वशान्तिको कामनास्वरूप अखण्ड हवन गरिन्छ । वेद, रुद्री नित्य अध्ययन अध्यापन गरिन्छ । तात्कालीन समयमा महाप्रभुबाट प्रारम्भ भएको अखण्ड महायज्ञ आज पनि नित्य चलिरहेको छ । नेपाल तथा भारतबाट आउने भक्तजनको लामो भिड सधैँ लाग्ने गर्छ । महाप्रभुलाई शिवको अवतारका रूपमा पूजा गरिन्छ । स्वर्गद्वारीको अर्को विशेषता भनेको गौशाला हो । जहाँ हजारौँ गाईहरू रहन्थे भने वर्तमान समयमा तीन-चार सय मात्र गाईहरू रहेका छन् ।

महाप्रभुको जन्मोत्सवको दिन २४ घण्टा नै स्वर्गद्वारीमा अखण्ड भजन कीर्तन चल्ने गर्दछ । जन्मतिथि, पुत्रदा एकादशी, नागपञ्चमी, दसैँको फूलपाती र तिहारको औँसीका दिन प्रभुको सम्झनामा रथयात्रा निकाल्ने प्रचलन रहेको छ । प्रभुको स्वर्गागमन वि.सं.१९९७ मा भएको थियो । हाम्रोसामु प्रभुको शरीर नभए पनि उहाँले आदर्श समाज निर्माणमा गर्नुभएको योगदान भने सदासर्वदा हामीले अनुभूत गर्नेगरी चिरकालपर्यन्त रहिरहने छ ।

*- रूपेश अधिकारी*

## यसपटक



### ❖ अमला अधिकारी

वि.सं.२०३८ पुस १७ मा माता रत्नादेवी अधिकारी र पिता कृष्णप्रसाद अधिकारीकी सुपुत्रीका रूपमा सिन्धुलीमा जन्मिएकी अमला अधिकारीले त्रिभुवन विश्वविद्यालयबाट शिक्षाशास्त्रमा स्नातक उपाधि हासिल गरेकी छिन्। शिक्षण पेसामा संलग्न रहेकी अधिकारी नेपाली साहित्यका गीत, गजल, कविता, कथा, उपन्यास विधामा कलम चलाउँछिन्। 'अमला', 'आगो', 'आरन', र 'आश्रम'जस्ता गजलसङ्ग्रह उनका प्रकाशित भएका छन् भने 'आलय' उपन्याससमेत प्रकाशित भएको छ। नेपाली समाजको यथार्थलाई जीवन्त एवम् मार्मिक रूपमा चित्रण गर्ने र रूपान्तरणको ध्वन्यार्थ सम्प्रेषण गर्ने अधिकारी सरलताका माध्यमबाट गम्भीर भाव सम्प्रेषण गर्ने स्रष्टा हुन्। निरन्तर नेपाली साहित्यको साधना गरिरहेकी यिनै स्रष्टाका तीनओटा कविता हामीले 'यसपटक' स्तम्भमा प्रकाशित गरेका छौँ।

'सम्बन्ध' शीर्षकको पहिलो कवितामा छिमेकीको सम्बन्ध आत्मीय हुन्छ तर त्यही सम्बन्ध प्रतिशोधी पनि हुनसक्छ भन्ने यथार्थको उद्घाटन गर्दै सम्बन्धमा सहिष्णुताको अपेक्षा गरिएको छ। 'अड्किनु' शीर्षकको दोस्रो कवितामा नेपाली समाजमा प्राकृतिक, आर्थिक, न्यायिक विभेद छ; चरम अभाव र गरिबी छ; असमानुपातिक विकासको पीडा छ, विकटताको अत्यासलाग्दो राप छ भन्ने मर्मान्त यथार्थको चित्रणसहित यी यावत् पक्षमा रूपान्तरण आवश्यक छ भन्ने स्पष्ट सन्देश सम्प्रेषण गरिएको छ। 'मास्टर्नी उर्फ देवका मिस' शीर्षकको तेस्रो कवितामा समाजमा शिक्षाको उज्यालो घाम छर्ने र अन्तस्करणको चेतनाको दियो बाल्ने शिक्षक अझै पनि उपेक्षा वा टिप्पणी गर्ने पात्र बनाइएका, आफ्ना शिष्यलाई गन्तव्यमा पुर्‍याउने माझीहरू उपेक्षित भएका प्रति चिन्ताभाव व्यक्त गरिएको छ। शिक्षाले मात्र समुन्नत समाज निर्माण हुन्छ र त्यसमा शिक्षकको अतुलनीय योगदान हुन्छ भन्ने मूल्याङ्कन हुननसकेको प्रति पनि शालीन आक्रोश व्यक्त गर्दै शीष्यले पनि उडेपछि बचेराले गुँड नबिर्सने, संस्कार नबिर्सने शिष्ट आग्रहसमेत गरिएको छ।

## सम्बन्ध

धेरै दिनअघि
छिमेकी कचौरामा अचार बोकेर आयो
मैले पनि कचौरामै तरकारी पुर्‍याइदिएँ
माछा तारेको दिन घरैमा डाक्यो
मासु भुटेको दिन मैले पनि डाकेँ
केही दिनअघि
उसको घरको सप्ताहमा
मलाई निम्तो गर्न बिर्सियो
मैले पनि नारायणको पूजा लाउँदा
उसको आवश्यकता महसुस गरिन
हिजो मात्रै
उसको आँगनमा मेरा पाठा उफ्रे
उसले समाज बटुल्यो
आज उसका कुखुराले मेरो बिस्कुन छरे
मैले उसलाई पुलिस थानामा पुर्‍याएँ।

## अड्किनु

पोहोर साल
यस्तै समयमा
बासी रोटी बुडाको घाँटीमा अड्कियो
पानी पनि भित्र जान सकेन
मुखमै अड्कियो
पानी नपरेर
आलीधुर गरेको खेत पनि
बाँझै बस्यो
बिउ ब्याडमै अड्कियो
परीक्षा शुल्क तिर्न नसकेर
एस.ई.ई.मा सामेल हुन नसकेको
छोरो घरमा बसेन
मुम्बई पस्यो
कुन्नि किन उतै अड्कियो !
एक दिन बिहानै स्कुल हिँडेकी छोरी
फर्केर कहिल्यै आइन
उखुबारीमा अड्किएको उसको पछ्यौरी
काँसघारीमा लापर्वाह भेटिएको
उसको लास
मेरो आँखामा मात्रै अड्कियो
मेरी छोरीको कलिलो जबानीमा
गिद्दे आँखा अड्काउने बलात्कारी
सरकारको आँखामा परेर कि नपरेर हो
मैले चिच्याएको न्यायको आबाज
अदालतमा अड्किरह्यो !

बुडाको श्राद्ध गर्न
नुन, चामल, दाल, तरकारी लिन
हिजो बिहानै हिँडेका खच्चर
आज बिहानसम्म आइपुगेनन् !
बाहुन आएर पनि श्राद्ध अड्कियो
खाद्यान्न नभएर।
अलि ढिलो खबर आइपुग्यो
कर्णालीको पुलको लठ्ठा भाँचिएर
दर्जनौँ खच्चरको हुल पुलमा अड्कियो
फेरि साँझपख अर्को खबर आइपुग्यो
खच्चरहरूको उद्दार गरियो
दुइटाको मृत्यु भयो
खबर यो पनि आइपुग्यो
ती दुबै खच्चर मेरा थिए !
यति सुनिसकेर मेरो मुटुमा
सास अड्कियो।
यदि पुनर्जन्म हुन्छ भने
हामीलाई कर्णालीमा जन्मनबाट
अड्काइदिनू।

# मास्टर्नी उर्फ देवका मिस

नमस्कार !
म मास्टर्नी उर्फ देवका मिस
वर्षौं भयो म मास्टर्नी भएको
मास्टर्नी भएकै कारण
म असल छोरी हुन सकिन
म आज्ञाकारी बुहारी हुन सकिन
म मायालु पत्नी हुन सकिन
म सफल आमा हुन सकिन
अझ यो बौद्धिक समाजले मलाई नै भन्छ
'लोकसेवा पास गर्न नसकेर मास्टर्नी भएकी !'

म भन्छु, 'म मास्टर्नी भएर नै
यो समाज सबथोक भएको
मैले केही नजानेर नै
यो समाज यति जान्ने भएको
अरूलाई अरू धेरै बनाउँदाबनाउँदै
आफू आफैं हुन नसकेकी
म मास्टर्नी उर्फ देवका मिस ।'

चारोसमेत टिप्न नजानेका बचेराजस्ता
कैयौं नानीहरू आए
अक्षर टिप्नसक्ने भएर गए
मेरै कर्मको कारखानाबाट ।
मेरै पाइला पछ्याउँदै हिँड्न सिकेकाहरू
विश्वभ्रमणमा निस्किसके
मेरै शब्द टिपेर हिंडेकाहरूले
शब्दकोश निर्माण गरिसके
उनीहरूको खुसीमा खुसी भएको मुस्कान
बुढो भइसक्यो कि तरुनै छ
उनीहरूका दुःखमा रुझेका परेलाहरू
चिम्सा भइसके कि पोटिलै छन्
यति पनि हेर्न जान्दिन
बस् यत्ति जान्दछु
क पछि ख आउँछ
एकमा एक जोड्दा दुई हुन्छ ।

मेरो यौवनको रापिलो घाममा
कैयौंका भविष्यको बिस्कुन सुक्यो
मेरा कुमारी रहरहरूसँग
कैयौंले लक्कु ढलाइ र नेताचिनी खेले
मेरै उमेरको काँध चढेर
कैयौंको विद्वता तन्नेरी भयो
ओ समाजका बौद्धिक वर्ग !
तिम्रो बौद्धिकताको अग्लो पर्खालको
जगमा पनि
यिनै साना अक्षर र अङ्क त होलान् नि होइन र ?

उडेपछि बचेराले
नबिर्से हुन्थ्यो गुँड
फुलेपछि कोपिलाले
नभुले हुन्थ्यो माली
नमस्कार सिकाएर पठाएकाहरूले
जाने हुन्थ्यो नमस्कार गर्न
सिर्फ यत्ति सोचेर
आफ्नो सम्पूर्ण ऊर्वर समय
कक्षाकोठामा खर्चिरहेकी
म उही क्या
बुढी मास्टर्नी उर्फ देवका मिस !



❖ प्रा.डा. कृष्णप्रसाद घिमिरे

# स्रष्टाका रचनाले मानिसको व्यवहार र चेतनालाई व्याप्प समातेर सुन्दर शब्दावलीमा पस्किन सकेन भने त्यो रचना श्रेयस्कर हुँदैन

वि.सं.२०१९ चैत्र २१ गते लुम्बिनी प्रदेशको अर्घाखाँची जिल्ला पाणीनि गाउँपालिका वडा नं. ४ पटौटीमा माता भूमकला घिमिरे र पिता शिवलाल घिमिरेका काहिँलो पुत्ररत्नका रूपमा जन्मनुभएका प्रा.डा.कृष्णप्रसाद घिमिरे नेपाली भाषा तथा साहित्यका क्षेत्रमा परिचित हुनुहुन्छ । उहाँ नेपाली साहित्यमा समालोचक तथा सर्जकका रूपमा स्थापित स्रष्टा मानिनुहुन्छ । उहाँ निबन्ध लेखनमा सिद्धहस्त हुनुहुन्छ । उहाँका कथा र कविताहरू पनि एक दर्जनभन्दा बढी फुटकर रूपमा प्रकाशित भएका छन् । उहाँका रचना तथा समालोचनाहरू मधुपर्क, गरिमा, दायित्व, शब्द संयोजन, अभिव्यक्ति, मुना, युवामञ्च, गोरखापत्र, सगरमाथा र उदय (भारत), हेमप्रभा (दाङ), पाणीनि (अर्घाखाँची), मिर्मिरे, नवप्रज्ञापन, शब्दाङ्कुर, मिसन टुडे, परिवर्तन, प्रलेस, वाङ्मय, वाङ्मयजगत्, दौँतरी (नेपालगन्ज)लगायतका पत्रपत्रिकाहरूमा प्रकाशित भइरहेका छन् । घिमिरेका हालसम्म सम्पादित र प्रकाशित कृतिहरू निम्नलिखित छन् : **अनुसन्धानात्मक समालोचना** (२०६९), **समय सन्दर्भका समीक्षा** (२०६९), **आधुनिक नेपाली कथा भाग–३** (२०६८), **साहित्यकार आनन्ददेव भट्टको परिचय** (२०६७), **पारिजातका नाटक** (सम्पा. २०६५), **पारिजातका नाटकको समीक्षा** (२०६४), **आख्यानकार पारिजात**, समालोचनाग्रन्थ, दो.सं.(२०६४) **साहित्यिक अभियान विगतदेखि वर्तमान** (सम्पा.२०६३), **नेपाली कथा भाग–३** (२०५५) र **संस्कृत सूक्तिसङ्ग्रह** (सम्पा. २०४८) । उहाँका प्रकाशनका लागि तयारी अवस्थामा रहेका एकएकवटा निबन्धसङ्ग्रह तथा कथासङ्ग्रह छन् । घिमिरेले विषयलाई मिहीन ढङ्गले केलाएर गहिराइसम्म पुगेर लेख्नसकेका कारण उहाँको लेखन अरूको भन्दा नितान्त भिन्न छ । यही आफ्नोपनले गर्दा उहाँ अरूभन्दा पृथक् अस्तित्व भएका साहित्यकार मानिनुहुन्छ । नेपाली साहित्यको गहिरो अध्ययन, तुलनात्मक विश्लेषण तथा गतिशील

चेतनाको प्रस्तुतीकरणमा आफ्नै निजीपनका कारण घिमिरे साहित्यको बजारमा 'विन्दुमा सिन्धु' समेटी छुट्टै पहिचान राख्न सफल हुनुहुन्छ।

नेपाली साहित्यमा विशिष्ट योगदान गरेबापत उहाँले अन्तर्राष्ट्रिय तथा राष्ट्रिय सम्मान एवम् पुरस्कार पाउनुभएको छ । **साहित्य शिरोमणि सम्मान**, विश्व हिन्दी महासभा नेपाल सन् २०२५, **नेपाली साहित्यदूत मकालु**, विश्व नेपाली साहित्य महासङ्घ २०८१ **सम्मानपत्र,** नेपाल साहित्यिक पत्रकार सङ्घ, केन्द्रीय समिति काठमाडौँ, २०८१ **सम्मानपत्र**, अन्तर र्राष्ट्रिय नेपाली साहित्य समाज, बोर्ड अफ ट्रस्टिज  वासिङ्टन डी.सी. अमेरिका सन् २०२२, **पारिजात सम्मान** पारिजात स्मृति केन्द्र, म्हैपी, २०७६, **राष्ट्रिय शिक्षा पुरस्कार** २०६९, **प्रेमप्रकाश मल्ल 'मधुकर' स्मृति सम्मान,** भेरी साहित्य समाज, नेपालगन्ज, बाँके २०८०, **मायाको चिनो** कल्पना फाउन्डेसन, नेपाल २०८०, **सम्मान–पत्र** नेपाल प्रगतिशील प्राध्यापक सङ्गठन, महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्ज बाँके २०८०, तथा **द रेयुकाइ नेपाल**बाट प्रशंसित (२०६०) हुनुहुन्छ।

सिङ्गो जीवन त्रिभुवन विश्वविद्यालयमा प्राध्यापन गर्नुका साथै नेपाली केन्द्रीय विभाग प्रमुखसमेत भइसक्नुभएका गुणग्राही व्यक्तित्व प्रा.डा.घिमिरेसँग 'शब्द संयोजन' साहित्यिक मासिकका लागि साहित्यकार अच्युत घिमिरेले गरेको कुराकानी यहाँ समावेश गरिएको छ।

***अच्युत : पछिल्लो समय सृजनात्मक कार्यमा कसरी लागिरहनुभएको छ ?***

**डा.घिमिरे**: धन्यवाद प्रश्नका लागि साहित्यिक मित्र । अहिले मेरो कार्यक्षेत्र केही समयका लागि नेपालगन्जमा भएको छ । त्यहाँ म कर्मचारीका रूपमा कार्यरत छु । त्यसैले दिउँसो त्यति समय हुँदैन । बिहान बेलुकीको समय, बिदाको दिन वा शनिबारलाई लेखन तथा साहित्यिक कार्यक्रमका लागि छुट्ट्याएको छु । मैले अनुभव गरेअनुसार नेपालगन्जको पहिचान भिन्नै प्रकारको रहेछ । त्यहाँ जानुपूर्व मैले झापा, विराटनगर, बुटबल, भैरहवाजस्तो होला भन्ने सोचेको थिएँ तर त्यहाँको प्रकृति, प्रदेश र परिवेशलगायतका धेरै कुराले भिन्न रहेछ । त्यही भिन्नताले गर्दा मानिसको सोचाइमा पनि फरकपन देखिने रहेछ।

नेपाल देशको नेपाल नामबाट परिचित नेपालगन्ज एउटा पुरानो सहर हो । त्यो नेपालको सबैभन्दा बढी गर्मी हुने र नेपालमा सबैभन्दा थोरै पानी पर्ने ठाउँ रहेछ । त्यहाँ शीतलहर हुँदा जाडो अत्यधिक हुने रहेछ । प्रदेश विभाजन गर्दा राजनीतिक कारणले लुम्बिनी भए तापनि कर्णाली र सुदूर पश्चिमका धेरै जिल्लाको भारत जाने मुख्यद्वार नेपालगन्ज भएकाले मानिसहरूको बसाइ पनि त्यतातिरको बढी छ । अवधी, थारु, नेपाली, उर्दूभाषीको क्षेत्र भएकाले कतिपय संस्कार, संस्कृति र चालचलनमा पनि भिन्नता देखिने रहेछ । त्यसैको उत्खनन र प्रस्तुतीकरणमा बाँके बर्दियाका साहित्यकारहरू क्रियाशील रहेकाले ती

कुराहरू बुझ्दै सद्भावना तथा स्वादको सहर नेपालगन्जमा सृजनात्मक कार्यमा संलग्न रहेको छु । पछिल्लो चरणमा समालोचनाभन्दा कथा, निबन्ध र कविता सृजनामा ध्यान बढी केन्द्रित भएको छ।

***अच्युतः तपाईँ लेखनकार्यमा कहिलेदेखि किन लाग्नुभयो ?***

**डा.घिमिरेः** अरू साहित्यकारहरूको जस्तै मेरो लेखनको सुरुवात पनि विद्यार्थी कालमा भयो । विद्यालयमा हुने अतिरिक्त क्रियाकलाप र गुरुहरूको सत्प्रेरणाले म लोकगीत गुनगुनाउने र कविता लेख्न थालेको थिएँ । पढाइको क्रममा एक दिन अचानक विद्यालयमा सिडियो र जिशिअ आउँदा सरहरूले सबै विद्यार्थीलाई एकै ठाउँमा जम्मा पार्नुभयो । त्यसपछि कविता सुनाउने र गीत गाउने कुरा उठ्यो । पहिला कोही बोलनन् । पछि एक जना सरले मेरो नाम लिएर कविता वा गीत जे छ सुनाऊ भन्नुभयो । मैले अगाडि गएर पहिला लोकगीत, त्यसपछि आफ्नो कविता सुनाएँ । त्यसले ताली र सम्मान दुबै अतिथिहरूबाट पायो । त्यसपछि लेख्दै गएँ र पहिलो कविता सगरमाथा पत्रिकामा 'सुधार' शीर्षकमा २०३२-०३३ सालतिर प्रकाशित भयो । त्यसले पनि सृजना गर्नलाई बल मिल्यो । त्यसपछि करिब एक दशकसम्म कविता नै लेखेँ तर ती प्रकाशित भएनन् । सुरक्षित राखेका पनि डेरा सार्ने क्रममा हराएछन् । म पढाइ सकेर अध्यापनतिर लागेपछि 'बिहानी' पत्रिकामा भाषासम्बन्धी लेख छापियो । त्यसपछि क्रमशः लेख, समालोचना, निबन्ध र कविताहरू (बालकविता पनि) आए । सुरुमा मनका भावनाहरू लयात्मक रूपमा अभिव्यक्ति दिन कविता लेखिए तापनि पछिल्लो चरणमा समाजका विकृति र मानवताको नैतिक ह्रासमा देखिएका प्रवृत्तिको उद्घाटन गरी समाज रूपान्तरणका लागि एउटा इँटा भए पनि थप्नसकूँ भन्ने उद्देश्यले लेखिरहेको छु।

***अच्युतः विधागत रूपमा गद्य र पद्य दुबैमा कलम चलाउनुभएको छ। तपाईँलाई कुनमा आफू बढी सफल भएकोजस्तो लागेको छ ?***

**डा.घिमिरेः** आफ्ना सृजना सबै ठिक लागे तापनि गद्यमा बढी क्रियाशील छु र भावना पनि बढी (शब्दसंयोजन)मा मुखरित भएको अनुभव गरेको छु । मेरा 'शुल्क'लगायतका कथामा केन्द्रित रहेर शोध पनि भएको छ । 'अर्धसत्य' र 'स्वार्थ' पछि प्रकाशित भएका कथा हुन् । 'काठमाडौँ शीर्षकको निबन्धले (गरिमा) धेरैको मन छोयो र नैतिक सन्देश दिन सफल भयो भन्ने प्रतिक्रिया पनि पाएको छु । त्यस्तै पारिजात नाटक लेख्छिन् भन्ने धेरैलाई थाहा थिएन । मैले उनका एकाङ्की र पूर्णाङ्की नाटक सङ्कलन तथा सम्पादन गरी '**पारिजातका नाटक**' (२०६५) साझाबाट प्रकाशित भएकाले उनको नाटकीयधार पनि उजागर भएको छ। एकाङ्कीमा उनी अस्तित्व तथा विसङ्गतिवादी र पूर्णाङ्कीमा पारिजात सशक्त समाजपरक यथार्थवादी नाटककार भएको साक्ष्य अगाडि आएको छ।

*अच्युतः* ***तपाईँले पारिजातमा केन्द्रित रहेर विद्यावारिधि गर्नुभयो। उनी जन्मेको स्थान, खेले हुर्केका डाँडाहरू तथा आफन्तहरूलाई पनि भेट्नुभयो । नयाँ के कुरा बाहिर ल्याउनुभयो त ?***

**डा.घिमिरे**: पारिजातका कृति र जीवनीको अध्ययन गर्दा मैले धेरै कुरा यथार्थ नभएको र लुप्त रहेको थाहा पाएँ । मलाई ती कुराको सत्य के हो मैले पहिल्याउनुपर्छ भन्ने लाग्यो र उहाँकी बहिनी सुकन्यासँग सम्पर्क गरी आफ्ना जिज्ञासा राखेँ । उहाँले सहर्ष स्वीकार गर्नुभयो र आफन्तलाई भेट्न चिठीहरू पनि लेखिदिनुभयो । ती चिठ्ठी बोकेर म काठमाडौँबाट गएँ र मेरै भनाइमा बद्रीविशाल पोखरेल इटहरीबाट सामेल हुनुभयो । हामीले पारिजात काठमाडौँ आउनुपूर्व बसेका, खेलेका र पढेका विद्यालय, वासस्थान मात्र होइन, उहाँका व्यति वेला जीवित धेरै आफन्तहरूलाई भेट्यौँ । उहाँहरूसँग आफ्ना जिज्ञासा राख्यौँ । त्यसको तयारी मैले काठमाडौँबाट नै गरेको थिएँ । पारिजातका आफन्तसँगको भेटमा हामी पारिजात जन्मेको कोठा (क्वाटर) मा बस्यौँ, उनी जन्मेको खबर हजुरआमा-बुबालाई जानकारी दिन गएका मानिस मात्र भेटेनौँ, खेल्ने तथा पढ्ने साथी, डुलाएर हुर्काउने मामा, पहिला स्कुलको हेडमास्टर, ठुलीआमा, दाइ, उनले पढेका विद्यालय सबै हेर्‍यौँ । त्यहाँबाट पाएका नयाँ तथ्य तथा अवलोकनले हामीलाई उत्साहित बनायो । त्यसपछि आफ्नै पिताले छोरीको जन्ममिति लेखी सुरुमा विद्यालय भर्ना गर्दा सही गरेको प्रमाण लियौँ । त्यहाँ हामीलाई साहित्यकार बिन्द्या सुब्बा, इन्द्रबहादुर राई, प्रेम प्रधान, रविलाल अधिकारीलगायतका साहित्यकार र आफन्तहरूले सही तथ्यको जानकारी दिएर ठुलो गुन लगाउनुभयो । हामीले इन्द्रबहादुर राईको अन्तर्वार्ता पनि लियौँ । यसरी 'एक पन्थ दो काज' गर्दै नर्थ बङ्गाल युनिभर्सिटीको गेस्ट हाउसमा बसेर पुस्तकालयमा अध्ययन गरी फर्क्यौँ । त्यसले पारिजातको जन्म वि.सं.१९९० साल फागुन ३० गतेमा भएको प्रमाणदेखि धेरै नयाँ र सत्यकुरा बाहिर आए । यसबाट उनको लेखन, प्रेमजीवन, घटना-दुर्घटना र त्यसको मानसिक प्रभाव तथा प्रस्तुतीकरणमा देखिएको प्रवृत्तिगत भिन्नतालाई केलाउन र पस्कनमा बल पुग्यो ।

***अच्युत : तपाईँको विचारमा समाज र साहित्यको सम्बन्ध कस्तो हुन्छ ?***

**डा.घिमिरे**: साहित्य र समाजको सम्बन्ध धेरै रूपबाट प्रस्तुत भइरहेको देखिन्छ । त्यसलाई समाजशास्त्रीय दृष्टिकोण, मनोविश्लेषणात्मक दृष्टिकोण, समाजको प्रतिविम्ब (ऐना) मान्ने दृष्टिकोण आदिबाट पनि हेर्न सकिन्छ । कतिपयले रेमन्ड विलियम्सले भनेझैँ भावको संरचनाका आधारमा वा लावेन्थलले भनेझैँ अर्थको मर्म पहिचान गर्ने सन्दर्भका आधारमा समाज र साहित्यको सम्बन्ध हेरेको पाइन्छ । वस्तुतः यी दुई रूपलाई समाजको प्रतिविम्ब मान्ने अथवा लेखकको सामाजिक सन्दर्भका दृष्टिले केलाउने, यी दुई समाजशास्त्रीय दृष्टिकोणबाट सम्बन्ध हेरिन्छ । सामाजको ऐनाका रूपमा साहित्यलाई अन्योन्याश्रित सम्बन्ध भएको मान्ने र 'साहित्य दर्पण' (विश्वनाथले) कृति लेख्ने हाम्रो पूर्वीय मान्यता सशक्त रूपमा रहे तापनि लेखक, पाठक र स्थायित्वको प्रतिमानलाई आधार बनाएर पनि समाज र साहित्यको सम्बन्ध स्वीकार गरिन्छ । मलाई समय, सन्दर्भ तथा परिवेशका आधारमा लेखकले

समाज रूपान्तरणका लागि अवलम्बन गर्ने सामाजिक दृष्टिकोण उपयुक्त लाग्दछ । कृति वा लेखकले पाठकको मन-मस्तिष्कलाई तरङ्गित पार्दै विषय र शैलीको समीकरणद्वारा सामाजिक समीकरणमा लाने सम्बन्ध नै राम्रो हुन्छ भन्ने लाग्दछ ।

***अच्युत : सृजनाकर्म (साहित्य लेखन) र व्यवहारलाई कसरी सन्तुलनामा राख्नुभएको छ ?***

**डा. घिमिरे**: सफल मानिसको पछाडि एउटी असल नारीको विशेष भूमिका हुन्छ भन्ने कुरा धेरैले अङ्गीकार गर्दछन् । म त्यसबाट पृथक् छैन । मलाई घरायसी धेरै व्यवहारबाट मुक्ति दिने र आफ्नो कर्ममा लागिरहन उत्प्रेरित गर्ने उनी छन् । बाहिरी व्यवहार थोरै त्यसमा पनि जानेका केही मैले मिलाउने प्रयत्न गरेको हुन्छु । सृजनात्मक धेरै काम मैले गर्न चाहँदा पनि सकेको छैन । मैले सृजना गरेकाजति सबै रचना सङ्ग्रहका रूपमा प्रकाशित पनि हुनसकेका छैनन् । मैले व्यवहारलाई सन्तुलनमा राख्ने प्रयास मात्र गरेको छुजस्तो लाग्दछ ।

***अच्युत : समालोचना र सृजना केका लागि गर्नुहुन्छ ?***

**डा. घिमिरे**: मैले आजसम्मका समालोचना, परिवेशीय आवश्यकता वा पाठकको सन्तुष्टिका लागि गरेको हुन्छु । समयको माग समालोचनाको आधार हो तर मेरो विचारमा यो कठिन कार्य हो । पहिला कृतिलाई पढ, त्यसले अँगालेको सिद्धान्त कुन, विधि र पद्धतिमा प्रस्तुत भएको छ ? त्यसलाई बुझ । त्यसपछि त्यसले प्रदान गरेको विषय विधागत वा प्रवृत्तिगत दृष्टिले कति उपयुक्त छ भन्नेलगायतका धेरै कुरा गर्भमा राखी विश्लेषणसहित मूल्याङ्कन गर्नुपर्ने भएकाले काम गर्न सजिलो लाग्दैन । अहिले समालोचना भनेर बजारमा आएका धेरै लेखमा सबै कुरालाई ध्यानमा राखेको पाइँदैन । वर्तमानमा समालोचना मूलतः तीन रूपमा प्रस्तुत भएको देखिन्छ : एकनिष्ठ, तर्कनिष्ठ र श्रेष्ठ अथवा कनिष्ठ, गरिष्ठ र वरिष्ठ ।

**पहिलो** समालोचना थोरै सिद्धान्त वा पद्धति पढेको तर पचाउन वा सहजीकरण गर्न राम्ररी नसकेको, एउटा विषयमा मात्र ध्यान दिएर लेखिएको एकनिष्ठ समालोचना हो । यसलाई रचनाको सामान्य विश्लेषण भन्न सकिन्छ । वस्तुतः अहिले धेरैबाट लेखिएका समालोचना यसैमा समाहित हुन्छन् । **दोस्रो**– तर्कनिष्ठ वा गरिष्ठ समालोचना हो । यो कुनै विशेष सिद्धान्तको तर्कमा आधारित रहेर धेरै गारोसित गरिने गरिष्ठ समालोचना हो । यसले विषयको व्यापकतालाई उत्खनन गरेको हुन्छ । यस्ता केही समालोचना पनि भएका छन् । **तेस्रो** तथा महत्त्वपूर्ण श्रेष्ठ समालोचना हो । यसमा थोरै विद्वान्‌बाट थोरै कृतिहरूको बहुआयामिक दृष्टिले समालोचना गरिएको हुन्छ । यसले उपयुक्त विषयलाई उपयुक्त पद्धति र शैलीद्वारा मूल्याङ्कनात्मक मीमांसा गरेको हुन्छ । वास्तविक तथ्यको अन्वेषणद्वारा कृतिगत सत्यको कलात्मक उद्घाटन वरिष्ठ समालोचनामा गरिएको हुन्छ । यस्ता गम्भीर विमर्श गरिएका समालोचना निकै श्रमसाध्य र समय लगाएर गरिएका हुन्छन् । यस्ता समालोचना समाजमा अत्यन्त न्यून मात्रामा पाइन्छन् ।

यस्तै सृजना पनि पाँच प्रकारमा अभिव्यक्त भएका पाइन्छन् :

१. क्षणिक भावको आवेगीय प्रस्तुति २. एककालिक भावको प्रस्तुति ३. सामाजिक यथार्थको प्रस्तुति ४. एकल समाज (थारु, मगर, लिम्बू आदि) र परिवेशको प्रस्तुति ५. सार्वकालिक मानवीय चिन्तन र सञ्चेतनाको प्रस्तुति । मैले गरेका समालोचना र सृजनाले रचना बुझ्न र समाज बुझ्न सजिलो होस् । कृतिको गर्भ र सृजनाको मर्मले पाठकलाई आल्हादित बनाओस् भन्ने ध्येयले गरेको हुन्छु ।

***अच्युतः आफ्ना समालोचनात्मक रचनाले समाजमा कस्तो प्रभाव पारेजस्तो लाग्छ ?***

**डा.घिमिरे**ः सर्वेक्षण नगरेको हुनाले ठ्याक्कै भन्न त नमिल्ला तर प्रतिनिधिमूलक, प्रवृत्तिमूलक र 'मदन भण्डारीका सृजनामा भाषिक चयन र विचलन' (हैमप्रभा, २३, २०८१) लगायत पारिजात, भवानी भिक्षु, लक्ष्मीप्रसाद देवकोटासँग सम्बन्धित नारीवादी प्रवृत्ति, कथागत प्रवृत्ति, शिल्प विधानलगायतका समालोचना पढेर 'खुसी लाग्यो, बधाई छ' भन्ने धेरै पाठकीय प्रतिक्रिया पाएको छु । मलाई यथार्थवादी, जीवनीपरक, मनोविश्लेषणात्मक, उत्तरआधुनिकतावादी, समाजपरक तथा सैद्धान्तिक समालोचना बढी मन पर्छ । समाज चित्रण गर्दा पनि यिनीहरूको प्रशस्त भूमिका देखिन्छ । त्यसैले यिनी र लोकसाहित्यसँग सम्बन्धित समालोचना लेख्ने प्रयास गरेको छु । त्यसले सामाजलाई सकारात्मक प्रभाव पारेजस्तो मलाई लाग्छ ।

***अच्युत : समालोचना र सिर्जना केका लागि गर्नुहुन्छ ?***

**डा.घिमिरे**ः सष्टाहरू धेरैले सृजना स्वान्तः सुखाय अर्थात् आत्म सन्तुष्टिका लागि गरेको भन्दछन् भने केहीले समाजरूपान्तरणका लागि सृजना गरेको मान्दछन् । वस्तुतः समालोचनाले व्यक्ति, कृति वा विषयवस्तुबारे आलोचनात्मक मूल्याङ्कन गरी गुण-दोष विश्लेषण गरेर विषयको गहिराइलाई प्रस्तुत गर्दछ । सृजनामा आत्म-अभिव्यक्ति भए पनि यसले समाजरूपान्तरणका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । मैले समालोचना परिवेशीय आवश्यकतालाई ध्यान दिएर लेख्ने गरेको छु । कतिपय स्थितिमा अनुरोधले र सामीप्यताले पनि आंशिक प्रभाव पार्ने प्रयत्न गर्न सक्छ, तर म त्यसलाई त्यति महत्त्व दिन्न । मैले समालोचना र सृजना साहित्यिक सौन्दर्यको अभिव्यक्तिका लागि गरेको हुन्छु । त्यो कति मात्रामा कसरी भएको छ वा छैन भन्ने कुरा अरू समालोचक वा पाठकले हृदयङ्गम गर्ने कुरा हो ।

***अच्युत : आफूले समालोचना र सिर्जना गर्दा कस्तो कृतिलाई बढी प्राथमिकता दिनुहुन्छ ?***

**डा.घिमिरे**ः पाठकीय दृष्टिले हेर्दा जुन कृतिले मन-मस्तिष्कलाई छोएर धेरै दिनसम्म त्यसको स्मृति गराइरहन्छ त्यस कृतिभित्रका पात्रको व्यवहारले, लेखकीय चिन्तन तथा आकर्षक प्रस्तुतिले पाठकको मन छुन्छ । त्यस्ता कृति वा लेखरचना मेरो प्राथमिकतामा परेका हुन्छन् । उदाहरणका लागि अनूदित आख्यानात्मक कृति '

खबुज'। यस्तै बाँकेको सन्दर्भमा किरण आचार्यको 'अहिल्या' (उपन्यास २०८१), कल्पना पौडेल जिज्ञासुको 'कचहरी' कथासङ्ग्रह, सनत रेग्मीको 'लछमनियाको गौना' (कथासङ्ग्रह २०८१)को 'अजीजा चच्ची'लगायतका कथा तथा कविता, गीत र गजलमा- हरिप्रसाद तिमिल्सिना, चन्द्रावती अधिकारी, कपिल अन्जान, भरतबहादुर रानाभाट, चरित्रा शाह आदि धेरै साहित्यकारका केही विशेष कविता बढी सान्दर्भिक देखिन्छन् । महानन्द ढकालको बुहानले सामाजिक जागरणको जुन दृष्टि प्रस्तुत गरेको छ त्यसले नवीनतालाई वरण गरी सामाजिक यथार्थलाई सघन रूपमा उत्खनन गरेको छ । खगेन्द्र गिरी 'कोपिला', पुष्कर रिजाल, गीता अर्याल, इन्द्रबहादुर भण्डारी, ईश्वरीप्रसाद रिजाल, सुमित्रा न्यौपाने, शशिराम कार्की, गणेशबहादुर जिसी. विष्णुलाल कुमाल, विष्णु पादुका, लेकप्रसाद प्याकुरेललगायतका रचनामा जुन उद्देश्य र लक्ष्यको चित्रण पाइन्छ त्यसले निरन्तर साधनारत रहे अब्बल कृति जन्मने शुभ सङ्केत देखिन्छ । यस्ता धेरै साहित्यकारका कृतिले मन छोए पनि सबैका विषयमा लेख्न मेरालागि असम्भव छजस्तो लाग्छ । सृजनामा भने निबन्ध, कथा, कविता आदिका विषयमा विविधता हुने भएकाले प्रकृति, परिवेश र पात्रको प्रस्तुतिद्वारा सामाजिक तथ्य र साहित्यिक सौन्दर्यमा ध्यान दिने प्रयत्न गरेको हुन्छु ।

**अच्युत**: ***पाठकले तपाईँलाई समालोचक भनेर सम्बोधन गर्दा कतिको गर्व लाग्छ ?***

**डा.घिमिरे**: विद्यालयमा पढाउने शिक्षक, अदालतमा काम गर्ने वकिल, अस्पतालमा काम गर्ने डाक्टर आदिलाई शिक्षक, वकिल र डाक्टर भन्दा जस्तो हुन्छ मलाई पनि समालोचक भन्दा त्यस्तै हुन्छ । आफूले गर्व गर्नेलायकका धेरै काम गर्न सकियो भने त्यो ठिकै होला । नत्र दुई चार कृति लेख्दैमा, केही कथा, कविता, गीत, गजलका विश्लेषणात्मक विमर्श गर्दैमा त्यति धेरै गरेँजस्तो मलाई लाग्दैन । बरु मैले सोचेजस्तो समय पाए, अरू लेख्ने थिएँ । लेखेका कृति प्रकाशन गर्ने थिएँ भन्ने लाग्छ ।

***अच्युतः हामी पाठक कृष्णप्रसाद घिमिरेलाई समालोचकका रूपमा नै चिन्छौँ । प्राध्यापकीय समालोचना (सूत्र समालोचना) र स्वतन्त्र समालोचनाबिचको अन्तर बताइदिनुहोस् न ।***

**डा.घिमिरे**: कुनै विषय, कृति वा विचारधाराको गहन अध्ययन र मूल्याङ्कन गर्ने प्रक्रियालाई प्राध्यापकीय समालोचना भन्ने गरिन्छ । यसमा तथ्याङ्क, तर्क तथा प्रमाणहरूका आधारमा विषयको गुणस्तर, प्रासङ्गिकता र प्रभावलाई उत्खनन गरिन्छ । प्राध्यापकीय समालोचना शैक्षिक अनुसन्धान, साहित्य, कला र अन्य बौद्धिक क्षेत्रमा महत्त्वपूर्ण मानिन्छ । सूत्र समालोचनाले कुनै कुराको गहिरो बुझाइ ग्रहण गर्न र त्यसका आधारमा सही निर्णय लिने आधार प्रदान गर्दछ । साहित्य, दर्शन, विज्ञान र राजनीतिलगायतका विषयको गहिरो बुझाइ हासिल गर्न र सही निर्णय लिने सिपको विकास यसले गराउँछ । स्वतन्त्र समालोचनाले व्यक्तिगत विचार, भावना वा कुनै संस्थाको प्रभावमा नपरी वस्तुनिष्ठ रूपमा मूल्याङ्कन

गर्दछ । यसका केही मुख्य विशेषताहरू हुन्छन् । ती हुन् : वस्तुनिष्ठता, पूर्वाग्रहबाट मुक्ति, तार्किक विश्लेषण, पारदर्शिता र निष्पक्षता । स्वतन्त्र समालोचनाले सत्यता र निष्पक्षतालाई प्राथमिकता दिने भएकाले विषयको सही मूल्याङ्कन गर्न बढी उपयोगी मानिन्छ । यी सबै समालोचनाहरूको प्रयोग विभिन्न सन्दर्भमा गरिने भए तापनि कतिपय अवस्थामा अन्तर्घुलित भएर पनि प्रस्तुत भएका हुन्छन् ।

***अच्युतः तपाईँको विचारमा वास्तविक समालोचना चाहिँ कुन हो ?***

**डा.घिमिरेः** सबै समालोचनाहरूको आआफ्नै स्वतन्त्र अस्तित्व र पहिचान छ । परिवेशीय धरातलअनुसार वस्तुनिष्ठ रूपमा गरिएका सबै समालोचनाहरू नै वास्तविक समालोचना हुन् ।

***अच्युतः अहिलेसम्म नेपाली साहित्यको समालोचनाक्षेत्रमा एकाधबाहेक खाँटी समालोचक नै छैनन् भन्छन् नि ! तपाईँ के भन्नुहुन्छ ?***

**डा.घिमिरेः** यस प्रश्नमा समसामयिक प्रवृत्तिअनुसारको दृष्टिदोष देखिन्छ । आफूले केही नगर्ने, अरू सबैलाई नेपालमा कसैले केही गर्दैनन् भन्ने नकारात्मक प्रवृत्ति भएजस्तै हो । विषयगत, क्षेत्रगत, सिपगत र प्रवृत्तिगत दृष्टिले पनि खाँटी समालोचकहरू धेरै आइसकेका छन् ।

***अच्युतः चाकडी, चाप्लुसी र भनसुनका आधारमा गरिने समालोचनालाई तपाईँ के भन्नुहुन्छ ?***

**डा.घिमिरेः** चाकडी, चाप्लुसी र भनसुनका आधारमा वस्तुनिष्ठ समालोचना आउन कठिन हुन्छ । राम्रा समालोचकहरू यस्ता कुरामा फसेका हुँदैनन् । त्यस्तालाई प्रशस्तिगान पनि भन्न सकिन्छ ।

***अच्युत : तपाईँ आफूलाई कस्तो वर्गको समालोचक ठान्नुहुन्छ ?***

**डा.घिमिरेः** म आफूलाई वर्गमा भन्दा पनि रूप र सारको प्रस्तुति सन्तुलित भएको कृतिलाई बढी मन पराउँछु । सही विषयको छनोट गरी सामाजिक रूपान्तरणको उद्घोष जुन कृतिमा हुन्छ त्यो प्रायः चिरस्थायी हुन्छ । त्यस्ता कृतिको समालोचनाले मलाई आकर्षण गरेको हुन्छ ।

***अच्युतः नेपाली समालोचना साहित्यको आजको अवस्थालाई कुन रूपमा हेर्नुहुन्छ र यो कसरी अगाडि बढ्दै छ ? बताइदिनुहोस् न ।***

**डा.घिमिरेः** आज प्रस्तुत भइरहेका समालोचनाहरू बहुविध प्रकारका छन् । अक्टोपस जीवका खुट्टाहरूजस्तै । कुन हाँगो मूल हो भनेर छुट्याउन कठिन हुन्छ । विश्वबजारमा देखिएको चिन्तनको बहुलताले नै धेरै प्रकारका सृजना वा समालोचनाहरू देखिएका हुन् । यो विषयगत विविधताले जन्माएको चिन्तन हो । यसले हामीलाई धेरै पक्षको ज्ञान दिएर फाइदा नै पुऱ्याएको छ, हानि गरेको छैन । अहिलेको समालोचना मेरो विचारमा गहिराइतिरभन्दा फैलाइतिर लागेको छ । उत्तरआधुनिकताका नवीन पाटाहरूको उद्घाटन भइरहेको छ । स्थिर र मानक रूपमा भन्दा गतिशीलता र निजात्मकतातिर बढी आकर्षित देखिन्छ । नेपाली समालोचना एउटा रुखजस्तै हाँगाबिगा फैलाएर बढिरहेको छ ।

यो अझ फैलिन्छ, झाङ्गिदै जान्छ भन्ने मलाई लाग्छ । लामादेखि छोटासम्मका आकारगत समालोचना आउँदै गर्दा निसमालोचना आउन थालेका छन् । समालोचनाको मर्मभन्दा निबन्धात्मक र निजात्मक मर्म प्रकटीकरण हुन थालेको देखिन्छ।

***अच्युतः पाठकहरू कृष्णप्रसाद घिमिरेको लेखन अरूकोभन्दा फरक छ भन्छन् नि ! तपाईँको लेखनमा भएका ती फरकपनाहरू चाहिँ केके हुन् ?***

**डा.घिमिरेः** यस प्रश्नको उत्तर ती पाठकहरू वा समालोचकलाई नै सोधे बढी राम्रो हुन्थ्यो होला । मलाई सोध्नुहुन्छ भने म जुन विषय, कृति र प्रवृत्तिमा केन्द्रित रहेर समालोचना लेख्छु । त्यसमा के नवीनता छ र त्यसलाई सर्जकले कसरी प्रस्तुतीकरण गरेको छ ? भन्नेतिर पनि ध्यान दिने प्रयास गरेको हुन्छु । सायद त्यही कुरालाई पाठकले सङ्केत गर्नखोज्नुभएको होला । कविता, गीत र मुक्तक भए शब्द संयोजनबाट देखिएको लालित्य, आख्यान भए प्रकृतिको मानवीकरण र मानवजीवनको सहज उद्घाटन; निबन्ध, जीवनी र संस्मरण भए भाव र विचारको सम्मोहनमा भाषिक कला कसरी आएको छ ? त्यसलाई पनि सङ्केतात्मक रूपमा प्रस्तुत गर्ने जमर्को गरेको हुन्छु । गुरुप्रसाद मैनालीको कथाकलालाई 'विन्दुमा सिन्धु' समेटेर लेख्ने भनी पहिलो समीक्षा गरेजस्तै मदन भण्डारी, विपी कोइराला, पारिजात, देवकोटा, भिक्षु, इन्द्रबहादुर राई, ललिता दोषी मात्र होइन, अहिलेका स्रष्टाका भाषिक सिपलाई पनि हेरेको छु । लोकसाहित्यका लोकगीत र लोककथामा पनि कालीगण्डकीमा शालिग्राम खोजेजस्तै सृजनामा पाइने सूक्तिमय दक्षतालाई पनि हेर्ने प्रयास गरेको हुन्छु । त्यही कुरालाई पाठकले फरकपना भन्नुभएको हो कि ?

***अच्युतः सरकारी स्तरबाट (राज्य व्यवस्थाबाट) साहित्य र साहित्यकारलाई हेर्ने दृष्टिकोण कस्तो पाउनुभएको छ ? तपाईँको धारणा बताइदिनुहोस् न।***

**डा.घिमिरेः** सरकारले नीति, विधि र प्रक्रिया समुन्नत बनाउने सोच राखे तापनि सरकारमा रहने प्रमुख व्यक्ति फेरिइरहँदा विविधता देखिएको छ । राज्यले संस्कृति सहचरी (विदेशमा तथा स्वदेशका प्रत्येक गाउँपालिका वा नगरपालिकामा) राखेर त्यहाँका संस्कृतिको संवर्धन, पर्यटनवृद्धिबाट आर्थिक लाभ, सामाजिक शान्ति र सद्भाव तथा आपसी समझदारीको प्रवर्धन गरी सहअस्तित्वको भावना बलियो बनाउनेतिर लाग्नुपर्छ । सोचेर बस्ने होइन, गरेर देखाउने प्रवृत्तिको विकास हुनथाल्यो भने राम्रै होला।

***अच्युतः समग्रमा आजको नेपाली साहित्यको अवस्था कस्तो देख्नुभएको छ ?***

**डा.घिमिरेः** आजको नेपाली साहित्यले विश्वमानव समुदायलाई झकझोर गराउन सकेको छैन। यसका दुई कारण छन्। पहिलो नेपालीका राम्रा कृतिहरू हिन्दीलगायत विश्वका अरू भाषामा अनुवाद नहुनु, दोस्रो साधनास्थल र साधकका श्रमको समुचित मूल्य नदेखिनु । प्रकाशनपूर्व व्यक्तिको सृजना, रामरी केलाएर परिमार्जनपछि मात्र प्रकाशन गर्ने हो भने त्यसले पाठकको समय र रुचि दुबैलाई बढाउँछ । सरसरी

लेखेर परिमार्जनविना प्रकाशित भएका कृति पढ्दा त्यसले पाठकमा अरूचि बढ्छ र सृजनाको मर्म मुखरित हुँदैन । कृति धेरै प्रकाशित भइरहेका छन् । साधकहरू पनि छन् । परिमार्जन र परिष्कृत गर्ने संस्था नहुँदा पाठकले खोजेजस्तो साहित्य न्यून पाइन्छ । धेरै पाउन सकेका छैनन्जस्तो लाग्छ। नराम्राबाट छानेर राम्रा कृति लिनुपर्ने अवस्था छ।

***अच्युतः साहित्यमा देखिएका विभिन्न गुटउपगुटबारे तपाईँलाई केही भन्नु छ ?***

**डा.घिमिरेः** नेपाली साहित्यमा भौगोलिक एकता, विचारधारात्मक समता तथा कार्यगत प्रवाहमयताले गर्दा धेरै गुट भएजस्तो देखिन्छ। झापा जिल्लाका मानिसहरू भेट्दा देखाउने सन्निकटता एक प्रकारको हुन्छ भने अन्य जिल्लावासीको पनि त्यस्तै हुन्छ। यो स्वाभाविक प्रक्रिया हो । प्रगतिशील चिन्तन बोक्नेहरूले गैरप्रगतिवादीका मनोभाव मन नपराउने र समाज रूपान्तरणको चाहना राख्नु नयाँ कुरा होइन । कतिलाई ठुलाले दबाएको र आफूले सानालाई दबाउनु नै राम्रो लाग्छ होला । समानताका पक्षधरहरूलाई यस्ता कुरा मन पर्दैन । उनीहरूले सबैको अस्तित्व र पहिचान खोज्छन् । जे खोज्छन् र रोज्छन् त्यही साहित्यमा पोख्छन् । त्यसैले 'कुण्ड कुण्ड पानी, मुण्ड मुण्ड बुद्धि' भनिएको हो । हामीले मानवोत्थानको पक्ष रोज्छौँ वा यथास्थितिवादीको ! त्यसबाट बढी कित्ताकाट हुन्छ । ससाना कुरामा गुट उपगुटमा बाँडिएर होहल्ला गर्नु राम्रो होइन । नेपाल र नेपालीको अस्तित्व, विचारको सन्निकटता, संस्कृतिको संरक्षण र 'बहुजन हिताय'लाई केन्द्रमा राखेर गरिने विमर्शलाई उपयुक्त मानिन्छ र "गाउँ फुटे अरूले लुटे" भएर साहित्यमा देखिनु राम्रो लाग्दैन।

***अच्युतः नेपाली साहित्यमा गुणात्मक लेखन लेखिरहेका स्रष्टाहरूका नाम लिनुपर्दा ककसको नाम लिनहुन्छ र किन ?***

**डा.घिमिरेः** नेपाली साहित्यमा अथक साधना गर्दै निरन्तर लेखिरहने स्रष्टा थोरै हुनुहुन्छ । केही समय लेख्ने, केही समय अस्ताउने, फेरि लेख्ने केही हुनुहुन्छ भने थोरै समय लेख्ने र तत्काल फाइदा नभेटेपछि बिलाउने पनि धेरै हुनुहुन्छ । गुणात्मक लेखनमा पनि कवितामा, आख्यानमा, नाटक र निबन्धमा बेग्लाबेग्लै हुनुहुन्छ । सबैको नाम लिनुभन्दा प्रवृत्तिका दृष्टिले सकारात्मक चिन्तनलाई प्रश्रय दिएर भाव र भाषाको सुन्दर संयोजन गरी चिरस्थायी रचना सृजना गर्ने स्रष्टाहरू नै मेरो मन-मस्तिष्कमा विराजमान हुनुहुन्छ । विधागत र प्रवृत्तिगत समालोचना लेख्दा मैले ती व्यक्तिहरूको नाम मेरा 'अनुसन्धानात्मक समालोचना (२०६९) र 'समय सन्दर्भका समीक्षा (२०६९) दुबै कृतिमा लेखेको छु।

***अच्युतः तपाईँको विचारमा स्रष्टा र द्रष्टाबिच के अन्तर छ ?***

**डा.घिमिरेः** पहिला स्रष्टा र द्रष्टा भनेको के हो ? त्यो बुझ्न आवश्यक हुन्छ । जसले केही सृजना गर्छ त्यसलाई स्रष्टा भनिन्छ । उनीहरूले कविता, कथा, उपन्यास मात्र होइन कुनै विचार, वस्तु वा कलालाई कल्पना

गरेर मूर्तरूप दिएका हुन्छन् । द्रष्टाले सिर्जित सृजना वा वस्तुको अवलोकन तथा अध्ययन गर्छन् र स्रष्टाका कार्यको विश्लेषण गरी मूल्याङ्कनद्वारा समीक्षात्मक दृष्टिकोण व्यक्त गर्दछन् । त्यसैले स्रष्टा र द्रष्टाका बिचमा वस्तुतः दृष्टिकोण र कार्यको भूमिकामा भिन्नता हुन्छ । यी दुबैका भूमिकाहरू परस्परमा सम्बन्धित पनि हुन्छन् । स्रष्टाविना द्रष्टाको धारणा अधुरो हुन्छ भने द्रष्टाविना स्रष्टाको मूल्याङ्कन र सम्मान सम्भव हुँदैन ।

***अच्युत : नयाँपुस्ताका स्रष्टाहरूलाई केकस्ता सल्लाह र सुझावहरू दिनुहुन्छ ?***

**डा.घिमिरेः** अहिले सूचना तथा प्रविधिको विकासले समाजमा चिन्तन र चेतनाको विस्फोटन भइरहेको छ । यस्तो वेलामा ' मियोविनाको दाइँ हुनु' नौलो कुरा होइन । त्यो मियो विचारको, नैतिकताको, विधि वा पद्धतिलगायतको मानक हुनसक्छ । कुनै मानकलाई केन्द्रमा राखी मियो बनाएर दाइँ गर्दा काम छिटो र सजिलो हुन्छ। नयाँपुस्ताका स्रष्टाले आफ्नो निरन्तर साधनाबाट सिपलाई तिखारेर कुनै मानकमा बाँधिदै रचना प्रस्तुत गऱ्यो भने त्यो आफू र समाज दुबैका लागि हितकर हुन्छ । राम्रो काम नै भविष्यको नाम र दाम हो । 'फूलको बास्ना वरिपरि, मानिसको बास्ना डाँडापारि' भन्ने भनाइ त्यतिकै चलेको होइन । स्रष्टाको सृजना, समाज र चिन्तनको सेतु बनेर देखिनुपर्छ । जुन स्रष्टाका रचनाले मानिसको व्यवहार र चेतनालाई च्याप्प समातेर सुन्दर शब्दावलीमा पस्कँदैन त्यो रचना श्रेयस्कर हुँदैन भन्ने विद्वान्हरूको धारणा छ । त्यसैले राम्रा साहित्यकारका रचना छानेर मात्र पढ्दै कुरीति र कुसंस्कारको फोहोर फालेर सामाजिक रूपान्तरणको यात्रामा आफ्ना रचना पस्कनु नै उचित हुन्छ भन्ने सल्लाह दिन चाहन्छु।

***अच्युतः तपाइँले भन्नै पर्ने, मैले सोध्न छुटाएका साहित्यसम्बन्धी कुराहरू पक्कै होलान् । त्यस्ता कुराहरू सङ्क्षेपमा बताइदिनुहोस् न ।***

**डा.घिमिरेः** मेरा सृजनासम्बन्धी प्रश्न, लोकसाहित्यको ह्रासोन्मुख अवस्थामा त्यसको सङ्कलन तथा संरक्षणको प्रश्न, पारिजातको आख्यानमा केन्द्रित रही विद्यावारिधि गरेको हुनाले त्यससम्बन्धी प्रश्न र सृजनाले मानिसलाई कसरी उत्प्रेरित गरेको हुन्छ भन्ने प्रश्न पनि राख्न सकिन्थ्यो होला । ती कुराहरू आउँदै गर्लान् । एकै पटकमा सबै विषयलाई समेट्न सम्भव पनि हुँदैन । प्रकृति गतिशील भएजस्तै साहित्य पनि गतिशील र परिवर्तनशील भइरहन्छ । व्यक्ति, समय र देशअनुसार स्रष्टाले उद्घाटन गर्ने मानवीय सञ्चेतना सबल छ भने त्यो चिरस्थायी हुन्छ । त्यही शाश्वत् सत्यलाई समालोचकले समालोचना गरी मूल्यनिर्धारण गर्दछ । यो प्रक्रिया कहिले केही शिथिल हुन्छ भने कहिले जागरुक बनेको हुन्छ । पछिल्लो समयमा सृजना तथा समालोचना द्रुत गतिले अगाडि बढेको पाइँदैन । यसलाई समाजमुखी तथा जनहितकारी बनाउन र युगान्तकारी रचना सृजना गर्न राज्यले तालिम तथा वरिष्ठ साहित्यकारलाई उत्प्रेरित हुने वातावरणको

निर्माण गर्नुपर्दछ । अरू यहाँका जिज्ञासा उपयुक्त छन् र तिनको यथासम्भव उत्तर मैले दिएको छु । पाठकहरूले पढी कुनै जिज्ञासा भए मेरो इमेल krishnaprasadghimire@gmail.com मार्फत सम्पर्क राख्न अनुरोध गर्दछु । स्रष्टाले गरेका सृजनालाई परिमार्जनपछि मात्र प्रकाशन गर्ने व्यवस्था गरी राष्ट्र, राष्ट्रियता तथा स्वाभिमान जगाउने एवम् बोलेर होइन, गरेर देखाउन उत्प्रेरणा दिने रचनालाई राज्यले महत्त्व दिनुपर्छ । ती रचनाले मानवीय सञ्चेतना बढी जागृत गराउने छन् भन्ने मैले आशा लिएको छु ।

***अच्युतः व्यस्तताका बाबजुद लामो संवाद गर्ने समय दिनुभयो, त्यसका लागि हार्दिक धन्यवाद व्यक्त गर्दछु, आभार प्रकट गर्दछु ।***

**डा.घिमिरेः** दुई दशकभन्दा लामो समयदेखि अविच्छिन्न प्रकाशित भइरहेको साहित्यिक पत्रिका 'शब्द संयोजन'का तर्फबाट यो संवादको अवसर प्राप्त भएको र आफ्ना धारणा सार्वजनिक गर्नपाएकोमा तपाईँ तथा पत्रिकापरिवारमा मेरो तर्फबाट पनि हार्दिक धन्यवाद छ ।

**❑ कविता**



**❖ रजनी खत्री**

# भुलिदिनू तिमीले मलाई

भुलिदिनू तिमीले मलाई
मैले गरेका राम्रा, मिठा वचन
भुलिदिनू तिमीले ।
सम्झनु मात्र मैले गरेका
नराम्रा व्यवहार र तिखा वचनहरू तिमीले
किनकि यसले
तिमीले मलाई भुलाउन सहज बनाउने छ ।
नत्र याद बनेर तिम्रा मुटुमा सदा सदा
बिझाइरहनेछु काँडा बनेर
मलाई कसैको मनको काँडा बन्नु छैन ।
कसैको आँखाको कसिङ्गर बन्नु पनि त छैन
बस्नु छ त केवल उसैको मनमा
सधैँ सधैँ एक्लै राज गरेर
जसले म र मेरा भावनाको कदर गरोस्
मैलेभन्दा धेरै मेरो मनलाई बुझोस्
म नबोल्दा पनि मेरो पीडा मौनताले बुझोस्
अनि भनोस् तिमी ढुक्कसँग बोल
मनको सारा पिरव्यथा खोल म सुनिदिन्छु
म बुझिदिन्छु तिम्रो सारा पीडा
कतै बुझिनछु भने सँगसँगै रोइदिउँला
बुझ्न थालेँ भने सँगसँगै हँसाएर हाँसिदिउँला
गर्नुपर्ने ठाउँमा सकेको सहयोग गरौँला
जिन्दगीको यात्रा अब मिलिजुली यसरी नै गरौँला
जिन्दगीको यात्रा अब यसरी नै गरौँला ।



❖ **केशवमोहन पाण्डेय**
*भारत*

# मेरो कविता

अन्तरको युद्ध
सिद्धार्थ या बुद्ध
दुबै लडाइँ गर्छन्
अनि जसले जित्छ
उसैले लेख्छ
मेरो कविता।

विचार र व्यवहारमा
गरिबीका चाडपर्वमा
हुन्छ अन्तरमा युद्ध
अनि जसले जित्छ
उसैको साथमा हिँडिदिन्छ
मेरो कविता।
रोगमा, रागमा
औषधिमा, फागुमा
पछ्यौरीको अवाञ्छनीय दागमा
जसले असहनीय पीडा दिन्छ
उसैबाट जन्मिन्छ
मेरो कविता।

मेरो एक्लोपनमा
अशान्त मनमा पनि
मुस्कान अङ्कित गरिदिन्छ
मूक पाषाणमा
दुनियाँभरिको आह्लाद भरिदिन्छ
अनि लगाउँछ काउकुती
त्यही सङ्गिनी हो
मेरी कविता।

*(हिन्दीबाट अनुवादः सुमी लोहनी
भाटभटेनी, काठमाडौं नेपाल)*

## सर्जकहरूमा सादर अनुरोध

कृपया अन्य पत्रपत्रिका, अनलाइन पत्रिका, फेसबुक आदिमा प्रकाशनका लागि नदिइएका र कतै पनि प्रकाशित नभएका प्रकाशनयोग्य सिर्जना मात्र सम्पादनको अधिकारसहित 'शब्द-संयोजन' साहित्यिक मासिक पत्रिकामा प्रकाशनार्थ पठाउनुहुन सादर अनुरोध गरिन्छ । यस पत्रिकामा प्रकाशनार्थ पठाइएका सिर्जना अन्यत्र प्रकाशन गर्नुपर्ने भएमा सूचना दिएर मात्रै प्रकाशन गर्नुहुन हार्दिक अनुरोध गरिन्छ।

*– शब्द-संयोजन परिवार*

# सबसे बडा रोग



❖ डा. प्रेमराज सिलवाल

रात जति नै अँध्यारो र लामो भए पनि बिहान हुन्छ । बिहानको उज्यालो प्रकाश र सूर्यका किरणले प्रत्येक दिनलाई नयाँ सम्भावना तथा अवसरको रूपमा लिएर आएका हुन्छन् । जाडोपछि गर्मी आउँदछ । वर्षापछि शरद ऋतु आउँछ । हिउँद सुरु हुन्छ । एउटा सीमासम्म मात्र गर्मी, जाडो, चिसो, वर्षा र धुपको अवस्था हुन्छ । पृथ्वीमा अस्तित्वमा भएका सबैका सीमा छन् । मानिस, प्राणी, जीव, वनस्पतिदेखि लिएर प्रत्येक वस्तुको सीमा छ । आकाश छुन हिँडेको बाँस केहीसमयपछि नुहिन्छ । बढेको बढ्यै गर्ने अधिकार कसैलाई छैन । प्रकृतिको पनि सीमा भएकाले नै जहिल्यै गर्मी हुँदैन । गर्मीमा जमिनको पानी बढी बाफ भएर आकाशमा पुग्दछ । जमिन र समुन्द्रको पानी बाफ भएर बादल बन्दछ । बादलमा पानी भरिएपछि पानीको वर्षा हुन्छ । प्रकृतिले यो क्रम निरन्तर चलाएको हुन्छ त्यसैले सधैँ गर्मी र जहिल्यै जाडो मौसमको अनुभव गर्नुपर्दैन । जहिल्यै वर्षा हुँदैन । सुरु हुने कुराको अन्त्य छ । एउटा सीमासम्म मात्र सबैको अस्तित्व, नाम र शक्ति हुन्छ ।

हिमालको हिउँ पग्लिएर आउने पानीको पनि सीमा छ । मूलको पानीको नाम, अर्थ र सीमा खोल्सीसम्म हो । खोल्सीहरूको सीमा ठुलो खोलासम्म हो । खोलाको सीमा ठुलो नदीसम्म मात्र रहन सक्दछ । नदीहरू समुन्द्रमा मिसिएपछि मूल, खोल्सी, खोला र नदीहरू सबैले आआफ्नो नाम, पहिचान र स्वभाव गुमाउँदछन् । मूलको स्वभाव सानो भएर तुरतुर गर्दै अघि बढ्नु हो । खहरे खोलाको कुनै भर र ठेगान हुँदैन । खहरे मान्छे र खहरे खोला उस्तै उस्तै हुन् । मूल सानो भए पनि निरन्तरताले लक्ष्यमा पुग्दछ । खोलामा पुगेपछि अनेकौँ मूलहरू बलिया हुन्छन् र आबाज निकाल्न थालिहाल्दछन् । ठुला खोला र नदीमा ती सबै मिसिएपछि त्यसको रूप, तागत, शक्ति, ऊर्जा र हैसियत बदलिन्छ । तागत, शक्ति र हैसियतको पनि सीमा भएकाले जहिल्यै उस्तै अवस्था नभएको हो ।

मानिसको पनि तागत, शक्ति र हैसियत बदलिन्छ । सधैँ उही शक्ति कसैको हुँदैन । बालक, वयस्क, युवा र वृद्ध अवस्थामा तागत र शक्ति बदलिएका हुन्छन् । हैसियत तथा सामाजिक प्रभाव चाहिँ परिपक्व युवा र प्रौढ अवस्थामा बढ्न सक्ने अवस्था हुन्छ । तथापि सबैको प्रभाव बढ्न सक्दैन । प्रभाव र शक्ति

बढाउने तथा घटाउने अचुक उपाय मानिस स्वयम्सँग रहेको दृढ इच्छाशक्तिमा हुन्छ । मानिसलाई समाज, राज्य र कार्यले शक्ति, पद र प्रभावकारी बनाउन सक्दछन् । समाजले दिने सम्मान, नाम, प्रतिष्ठा दिगो हुन सक्दछ । राज्य वा औपचारिक संस्थाले दिने पदको आयु लामो हुँदैन । औपचरिक पद त्यसको औचित्य सकिएपछि सकिन्छ । अनौपचारिक र सामाजिक सम्मान चाहिँ बाँचुञ्जेल मात्र होइन मृत्युपश्चात् समेत बाँच्न सक्दछ ।

विश्वमा त्यस्ता धेरै मानिस रहे जसको सामाजिक र सार्वजनिक नाम, प्रतिष्ठा र विचारका कारण शताब्दीऔँसम्म पनि मानिस र समाजले चिनेका हुन्छन् । नेपालका गौतम बुद्धलाई संसारले चिन्यो । उनको मानवीयता, शान्ति, मानव मूल्य र नैतिक चरित्रको दर्शनलाई समाजले लियो र पचायो । आफ्ना बाबु, हजुरबा, हजुरआमाहरूको नाम, तस्बिर र कार्य नचिन्नेहरू समाजमा धेरै भेटिन्छन् । तिनले पनि गौतम बुद्धको तस्बिर र दर्शन सहजै थाहा पाउन तथा अनुभव गर्न सक्दछन् । विचार, दर्शन, ज्ञान र समाजउपयोगी कार्यका कारण त्यस्तो भयो । बुद्धलाई सुरुमा दरबारको सुख र सयल छोडेर जङ्गल गएको भनेर कटु आलोचना गर्ने र त्यस्तो निर्णय सच्याउन भन्नेहरू त्यति वेला पनि थिए । तथापि बुद्धले समाजको रोगी मानसिकता स्वीकार गरेनन् । आफ्नो निर्णयमा दृढ रहे । यही कारण उनी विश्वमा चिनिए र पुजिए । रुसी लेखक लियो टोस्टोय एउटा धनी परिवारमा जन्मेका थिए । उनलाई भौतिक सुख र सुविधाको कमी थिएन तर पनि उनको विचार, दर्शन र मान्यताले 'सिम्पल लिभिङ, हाइ थिङ्किङ' रोज्यो । उनले असङ्ख्य कृति, कथा, लेख र रचनाहरूको सिर्जना गरे । उनीद्वारा सिर्जित एउटा कथामा एउटा प्याखोब पात्र सामान्य परिवारको किसान हुन्छ । प्याखोबलाई आफ्नो खेतबारी, घर र सम्पत्तिले सहजतापूर्वक जीवन धानेकै थियो । तथापि ऊ अति लोभी हुन्छ । उसको घरनजिक भोल्गा नदी हुन्छ । भोल्गाको पारिपट्टि विशाल फाँट र जमिन रहेको देखेपछि प्याखोबको लोभी मनमा पाप पलाउँदछ । उसले त्यो रसिलो, मलिलो र ऊर्वर जमिनसमेत आफ्नो बनाउने सोचेर भोल्गा पार गर्छ । त्यो जग्गा चाहिँ आदिवासी वनमान्छेहरूको अधिनमा रहेको हुन्छ । उसले आदिवासीको नाइकेलाई गएर भेट्छ । आफूलाई त्यो जमिन चाहिएको कुरा गर्छ । नाइकेले पनि जमिन चाहिएको भए लिए हुन्छ भन्ने आदेश गर्दछ । कति जमिन चाहिएको हो त्यो भागसम्म काठ गाडेर चिनो लगाउनु भन्ने नाइकेको भनाइ आएपछि प्याखोबमा अझ बढी लोभ, स्वार्थ र घमन्ड पलाउँदछ । त्यसपछि प्याखोब दौडन थाल्दछ । अति धेरै लोभको कारण धेरै नै दौडेको हुन्छ । अत्यधिक दौडले उसको मुटुले कार्य गर्नसमेत नसक्ने अवस्था भएपछि लोभी प्याखोब त्यहीँ ठाउँको ठाउँ घर्लप्प ढल्न पुग्दछ । त्यसपछि उसको तत्कालै मृत्यु हुन्छ । मरेको लोभी प्याखोबको लासलाई

आदिवासीहरूले त्यहीँ ६ फिट लामो र ३ फिट गहिरो खाडल खनेर पुरिदिन्छन् । आखिर मानिसलाई कति सम्पत्ति चाहिने रहेछ ? जीवनमा कति सम्पत्ति भएपछि मानिस सन्तुष्ट बन्दछ ? वास्तवमा अति आशक्ति र लोभ जहिल्यै हानिकारक हुने रहेछ भन्ने उक्त टोल्स्टोयको रचनाले बोलेको छ । लेखकले जस्तो लेखे उनको निजी स्वभाव, विचार र दृष्टिकोण पनि त्यस्तै थियो । उनले जीवनभर सादा जीवन बिताए । उनलाई पनि मूर्ख भन्नेहरू थिए । धन, पद र पैसाको पछि लाग्न भन्नेहरू धेरै थिए । लेखकले अरूले के भन्दछन् भन्ने कुरा कहिल्यै सोचेनन् ।

यता भारतका स्वतन्त्रता सेनानी महात्मा गान्धीमा पनि टोल्स्टोयको विचारको प्रभाव देखिन्थ्यो । गौतम बुद्धको प्रभाव टोल्स्टोयमा देखियो भने गान्धीमा ती दुबैको समान प्रभाव झल्कन्थ्यो । गान्धीलाई शक्तिशाली अङ्ग्रेजसँग पङ्गा नलिन बरु उनीहरूसँग सौदाबाजी गरेर ठुलो पद, प्रतिष्ठा, पैसा र हैसियतमा बस्न भन्ने सल्लाह बढी नै आएका थिए । गान्धीले यति सामान्य जीवन बिताए कि जतिले मानिस बाँच्न सक्दछ । त्यसैले त उनी गान्धी भए । लोभ र स्वार्थमा परेर अरूको लहैलहैमा लागेको भए 'करमदास' मात्र हुने थिए । उनको प्रभाव विश्वभर पऱ्यो । गान्धीको सकारात्मक प्रभाव अमेरिकी अभियन्ता डा.मार्टिन लुथर किङमा पनि परेको प्रस्ट देखिन्थ्यो । उनले अधिकारप्राप्तिको लडाइँमा हिँसा, हत्या र आक्रमण बर्जित गरिदिए । उनलाई पनि ' शान्तिबाट अधिकार नपाइँने भन्दै हिँसा नै गर्नुपर्ने' सुझाव दिनेहरू धेरै थिए तर बुद्ध, टोल्स्टोय र गान्धीको विचार, दृष्टिकोण र ज्ञानबाट उनी डगमग भएनन् । हवाइजहाजको निर्माण गर्ने राइट दाजुभाइलाई पनि समाजले बहुलाहा भनेको थियो । तिनले आफ्नो मन, निर्णय, विचार र दृष्टिकोणलाई सुने ।

समाजमा अर्काको कार्य, कर्म, क्रिया र कार्यशैलीको आलोचना र बदख्वाइँ गरेर नथाक्नेहरू बग्रेल्ती पाइन्छन् । जसले जे गरे पनि तीव्र विरोध र आलोचना गर्नेहरूको समाजका बोलवाला हुन्छ । उनका तर्क, सुझाव र हस्तक्षेपबाट तर्सिने तथा प्रभावित हुने हो भने मानिसले केही पनि गर्न सक्दैन । विचार, लक्ष्य, कार्य र सोचमा दृढता भएन भने अघि बढ्न सकिँदैन । आफूले गरेका कार्यमा अर्काले के भन्छ भन्ने सोच प्रगतिको बाधक विचार हो । जसले मानिसलाई अघि बढाउन सक्दैन । शरीरमा लागेका अनेक प्रकारका रोगको उपचार औषधी विज्ञानले गरिसक्यो । मानिसको मुटु, केलेजो र मृगौला फेर्न सकिने बनायो । दिमागमा भएको विचार, सोच, चिन्तन र दृष्टि बदल्ने एउटै 'क्याप्सुल' चाहिँ अहिलेसम्म बनेन । मानिसलाई अगाडि बढाउन नदिने ठुलो रोग भनेको आफ्ना काम, कार्य र निर्णयप्रति अर्काको विचार र प्रतिक्रियामा परनिर्भर बन्नु हो । हिन्दीमा भनिन्छ नि 'सबसे बडा रोग, क्या बोलेगा लोग !'

# जिब्रो



❖ रामचन्द्र दाहाल

क्यानभासमा कोरिएको विकृत चित्रजस्तै
कालो मसी लत्पतिएको एउटा अनुहार
रङ्गीन जिब्रा बोकेर सहर आएको छ
उसको जिब्रोले रङ बदल्छ
सूर्योदयदेखि गोधुलीसम्म
सदनदेखि सडकसम्म
उल्टोसुल्टो फर्किरहन्छ !

होसियार !
अनेक जिब्रा भएको एउटा बुख्याँचा
सहर पसेको छ
उसलाई देश गिजोल्न मन पर्छ
ऊ दुर्गन्धमा बाँच्छ फोहोर मन पराउँछ
त्यसैले शौचालयतिर फर्केर सत्ता सुँघिरहन्छ !
कैले चास्नीमा डुब्न पाउँछ
कैले फुत्त बाहिर फ्याँकिन्छ
चास्नीबाट फ्याँकिएपछि
अनेक जिब्राको आविष्कार गर्छ !
मौसमअनुकूल एउटाले हो हो भन्छ
प्रतिकूलतामा अर्कोले होइन भन्छ
उसका बहुरूपी जिब्रा रङ बदलिरहन्छन्
एउटाले भनेको, अर्कोले खण्डन गर्छ

ती जिब्राका जुलुस देशभरि छरिन्छन्
जालझेलको उद्योग खोलिरहन्छन् !
साँझको बारभट्टीमा पुगेर जिब्राहरू
ब्राण्डीमा खप्टिन्छन् र सबै रङ एकै हुन्छन्
समाजवादका नारा मदहोसमै लगाउँछन् !
अनि त्यहीँनेरको निस्तब्ध सन्नाटामा
भ्रष्टीकरणले कालो छादेको देखिन्छ !

रुग्ण अन्तस्करणमा स्खलित विद्वत्ता
मस्तिष्कमा रहेको विकृत गिदी पग्लेर
पतित भएका जिब्रा मदहोसमा पनि
नैतिकताको पगरी गुथेर
बकवास बोलिरहन्छन् !
जिब्राहरू भट्टीमै शासन पनि गर्छन्
बकम्फुस मिसाएर भाषण पनि गर्छन्
त्यही भट्टीमा देश निर्माणका बात पनि गर्छन्
देशप्रतिको अक्षम्य घात पनि गर्छन्
वातावरणमा धुलैधुलो हुन्छ,
नशालु आँखामा फुलैफुलो हुन्छ
त्यहीँ समर्पण जलेको छ
आस्थामा आगो बलेको छ
त्यहाँ चामल डढाएको खाक पनि छ
त्यहाँ खरानी चाल्नेको खात पनि छ !

❑ कविता

# राजनीतिका हठवीरहरूलाई



❖ उमेश उपाध्याय

३६ बनेर के टोलाइरहेका दुईतिर ?
के घात हेरिरहेका
छल, कपट, दाउपेचहरूका लागि ?
कति बुनिरहन्छौ एकअर्काविरुद्ध
षडयन्त्रका अनेकौं मायाजालहरू ?
प्रयोगकै लागि भए पनि
एकपल्ट एकैतिर फर्किएर
विनालगानी उच्च लाभ हत्याउन
वा निस्वार्थ हुनसके
सेवाको शीतल छहरा छङछङाउन
एकपल्ट एकैतिर फर्किदेऊ
फेरि कहिल्यै आउने छैन
यो अवसर लाटा ३ र ६
उमेर र समयले, काल र नियतिले
पर्खिरहन्छन् र ठिङ्ग उभिएर तिमी दुईलाई ?
मात्र कोल्टिए पुग्छ एकपल्ट
नेपालआमाको कसम
मात्र एक कोल्टो, प्रेममय एक कोल्टो,
लौन ६ र ३ होऊ एकपल्ट
बिचको ‘र’लाई लखेटेर कोल्टिए मात्र पुग्छ
केवल प्रेममय एक कोल्टो ।

❑ कविता

# समय



❖ कमला पराजुली

हटी रात कालो लुके जूनतारा
बिहानीको मौसम मधुर मन्द हावा ।
मरेतुल्य निद्रा हटाउने बिहानी
तिरबिर गर्ने चराको कहानी ।
रोइदिन्छ कोइली बिहानी प्रभातमा
मनैको विरह पोखी पात पातमा ।
सुनौलो किरणले प्रभातै रङ्गायो
उज्यालो प्रकाशले सिकर्मी जगायो ।
खुले झ्यालढोका कर्मवीरहरूका
खुले मन तरङ्ग नसा रौँहरूका ।
पन्छाउँदै पहाड सम्याउँदै गोरेटा
गन्तव्य अँगाल्दै छिचोल्दै ती पाटा ।
जीवन रङ्गाउने फुटाउनु छ मूल
नबिराई गोरेटा पन्साइ काँडा फूल ।
मुठारेर काँडा फुली फूल हाँस
जगाऊ जगत् यो बनी आफू दास ।

# धर्म



❖ गोविन्दबहादुर कुँवर

पुस महिनाको कुनै दिन थियो । मैले गौरीशंकरलाई भेट्न जाने कार्यक्रम बनाएको थिएँ, त्यो दिन । उनको हालै भरतपुरको मेडिकल कलेजमा हर्नियाको सफल शल्यकक्रिया सम्पन्न भएको थियो । म बिहानको खाना खाएर एघार बजेतिर गएँ । म पुग्दा उनी पनि खाना खाएर बैठककोठाको लो बेडमा आराम गरिरहेका थिए । उनकी पत्नी गौरी पनि नजिकै सोफामा बसेर पालैपालो कहिले धूप बाटिरहेकी थिइन्, कहिले बत्ती कातिरहेकी थिइन् । कोठाको पूर्वपट्टिको भ्यालबाट किशोर सूर्यको रापिलो ताप आइरहेको थियो ।

केही अनौपचारिक कुरापछि मैले उनको स्वास्थ्यअवस्थाबारे जिज्ञासा राखेँ । उनले आफूले नसोचेको निकै दुःख पाएको र पीडामा रहेको कुरा सुनाए । उनकी पत्नीले भनिन्, 'भनेको नमानेसी पाइन्च नि त दुःख ! दुःख पाइस् मङ्गले आफ्नै ढङ्गले ।' उनले अनुहार निन्याउरो बनाए । घटना के भएको हो भनेर मैले जिज्ञासा राखेँ । उनले भनेअनुसार कुरा के भएछ भने अपरेसन गरेको चार पाँच दिनदेखि नै उनी भरेङ चढेर तलमाथि गरेछन् । घर भित्र बाहिर गरेछन् । परिवारका सदस्यहरूले आरामसित बस्नुस्, चलफिर गर्न हुँदैन भन्दा पनि उनले सुन्ने कान लाएनछन् । अझ एक दिन त उनी नेत्रज्योति अस्पताल गएछन्, अटो चढेर एउटा जरुरी कामले । त्यतैबाट फेरि मेडिकल कलेज पुगेछन् र घाउ देखाएछन् । डक्टरले घाउ ठिक छ तर अझै केही दिन आराम गर्नुपर्छ भनेर सल्लाह दिएछन् । अझ एकजना परिचित नर्सले त यसरी हिँड्ने गर्नहुन्न भनेर उनलाई मायाले सम्झाइछन् पनि । तर उनलाई दोहऱ्याएर शल्यक्रिया गर्नुपर्ने अवस्था आएछ र त्यो भएको पनि पन्ध्र दिन भइसकेको रहेछ । त्यसो गर्न नपरेको भए उनी ठिक भएर यतिखेर चितवनबाट पहाड घर पुगिसक्ने रहेछन् ।

'अनि कसरी यस्तो अवस्था आयो त ?' फेरि सोधेँ मैले । 'हर्नियाको अपरेसन त माइनर अपरेसन हो भन्ने सुनेको थिएँ ।' 'हुन त माइनर अपरेसन नै हो नि ! पछाडि ढाडमा एउटा सुइ लाएपछि कम्मरमुनि लठ्ठिने रहेछ । अनि त फटाफट पन्ध्र मिनेटमै शल्यक्रिया सम्पन्न हुने रहेछ तर आफूले बुद्धि पुऱ्याएन भने माइनर कुरा पनि मेजर हुने रहेछ ।' उनी भन्दै गए, ' शल्यक्रियाको सात आठ दिन भएको थियो होला नेत्रज्योति अस्पताल हुँदै अटोमा मेडिकल कलेज गएर आएको दिन । त्यसको भोलिपल्ट छोरीज्वाइँ बिहानको खाना खाने गरी पश्चिम तराईबाट मलाई भेट्न आएका थिए । एघार बजेतिर खाना खाएर म यै खाटमा पहार तापेर बसेको थिएँ । गौरी र ज्वाइँ सोफामा

थिए । छोरी रश्मि 'धरा' मेरै छेउमा थिइन् । हामी रमाइला कुरा गरिरहेका थियौँ । रमाइलो अनुभूति भइराखेको थियो । छोरी ज्वाइँसितको त्यो हाम्रो पहिलो भेट थियो, भौतिक रूपमा । छोरी रश्मिको कविता सँगालो 'उत्तिसका फूलहरू' भर्खरै प्रकाशित भएको थियो । उनले मलाई पुस्तक पनि उपहारको रूपमा दिएकी थिइन् । केही नलिई आउनू भनेका थियौँ तर छोरीको मन किन मान्थ्यो ! उनले अनेक थरी उपहार लिएर आएकी थिइन् ।' एक छिन रोकिएर उनी बोल्दै गए, 'हाम्रो पिता पुत्रीको सम्बन्ध जोडिनुमा 'उत्तिसको फूल'को ठुलो भूमिका थियो । मैले उनका कविताहरू हेरेर प्रकाशनको लागि आफूले चिनेको प्रकाशकलाई सिफारिस गरेको थिएँ र छिटै उनको पुस्तक प्रकाशित भएको थियो । पुस्तक प्रकाशनको क्रममा हामी धेरै नजिकियौँ भावनात्मक रूपमा । उनले केही वर्षअघि नै आफ्नो पिता गुमाएकीले उनी पितृशोकमा रहिछन् ।'

कुराकानीकै बिचमा उनकी पत्नी गौरीले फलफूल काटेर ल्याइन् । हामी तीनैजनाले लियौँ । 'त्यसपछि के भयो त ?' मैले फेरि जिज्ञासा राखेँ । उनले भने, ' त्यसपछि आआफ्ना घरका कुरा, रश्मिका माइतका कुरा, जागिर र व्यवसायका कुरा, ' उत्तिसका फूलहरू'का कुरा गरियो । रश्मिको माइती ललितपुर रहेछ । उनीहरूको प्रेमविवाह रहेछ । काठमाडौंजस्तो शीतल ठाउँमा बसेकी केटी प्रेमको चक्करमा परेर मधेसको गर्मी खान पुगिछन् । अनि त्यहाँ उनीहरूले एउटा निजी आवासीय विद्यालय स्थापित गरेछन् । रश्मिको व्यावहारिक सुझबुझ र कुशलता अनि रमेशको विज्ञता र कठोर परिश्रमले उनीहरू छिटै स्थापित भएछन् । अहिले सर्लाहीको एउटा प्रतिष्ठित विद्यालयमा पर्ने रहेछ उनीहरूको विद्यालय ! गर्मी मौसममा एकपटक यहाँ त बसिसक्नु छैन बुवा गर्मीले भनिन् रश्मीले भिडियोकलमा । अनि मैले ' उतिखेर आँखा नदेख्ने, अहिले गर्मी भयो भनेर हुन्छ त ?' भनेँ । रश्मि लाज मान्दै हाँसेकी थिइन् । हामी आफूले नजन्माए पनि हाम्रा छोरी धेरै छन् । घरमा कामना भइहाली । कल्पना पनि छन् । भरतपुरमा हसिना छन् । क्यानडामा पनि हामीलाई माया गर्ने छोरीहरू छन् शोभा, रिता र समृद्धि । मलाई शोभाको ख्याल गर्ने बानी, रिताको ममता र समृद्धिको निर्दोषपन धेरै मनपर्छ । माया बाँडेर सकिने रहेनछ, बरु यो त झन् फैलिने रहेछजस्तो लाग्छ मलाई ।' उनले अगाडि भने, 'एक बजेतिर छोरीज्वाइँ हामीसित बिदा भएर जाने तरखर गर्न लागे । हामीले पनि हार्दिक रूपमा बिदा गर्‍यौँ । झ्यालबाट घामको रापिलो ताप पनि ओझेल पर्‍यो । एक छिनपछि मलाई लुडी चिसो चिसो लाग्यो । आफू बसेको ठाउँ पनि चिसो लाग्यो । सिरक हटाएर हेरेको त म रगतको ढापमा पो बसेको रहेछु । कतिखेरदेखि अपरेसन गरेको टाँका फुटेर रगत बगेछ मैले थाहा नै पाइन ! बाहिर घामको तातोले शरीरको तापक्रम र रगतको तातोको तापक्रम मिलेकोले मलाई चिसोतातोको अनुभूति नै भएन । सिरकले शरीरको तल्लो भाग छोपिएकाले आँखाले देख्ने कुरा पनि भएन । रगत कतिखेरदेखि बग्यो र कतिखेर रोकियो मैले थाहा नै पाइन । परिवारका सबै सदस्यहरू जुटेपछि मलाई साँझमै अस्पताल दौडाए । फेरि अपरेसन टेबलमा मलाई सुताइयो । दुई-तीन दिन त जमेको रगत निकालेर सफा गर्न

लाग्यो । यसपटक चैँ लोकल दिएर लट्ठाइयो । मेडिकल भाषामा लोकल दिने भनेको जुन भाग लट्ठ्याउनु छ, त्यहीँ लट्ठ्याउने सुइ दिने रहेछ । सम्वेदनशील ठाउँमा सुइ लगाउँदा धेरै दुख्ने रहेछ । त्यसपछि फेरि सिएर टाँका लाइयो । अनि एघार-बार दिनसम्म दैनिक अस्पताल गएर ड्रेसिङ गर्नुपर्ने भयो र गरियो । यसरी आफूले हेलचेक्र्याइँ गर्दा पहिलेको भन्दा तीन गुना बढी दुःख पाइयो । मलाई हेलचेक्र्याइँ गरेकोमा कतै डक्टरले हप्काउने पो हुन् किजस्तो पनि लागेको थियो, केही डर पनि लागेको थियो तर त्यस्तो केही भनेनन् । अझ के भने भने स्टाफका परिवारको अपरेसन गर्दा प्रायः यस्तै हुन्छ भनेर हाँसो गरे । पहिले पनि यस्तो केस धेरैपटक परेको रहेछ ।'

उनले यो पनि भने, अप्रेशन गर्न जानुअघि उनको एकजना गाउँको भाइसँग भेट भएको रहेछ । उसले पनि केही समयअघि त्यस्तै शल्यक्रिया गरेका रहेछन् । अनि उनले कस्तो हुन्छ, कति दिन आराम गर्नुपर्छ भनेर सोध्दा, उनले मैले त चारपाँच दिन आराम गरेँ, ठिक भयो भनेछन् र उनले पनि हल्का रूपमा लिएछन् । हामीले कुरा गर्दैगर्दा उनकी पत्नीले चिया पकाएर ल्याइन् । चिया खाइसकेर म बिदा हुँदै गर्दा गौरीशंकरले भने, 'हेर्नुस् मित्र ! रगतले आफ्नो धर्म नछोडेकोले म बाँचेँ र भेट हुन पाइयो । यदि उसले धर्म छोडेर रगत नजमी बगिरहेको भए म के बाँच्दो हुँ ! रगत निखेर मर्ने थिएँ होला !'

*जिमित्रे, भोटेओडार, लमजुङ ।*

## ❑ गजल



**विनोद के.सी.**

बाटो देखाउने किनारलाई त नदीले हेप्छ
र त हामीलाई पनि बारबार जिन्दगीले हेप्छ ।

एकपल्ट तपाईँ बुद्ध बनेर त हेर्नुस् साथी
बल्ल थाहा पाउनु हुने छ यहाँ कतिले हेप्छ !

जसको सहाराले हरपल धड्किने मुटुलाई
थाहै हुन्न कतिखेर त्यो शिरो धमनीले हेप्छ !

भन्नलाई त भन्छन् आफ्नो मान्छे आफ्नै हो
तर हेर्नुस् अचानोलाई कसरी खुकुरीले हेप्छ !

तपाईँ घमण्ड गर्नुहुन्छ संसार जितेझैँ गरेर
महोदय कुनै कुनै दिन आफ्नै सम्पत्तिले हेप्छ ।

*हाल - दोहा कतार*

# आमा र ईश्वर



❖ ख्यालमान राई (सुच्चा)

सबैले ईश्वर छ भन्थे
मेरी आमा पनि
ईश्वरको पासमा गएकी थिइन्
मेरी आमालाई हेर्न
लाखौं आँखाहरू मागेर हेरेँ
तर न आमालाई देखेँ न त ईश्वरलाई देखेँ !
त्यसपछि ग्यालिलियोको दुरबिनबाट पनि हेरेँ
नासामा राखिएको
ग्रहमण्डल हेर्ने टेलिस्कोपबाट पनि
आमा र ईश्वरलाई हेरेँ
तर न आमालाई देखेँ न ईश्वरलाई देखेँ !

कतै मेरी आमा
बुर्जाघर, आइफल टावरनिर छिन् कि भनेर
टोलाएँ अनि फेरि मैले
आमालाई र ईश्वरलाई हेर्न
ग्रेटवाल चढेर हेरेँ
त्यहाँ पनि न आमालाई देखेँ न ईश्वरलाई देखेँ !
तपमा बसेका
शिव, बुद्ध र ईश्वरलाई नभेटेपछि
सगरमाथालाई हेरेँ
सबैले मलाई भने
हेर ! तिम्री आमा त
कोसी, गण्डकी र कर्णाली बनेर
लगातार लगातार बगिरहेकी छिन् ।
हेर ! तिम्री आमा त
गुराँसे जङ्गलमा ढकमक्क गुँरास भएर
फुलिरहेकी छिन्
हेर ! तिम्री आमा त
शैलुङलेकमा हिउँ भएर जमेकी छिन्
अनि आमा र ईश्वरलाई सोधेँ
आमा ! के स्वर्ग यही हो ?
ईश्वर ! के स्वर्ग यही हो ?

*भोजपुर बैकुण्ठे ६, होम्तोक ।*

# साहित्यिक इन्द्रेणीभित्र 'आमा, सपना र ताराहरू'



❖ डा. रामप्रसाद दाहाल

साहित्यकार एवम् वरिष्ठ राजनीतिज्ञ ईश्वर पोखरेलको संस्मरणसङ्ग्रह 'आमा सपना र ताराहरू' पढ्दा देखिने भनेको आन्तरिक केन्द्रबाट प्रहार भएका शब्दका बुट्टाहरू अन्ततः उकुसमुकुस हुँदै च्यापिएको गर्भबाट जन्मन्छ 'आमा भनेर...! त्यही शब्दभित्र कतै शिष्ट कतै विशिष्ट भएर ' आमा सपना र ताराहरू' भित्र मनमा तरङ्गहरू यसरी उर्लन्छन्, कतै कतै पात्रलाई त्यो थेग्न गारो पर्ने पो हो कि भन्ने अनुभूति पनि छिरल्न पुग्छ यस कृतिले भावुकताको टेको टेक्ता ...! जब आमाप्रति लेखकीय मस्तिष्कमा रिल घुम्न थाल्छन् तब त्यो फिल्मी शैलीमा उतारौँ उतारौँ सेतो पर्दामा ' आमा' भनेरजस्तो लाग्न पनि सक्छ। बुबाको कठोर अनुहारभित्र लुकेको माया र आमाको ममता संसारकै अमूल्य सम्पत्ति हो भन्ने कुरा पढेजस्तै लाग्दछ यस कृतिमा...।

आमा सपना र ताराहरूका लेखक पोखरेल प्रस्टै देखिनुहुन्छ 'तिमीले रङ-रङका मान्छे देख्यौ होला, मैले एउटै मान्छेमा सबै रङ देखेको छु' भन्ने भावमा उहाँ डुबुल्की मारिरहनुभएको छ। मलाई यो कृति पढिरहँदा स्वामी आनन्द अरूणले भन्नुभएको सम्झना गराउँछ- 'सम्बुद्ध व्यक्ति जहाँ टिक्छन्, त्यो धर्ती धन्य हुन्छ, जुन आँखाले तिनको दर्शन गर्छन् ती आँखाहरू पवित्र हुन्छन्, जुन मनले जतिचोटि उनीहरूको स्मरण हुन्छ, त्यो मनले त्यति नै चोटि पवित्र गङ्गास्नान गर्दछ।' त्यस्तै ईश्वर पोखरलेकी आमाभित्र यही कुरा व्यक्त भइरहेको छ र आगोले जलाउने मनका लागि असली मलमपट्टी आमा बनिरहनुभएको छ। यो पुस्तकले भनिरहेको छ, 'आमा चिन्नको लागि र अन्तरात्मालाई बुझ्न यस्ता पुस्तक उपयोगी हुन्छन्' भन्ने कुरा पुस्तकभित्रका भावहरूले उछालिरहेका छन्। आमा अनुभव र साधनाको सुन्दर समन्वय सन्तानका लागि हुन्छिन् भन्ने कुरा पुष्टि गरिरहेको छ। विभक्त मनस्थितिलाई एकत्रित गर्ने साहस र शक्तिकी खानी पनि 'आमा' नै हुन् भन्ने कुरा पनि कृतिभित्र देख्न सकिन्छ। सम्झनाका तरेलीभित्र ईश्वर पोखरेलले लेख्नुभएको यो कृतिलाई हेर्दा अरूले लेखेजस्तो पनि लेख्ने होइन, आफूले लेखेजस्तै लेख्ने हो र आमालाई देखेभोगेजस्तै आफूजस्तै लेख्ने हो' भन्ने कुरा समातेर लेखेजस्तो लाग्दछ। कुराहरू अन्तर्हृदयबाट आए भने आफूजस्तै हुन्छ, आफूले भोगेको संसार नै सर्लक्क आइदिन्छ अनि त कृति जीवन्त हुन्छ, सदासर्वदा रहिरहन्छ, अमर बन्छ।

आमा भनेको बिर्सने ठाउँ हुँदै होइन । आमाको काख त जाने, रमाउने र खुसी छर्ने ठाउँ हो । आश्वासन, आग्रह र प्रलोभनभन्दा पर बसेका ताराहरू छिँडीबाट हेरे पनि, खुल्ला मैदानबाट हेरे पनि पिलपिले ताराहरू गन्न खोज्ने ईश्वर पोखरेलको त्यो दूरदृष्टि जीवनकै उकालो, कठोर अनि विनालिस्नो र विनाबाटो गोरेटो खोजी गरेजस्तो लाग्छ । त्यही खोजीमा सायद राजनीतिक पाटो जीवनमा आइदिएजस्तै लाग्दछ । कता पुऱ्यायो, कता पुऱ्याउँछ थाहा छैन तर पनि त्यो बाल्यकालको तारा गनाइ अहिले पनि राजनीतिमा गनिरहनुभएको त कतै छैन भन्ने सङ्केत यस कृतिले दिइरहेको छ । देश बिरामी भयो, निर्दोष जनता मरे/मारिए, शोषण, पीडा, बाढी र पहिरोबाट मरे; मरे आफ्नै दाजुभाइ मरे, पूर्वका राता तारा मारिए ! यी माघ १९ मा आफैं विलय हुने परिस्थति जन्मदा पनि मजदुरको व्यथाभित्र डुबुल्की मार्दै अनन्त स्थायी विकास, समृद्धि र माया गर्ने क्रममा नै समुन्नत सुखी र समतामूलक नेपालको निर्माणमा केन्द्रित लक्ष्यहरू कृतिभित्रका अन्तरकुन्तरमा लुकिरहेको देखिन्छ । जुन सपना बनेर अएको छ– कतै आमासँग, कतै ताराहरूसँग, कतै स्वयम् सपनासँग । यही त हो यस कृतिको त्रिभुज वा त्रिकोणात्मक गाँठो । अर्थात् बुझ्नेलाई खुर्पा नबुझ्नेलाई बिँड । त्यसैले त बनेकी छिन् आमा- नदुःख्ने व्यथा र सुकर्मकी स्वर्ग !

'आमा सपना र ताराहरू' पढ्दा अन्त्यदेखि सुरु भएजस्तो लाग्दछ; निरन्तर लेखिरहे पनि हुन्छजस्तो लाग्दछ जस्तै पृष्ठ १३९-१४० को आमा कृविता "मैले रुँदा... पीडा पोख्ने आमा... अभावमा आमा... यातनामा आमा... मुटुभित्रकी आमा... सम्मानकी आमा... वात्सल्यको अजस्र स्रोत आमा... अनि सधैँ सँगसँगै सम्झनाहरूमा नओइलाउने आमा !' सम्पूर्ण सारको भाग नै यो आमा कविता यस कृतिमा राखिएको छ । जो युगौँयुगसम्म सदैव रहिरहने आरम्भ हो, अन्त्य होइन भन्ने कुरा कृति पढ्दा निर्धक्क भन्न सकिन्छ ।

यो लेखनीमा म फर्कन्छु अन्त्यबाटै अनि चियाउँछु आमाको स्वभावलाई स्वयम् लेखकले भन्नुभएको छ ...जीवनका प्रतिकूलताहरूले उहाँलाई (आमालाई) इस्पातजस्तो पो बनाएको थियो...दुःख र पीडाहरूले उहाँलाई किचेका त थिए तर तिनका टाउकोमा टेकेर हिँड्दै गरेकी शालीन विराङ्गनाजस्तो देखिनुहुन्थ्यो आमा ! (पृष्ठ १३४) । योभन्दा बढी आमाको स्वभावमा अरू के भन्नुपर्ला र ? हो, तिनै आमाको संस्कार कतै यही छोरामा पनि देखिएको छ कि प्रश्नात्मक चिह्न उत्रिएकै छ उभिरहने छ ?

८६ वर्ष पूरा गर्दै गर्दा आमाको निधन भयो । आँखादान गर्ने आमाका आँखा लिन डाक्टर सन्दुक रुइत आउनुभयो । लेन्स निकाल्ने काम सकिएपछि रुइतले भन्नुभयो, 'आमा मरेर जानुभो तर उहाँले आफ्नो आँखाको ज्योति अरूका लागि छोडेर जानुभयो । आमा महान् हुनुहुन्छ ।' (पृष्ठ १३१) । अनि स्वयम् लेखक स्पष्ट हुनुभएको छ 'कसैका आँखा बनेर मेरी आमाले संसार हेरिरहेझैँ लाग्छ (पृष्ठ १३३)। लेखक प्रत्येक संस्मरणमा उपशीर्षक राख्नुहुन्छ र त्यो उपशीर्षकलाई पुष्टि गर्ने काम लेखकले गरिरहेको प्रमाणपत्र यी पङ्क्तिहरू लाग्दछन्

-अर्थात् यसो भनौँ उहाँ आफ्नो लेखनीमा ज्यामीतीय प्रुफ गर्ने तर स्वैरकल्पनामा नकुद्ने कलमलाई निर्देशन दिइरहनुभएको छ।

पहिलो टक देखेको मावली घर र भेटेका रामकुमार दाइसँगको तस्बिर अहिले बोलिरहेजस्तो लाग्दछ। मावली घरको पिँडीमा बसेर थालमा भुटेका मकैका फूल, भटमास अनि मूला र मोही राखी आनन्दले खाँदै गफको स्वादमा रमे/रमाएको प्रसङ्ग पो हो कि ? यी कुराहरू भन्ने भान लेखकले पाठकलाई दिन खोज्नुभएको छ । जुन जीवन्त र स्वागतयोग्य लाग्छ। हजुरबा नरनाथको काल्पनिक तस्बिरको धुमिल दृश्य लेखकले बोकेर मावली घरबाट हिँड्नुभएको छ । पढ्दा अमिलो र मन खिन्न हुने पुरेतको प्रवृत्तिबाट पीडित आमा शीर्षक लाग्दछ।

सर्लक्क तत्कालीन समयको राजनीतिक धर्सो र त्यस वेलाको बाटोघाटोको अवस्था, स्थिति, परिस्थितिका बहुआयामिक पाटा र चिनियाँहरूको संस्कृतिको शैली जोड्नभएको छ चिनियाँ भूमिमा आमाको सम्झनामा। सिन्चुवान प्रान्तको राजधानी छन्तु, चिनको राजधानी बेइजिङ पुगेपछि ईश्वर पोखरेलको यो पङ्क्तिले 'सधैँ जहाँ पुगे पनि आमा साथमै' भन्ने भाव ओकलिरहेको देखिन्छ। जस्तै 'आमा, तपाईँको छोरो देशको प्रतिनिधित्व गर्दै विदेशी भूमिमा आइपुगेको छ" (पृष्ठ ९५) । राजनीतिको विश्लेषण, भूमिगत जीवनचर्यासहित जोडिएको यस पृष्ठमा लेखककी आमा जीवन भएर बसेकी छिन् जुन स्वागतयोग्य छ। गिरफ्तारी, जेलजीवन र आमा पनि राजनीतिक पृष्ठभूमिमा नै केन्द्रित छ। स्कुले जीवनदेखि नै बढेको राजनीतिको चाख, पढेका पुस्तकहरू, गिरफ्तारी, जेलबसाइ सबैलाई राम्ररी प्रस्तुत गर्नुभएको छ। चुनौतीपूर्ण जीवनलाई बुझ्ने प्रसङ्ग यसभित्र आएका छन्। लुक्तै, छिप्तै आमा भेट्न जाँदा र भूमिगत अवस्थामा आमासित भेट उपशीर्षक भित्र पनि तत्कालीन राजनीतिको परिवेशभित्र आमाप्रतिको प्रगाढ मायाले जन्माएको प्रसङ्गका क्रममा लुक्तै छिप्दै भए पनि आमालाई भेटी आफ्नो हृदय पोखौँ भन्ने आशय स्पष्ट देखिएको छ । त्यो भेटले पनि मनोबललाई उच्च बनाएको अनुभूति हुन्छ । ..."देश र जनतालाई हँसाउने क्रान्तिकारी बाटो समातैं ! आमाले रुँदै एकपटक फर्केर त हेर बाबु..." (पृष्ठ ६०) भन्ने अभिव्यक्तिका माध्यमबाट लेखकले घर छोडेपछिको आमाको अवस्था देखाउनुभएको छ। निराश जीवनको विकल्पमा बहेको आमाको आँसु नै यो उपशीर्षकभित्र पोखिएको देखिन्छ।

कम्युनिस्ट पार्टीको पूर्णकालीन राजनीतिभित्र आमासँग र देशको द्वन्द्वलाई मनमुटुसँग सँगालेर आमालाई साँचो कुरा नभने पनि यसमा व्यक्त यी पङ्क्तिहरू नै पूर्ण छन्जस्तो लाग्दछ..."मैले आमालाई अनिश्चिताको भुमरीमा छाडेर हिँड्दा उहाँलाई भएको पीडा म आफैँ महसुस गर्न सक्थैं। आमा सम्झेर मेरो मुटु काँपिरहेको थियो (पृष्ठ ६६)।" आमाभन्दा राजनीति माथि राखेर हिँडिदिनुभयो देशकी आमा सम्झेर ईश्वर पोखरेल।

अन्य उपशीर्षकहरू ईश्वर

पोखरेलको बालपन, सानो उमेरका सम्झना, भोगाइ र दुखाइका पलहरूमा केन्द्रित छन् । विद्यार्थी जीवनमा राजनीतिमा प्रवेश, जनकपुरको राजनीतिक अवस्था, प्रशासनका निर्मम क्रूरता, विद्यार्थीहरूको जोश, उत्साह, यत्रतत्र देखिन्छ । माम्खा स्कुलको एक वर्षको पढाइमा आफू चम्किलो तारा रहेको, छोडेर जाँदा शिक्षकहरूलाई पनि दुःख भएको प्रसङ्गलाई राम्ररी चित्रण गरिएको छ। आमासँग छुट्टिनु पर्दा; रुपनालु, रुम्जाटार र आमा, बाको निधनपछिको चुनौती, बाको निधन, पीडादायी घरायसी अवस्थाभित्र त्यस क्षेत्रको परिवेश, सहयोग सद्भाव, मेलमिलाप, दुःख, कष्ट, ऐया-आत्था, उकुसमुकुसको उहापोह पोखिएको छ। जो पीडादायी र अत्यन्त मार्मिक छ। यस्तै माइती र घरमा आमा र प्रारम्भ उपशीर्षकमा प्रतिकूलता र अप्ठ्यारोमा जुधेर रुपनालुमा बस्नुपरेको, घर-माइती गर्नुपरेको आदिइत्यादि प्रसङ्गहरूलाई राम्रोगरी विश्लेषण गरिएको छ । लेखकले बुबाको श्राद्ध गरेपछि 'बाबु ! तैंले गर्नुपर्ने जिम्मेवारी मैले तँमार्फत् पूरा गराएँ' जस्ता भावले पनि विषय र हाम्रो संस्कार-संस्कृतिलाई राम्रैसँग चिरफार गरिएको छ । जो ज्यादै सान्दर्भिक छ। तत्कालीन समयको यथार्थ पनि छ।

सुन्दर र कालात्मकता झल्किने पुस्तकको आवरण पनि विषयसुहाउँदो र मूल्यवान् देखिन्छ । पछिल्लो कभर पृष्ठमा लेखकको हँसमुख तस्बिर र छोटो परिचयले साहित्यिक पाटोलाई खोतलेको छ । कभरपृष्ठमा नै पुत्रवात्सल्यलाई मधुरो कलाभित्र सजाइएको छ। गहिरो गरी हेर्दा गहन लाग्ने, फुत्त हेर्दा खासै नदेखिने कभरले पनि आमालाई गहिरोसँग बुझ्न सन्देश दिइरहेको छ। यस अर्थमा कभर पृष्ठका निर्माणकर्ता अर्थात् कलाकार बधाइको पात्र हुनुहुन्छ। भूमिकादेखि आमासँग सम्मका सत्ताइस उपशीर्षकमा विभाजित संस्मरणसूचीले पनि विषयबोधको झल्को दिइरहेको पाइन्छ। अर्थात् उपशीर्षकहरू कुनै पनि फजुल लाग्दैनन्। आफैँमा पूर्ण छन्। मूल्यप्रति कुनै प्रतिक्रिया छैन। छपाइ राम्रो छ। सामान्य यदाकदा कहीँकतै केही कमीकमजोरी देखिए पनि त्यो अस्वाभाविक र अतिरञ्जित लाग्दैन। यी सबै पुस्तकका विशिष्ट पहिचान मान्न सकिन्छ।

आमाप्रति लेखेका शब्दहरू पनि यस्तो कारुणिक, सार्थक, रोमाञ्चक र घतलाग्दा हुँदा रहेछन् भन्ने कुरा यसमा देख्न सकिन्छ । लेखनीमा कलात्मक शक्ति भेटिन्छ र पुस्तक जे छ, त्यही लेखेर इतिहासको कृति बनेको छैन, साहित्यिक छ । सरल भाषाशैलीमा साहित्यिक इन्द्रेणी भर्न लेखक सफल हुनुहुन्छ। अर्थात् सरलता यसको विशेषता मान्न सकिन्छ । सरलताभित्र पनि साहित्यिक रन्को दिने पङ्क्तिहरू देखिन्छन् जस्तै... 'त्यस वेला आमाका आँखामा छचल्किएको खुसी संसारकै सबभन्दा प्रिय लाग्थ्यो (पृष्ठ २२)'... 'आँखाबाट बगिरहेका बलिन्द्रधारा आँसु लिएर परको क्षितिजतिर हेर्दै आफूलाई हराउने कोसिस गरिरहनुभएको थियो (पृष्ठ २५)', आमाको लागि भने आफ्नो कष्टकर

र बाध्यताको वैधव्य जीवनका कारण त्यस्ता भनाइ सहज स्विकार्य थिएनन् । भन्नुहुन्थ्यो, "भाग्य लुटिएकी दुखिया हुँ म" (पृष्ठ २७), "बाबु ! म लोग्ने नभएकी बेसहारा आइमाई । मेरो त संसार सानो छ। तँ छोरो मान्छे, तेरो संसार ठुलो छ" ...(पृष्ठ ३१) आदि इत्यादि धेरै प्रसङ्गहरू साहित्यिकपनमा कलात्मकता छरिएका प्रत्येक पानामा नै भेट्न सकिन्छ । जसले ईश्वर पोखरेल बौद्धिक साहित्यकार हुन् भन्ने कुरा पुष्टि गरिरहेको देखिन्छ। 'आमा'मा नै केन्द्रित विषय हुँदाहुँदै पनि सपना र ताराहरू जोडिँदा पनि भावी सङ्केत गरेको शीर्षकले अनुभूति दिन्छ । विषयवस्तु आमा, मूलपात्र आमा, परिवेश जनकपुर, झापा, ओखलढुङ्गा, भोजपुर, चीनलगायतका विभिन्न भागमा आफू जाँदाका प्रसङ्गमा जोडिएको छ। उद्देश्य प्रस्ट छ– आमाको संस्मरण र माया संवाद पात्रअनुसारकै स्तरमा केन्द्रित छ । ठेट नेपाली शब्दको प्रयोग गरी कारुणिक र रोमाञ्च शैलीमा यो संस्मरण पुस्तकलाई लेखेको देखिन्छ। सरलता कृतिको विशेषता मान्न सकिन्छ । पूर्वराष्ट्रपति विद्या भण्डारीको शुभकामना मन्तव्यले पनि ईश्वर पोखरेलको व्यक्तित्व र योगदानलाई उजागर गरेको देखिन्छ।

सारमा भन्दा मान्छे मान्छेको सम्बन्ध पनि कस्तो नजानिँदो हुँदो रहेछ ! कस्तो भवितव्य जिन्दगानी ! आमाको भौतिक शरीर नरहे पनि उहाँ सधैँ मनमुटुमा बसिरहनुभएको छ। भौतिक सम्बन्ध टुटेर पनि कतै अल्झिरहेको हुँदो रहेछ! अनौठो छ जीवन। कतिपय विषयहरू मानवीय जीवनका अतिप्रिय, अति आवश्यक र अति गौरवशाली शक्ति पनि हुँदा रहेछन् । जसले गर्दा सदासर्वदा शिर ठाडो गरेर मधुर मुस्कानका साथ समाजसामु देखा पर्ने ईश्वर पोखरेलको व्यक्तित्व कतै लेखकको पन्ध्र वर्षीय कठिन भूमिगत कालको पृष्ठभूमि पनि हुनसक्छ भन्ने लाग्छ। आफ्ना विचारको यात्रालाई शक्तिशाली बनाउँदा चाहे प्रहरी प्रशासनले थुनोस् वा कुटोस् वा किरा परेको मासु खान परोस् वा बिरामी परियोस् वा पन्ध्र दिन खाना नखाँदा पनि त्यो आफ्नो विचारशक्तिले खुल्न नसकिरहेको पीडालाई पनि खोलिदिएको स्पष्ट देखिन्छ । अर्थात् त्यो पृष्ठभूमिमा जुन हृदयसंवेद्य भाव समेटिएको विषयले सत्यको उजागर गरिरहेको छ। आमाप्रति जेजस्ता शब्दको आडमा रमाएर पनि, आफ्नो निजी जिन्दगी र मनभित्रका खुसी पनि मीराको फुलीमा कतै अल्झिएको छ कि ! सृजन र स्वराजको बालचित्रभित्र रमेको छ कि, जमेको छ ! पाठकलाई सोच्न बाध्य गराउँछ । आफूलाई बचाउने अवतारी लामा र दृश्य-अदृश्य रूपमा भूमिगत समयमा सहयोग गर्ने ती अनगिन्ती आमा, दाजुभाइको सम्पूर्ण अनुहार तिनै मन खोल्ने प्रिय साथी र नेतृत्वदायी 'आमा'भित्र राखेर नै दिन काट्ने, मन बुझाउने बाटो बनिरहेको छ कि ? तर अहिले पनि सम्झनामा अधुरै छ आजभोलि ती अवतारी लामा भेट्न पाएको भए... ! मनले तिनको खोजी गरिरहेको छ। श्रेय र प्रेय कुराहरू छताछुल्ल करुणभावमा पोखिएको छ । यस अर्थमा लेखक ईश्वर पोखरेल बधाइका पात्र हुनुहुन्छ 'आमा सपना र ताराहरू'भित्र ...।

नेपाली काङ्ग्रेसका महामन्त्री विश्वप्रकाश शर्मा, पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी, लेखक तथा नेकपा एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, नेकपा एमालेका नेता प्रदीप ज्ञावलीले संयुक्त रूपमा लोकार्पण वा सार्वजनिकीकरण गर्नुभएको 'आमा, सपना र ताराहरू' कृति पठनीय, सङ्ग्रहणीय मात्र छैन संस्मरण लेखनका क्षेत्रमा महत्त्वपूर्ण साहित्यिक कृतिका रूपमा स्थापित हुने विश्वाससमेत गर्न सकिन्छ।

*बत्तीसपुतली, काठमाडौँ।*

❑ कविता

# निश्चल नेत्र

❖ **कञ्चन श्रेष्ठ**

आकशका आँखालाई हेर
कति गाम्भीर्य, कति सौन्दर्यप्रद देखिन्छ
त्यो निलो आँखा
कति पारदर्शी छ
कति निश्चल, कति सौम्य
र शीतल छ!
त्यहाँ न द्वेष, न ईर्ष्या,
न राग छ, न हिँसा छ
सदा उदात्त र समर्पित!
त्यो आखाले संसारलाई
निस्वार्थताको आलोक छरेर
शान्त र शीतलता प्रदान गर्न
तत्पर छ।
तर मानवले
यस तथ्यलाई मनन गर्न चाहन्न
सृष्टिले दिएका
उसका पवित्र आँखालाई
ऊ आफैँ
नकारात्मक दिशातिर
दौडाउन चाहन्छ
जसले गर्दा समाजमा
विकृति र क्षोभको कालो बादल
सृजना हुन्छ!
जब यो बादल
समाजमा मडारिन्छ
तब मानव आफ्नो
हृदयको पवित्रतालाई
उल्टो मोड दिएर उज्ज्वल,
पारदर्शी र निश्चल नेत्रलाई
यत्रतत्र
कुभावना, कुविचार र कुकर्मीतिर
बहकिन बाध्य गराउँछ!
त्यसैले उसका ती नेत्रले
आकाशलाई नै अन्धकारमय
देख्न पुग्दछन् !
जसले गर्दा जीवन
नारकीय बन्न सक्दछ
तसर्थ आँखामा भएको शुद्धतालाई
अरू पारदर्शी रूपमा
लिन सकेमा
जीवन अलौकिक बन्ने छ।

# न्यु योर्क सहरमा फनफनी घुम्दा



❖ रमेश पोखरेल

१५ र १६ अक्टोबर २०२४ अर्थात् २०८१ असोज ३० र कार्तिक १ गते मङ्गलवार र बुधवार हामी जर्सीबाट न्यु योर्क सहरमा ट्रेनबाट आउने, दिनभरि फनफनी घुम्ने अनि साँझमा बास बस्न फेरि जर्सी पुग्ने गरिरह्यौँ। हामीले टेक्सासबाट हिँड्ने वेलैमा अमेरिकाका केही राज्य घुम्ने योजना बनाएका थियौँ। टेक्सासबाट हाम्रो यात्रा सुरु हुनपूर्व नै 'न्यु योर्कमा जाडो बढिसकेको हुँदा न्याना कपडा बोकेर जानू' भन्ने सन्देश त्यतातिर बस्ने इष्टमित्रहरूले दिइसक्नुभएको थियो। टेक्सास अलि न्यानो ठाउँमा बसेका हुँदा र भरखर कार्तिक मात्र त लागेको छ नि भन्ने ठान्दाठान्दै पनि हामीले भएसम्मका न्याना कपडा चाहिँ बोकेकै थियौँ त्यसैले हाम्रा झोला निकै कसिला भएका थिए। सकेसम्म यात्रामा धेरै ठुला झोलाझ्याम्टा बनाउनु हुँदैन, ओसार पसारमा समस्या हुन्छ तापनि घुम्ने पाँचदिने योजना छ त्यसैले पनि केही लुगाकपडा पनि चाहिए नै, त्यसमा पनि 'न्यु योर्कमा चिसो बढिसक्यो' है भन्ने सूचनाको पनि ख्याल गरेर हिँड्नुपर्ने भएकाले हाम्रा झोला अलि बढी नै कसिला भएका थिए।

स्प्रिट एयरको उडान नं.एनके३७१७ बाट हामी टेक्सासको फोर्टवर्थ स्थित डालस विमानस्थलमा विमान चढेर दुई घण्टा तेत्तिस मिनेट उडेपछि जर्सी विमानस्थलमा उत्रिएका थियौँ। आफ्नो देशमा एक घण्टा चानचुन समयमा जताबाट जता पनि उडेर पुगिनेमा यहाँ त एउटा राज्यबाट अर्को राज्यमा पुग्न कम्तीमा सवादुई-साढेदुई घण्टा लाग्ने! विमानको त्यो लामो यात्रा गरेर विमानबाट उत्रिँदा जर्सीको विमानस्थल पनि त्यस्तै विशाल लाग्यो।

विमानस्थलमा झर्नासाथ पहिले नै बुक गरेको भाडाको कार (रेन्टल कार)को खोजी गर्नुभयो ज्वाइँले। विमानस्थलबाट तल ओर्लनासाथ एक छेउमा 'रेन्टल कार' लेखेको ठुलो बोर्ड पनि देखियो, ज्वाइँ त्यतै जानुभयो र आफ्नो परिचयपत्र टिपाएर पैसा तिरेर पाँच दिनका लागि कार लिनुभयो। भरि तेल हालिएको र साँचो गाडीमै हुने त्यस्तो कार विमानस्थलकै पार्किङमा खडा भइरहेको हुँदो रहेछ! त्यही गाडी लिएर हामी विमानस्थलबाट बाहिरियौँ र जर्सीको फन्को लगायौँ। हामीलाई न्युयोर्क जानु थियो। अलि परसम्म त्यही कार लिएर गयौँ, गाडी पार्क गर्ने ठाउँको खोजी भयो। जर्सीबाट न्यु योर्क गाडीमा धेरै समय लाग्ने रहेछ तर रेलमा भने समुद्रमुनिबाट छोटो बाटो निकालिएकाले छिटो हुने रहेछ। यहाँ

त ५-६ तलाका पार्किङ स्टेसन हुँदा रहेछन् ! त्यहाँ लगेर कार पार्किङ गरेपछि हामी न्यु योर्क जानका लागि ट्रेन स्टेसनतिर लाग्यौँ । ट्रेन चाहिँ जमिनमुनि गुड्दो रहेछ ! त्यो रेल पनि समुद्रमुनिबाट जर्सीदेखि न्यु योर्क पुग्दो रहेछ ! हामी विद्युतीय भर्‍याङबाट जमिनमुनि छिर्‍यौँ । दुईतिरबाट चढ्ने र ओर्लने विद्युतीय भर्‍याङ घुमिरहेको छ, ५०-६० वटा खुट्किला पो देखिन्छन् ! कहाँ एक तला मात्र हो र ! कति तला जमिनमुनि छिर्ने हो ! म त छक्कै पो परेँ !

आफ्नो देशमा एकताका रत्नपार्कमा जमिनमुनिबाट बाटो काटेर भोटाहिटीतिर जाने ठाउँ बनाएको थियो, त्यो पनि फोहोर विसर्जनको केन्द्र मात्र बनेर बेकामे भइरहेको देखेको मान्छेलाई जमिनमुनि कति तला भरियो भन्ने पनि पत्ता भएन ! ओहो ! त्यहाँको मान्छेको भिड ! भागादौड ! मान्छेको हतारो ! हामीजस्ताले त छिचोल्नै नसक्ने ! कताबाट कता जाने हो के मेलो पाउनु ! ज्वाइँले टिकट काटेर यसमा चाहिँ चढ्नुपर्ने रहेछ भन्नुभयो र हामी त्यतै लाग्यौँ । मिनेट मिनेटमा रेल आइपुगिहाल्छ ! हामी चढ्यौँ । बाफ् रे ! त्यसको गति ! हरेक स्टेसनमा 'यो फलानो स्टेसन हो र यसपछि यो स्टेसन आउँछ' भनिरहँदो रहेछ ! छोटै समयमा हामी न्यु योर्क पुग्यौँ ।

रेलले पुर्‍याइदिएको न्यु योर्क स्टेसनमा उत्रिएर फेरि विद्युतीय रिँगटा नै लाग्नेजस्तो लामो भर्‍याङबाट माथि निस्कियौँ । भरे त हाम्रो रत्नपार्कबाट भोटाहिटी छिर्ने सुरुङमार्गकै जस्तो सानो ढोका त सडक किनारामै पो हुँदो रहेछ रेल चढ्न जानका लागि र माथि आउनका लागि ! न्यु योर्कको सडकमा पहिलोपल्ट निस्किनासाथ भव्य, डरलाग्दा घरहरूले हामीलाई स्वागत गरिहाले । प्याजी प्याजी रङको परैबाट टलल टल्किरहेको एउटा भव्य र आकर्षक घर देखियो, हामी त्यतै गयौँ । त्यो घर त दश तला भर्‍याङ मात्र पो छ ! अझै पूरा तयारी भइनसकेकोले भित्र पस्न नदिइँने त्यस्तो विशाल संरचना त फगत हेर्नकै लागि र त्यहाँ पुग्नेहरूले फोटो खिचाउनकै लागि पो बनाइएको रहेछ ! घर पनि कति अग्ला र कत्रा कत्रा हुन् ! त्यत्रो व्यस्त र विशाल सहरमा पनि हरियाली छ, रुखबिरुवा लगाइएका छन्, पार्क बनाइएको छ र सुन्दर व्यवस्थापन गरिएको छ ! फोहोर नामको कतै कुनै केही चिज देखिँदैन ! यहाँ पनि सडकपेटीमा पसल पो छन् त ! शक्तिराष्ट्र अमेरिकाको न्यु योर्कमा पनि सडकपेटीमा पसल ! लौ ! हाम्रो काठमाडौँमा सडकको सुन्दरता बिगारे भनेर सडकपेटीका पसल उठाइएको भनिएको थियो ! यहाँ त सडककिनारैभरि पो छन् त ! तर यहाँका सडकपेटीका पसलका लागि राज्यले निकै चर्को कर लगाएको हुँदो रहेछ र कर तिरेर उनीहरू त्यहाँ व्यापार गर्दा रहेछन् । सडककिनारामै पसल भए पनि एक टुक्रा फोहोर देखिँदैन ! मूल कुरा त चेतना र व्यवस्थापन नै न रहेछ आखिर !

अब हामी वर्ल्ड ट्रेड सेन्टरतिर लाग्यौँ । आतङ्ककारी आक्रमणमा परेर भत्किएपछि पुनःनिर्माण गरिएको यो १०२ तलाको भव्य भवन छिर्न टिकट काट्नुपर्ने रहेछ। भित्र छिर्नासाथ देखिएको यसको निर्माणको भित्री, संरचना, फराकिलोपन, आकर्षण

चमत्कारिकजस्तो लाग्छ । भित्ताभरि यसको निर्माणको प्रयोजन र विशेषता लेखिएको पाइन्छ । यहाँ माथि जानका लागि लिफ्ट चढ्नुपर्ने रहेछ र त्यसका लागि सुरक्षाजाँच अत्यन्त कडा रहेछ । लगाएको ज्याकेट, पेटी, जुत्ता, घडी, कलम, पर्स आदि सबै सबै एउटा ट्रेमा राखिर स्क्यानमेसिनमा पठाउँदा रहेछन् र मानिसलाई पनि एक्सरे मेसिनबाट छिराउने गर्दा रहेछन् । लिफ्टमा २०-२५ जना मानिसलाई एकपटकमा हाल्दा रहेछन् । भित्ताभरि अनेक दृश्य देखाइरहेका थिए तर मोबाइलको क्यामरा तयार पार्दासम्म मिलिक्कै माथि पुर्‍याइसक्दो रहेछ ! आबाजले कानै दुखाउने ! माथि एक सय दुई तलाबाट हेर्दा सम्पूर्ण न्यु योर्क देखिँदो रहेछ । झन्डै झन्डै उत्रै अरू घरहरू पनि कति हो कति ! हुन त यस्ता टावर निर्माणको होड अहिले हाम्रो मुलुकमा पनि चलेको छ तर यहाँको यो वल्ड ट्रेड सेन्टर हेर्न आउने मानिसको भिड र त्यहाँको ठुलो सङ्ख्याको कर्मचारी व्यवस्थापन हेर्दा चाहिँ यो टावर निर्माणको प्रयोजन पर्यटक आकर्षणका लागि रहेछ भन्ने प्रस्ट हुन्छ । त्यसैगरी साविकको ट्रेड सेन्टर भवन आक्रमणको निशानामा परेपछि त्योभन्दा अझ ठुलो, व्यवस्थित र भव्य बनाएर देखाउने वा भनौँ शक्तिप्रदर्शन गर्ने उद्देश्यले पो यसको निर्माण गरिएको रहेछ कि भन्ने पनि लाग्यो मनमा ।

टावरबाट सबै नियालिसकेपछि हामी तल झर्‍यौँ । यसको छेवैमा यो टावर ध्वस्त पारिँदा जीवन गुमाउनेहरूको सम्झना र सम्मानमा ठुलो, आकर्षक र भव्य पार्क निर्माण गरिएको रहेछ । यहाँ मारिएकाहरू सबै सबैको नामोल्लेख पनि भएको देखिन्छ । पार्कमा आकर्षक बगैँचा, रुखविरुवासहितको त्यस्तै मनोहारी हरियाली व्यवस्थापन गरिएको छ । यहाँका रुखबिरुवाहरू भने पात झर्ने समय आउनलागेपछि हरियोबाट राता र पहेँला हुँदा रहेछन् त्यसैले राम्रा र आकर्षक देखिन्छन् ! रुखबिरुवाको रङ नै फेरिने प्रकृति चाहिँ अमेरिकामा अनौठो लाग्यो ! नेपालमा हामीले त्यस्तो नदेखेका । यसो अलिकति घुम्नेबित्तिकै सेयरबजारको प्रतीक विशाल साँढेको कलात्मक ढलोटको मूर्ति सडकको अलि फराकिलो किनारमा बनाइएको रहेछ र यहाँ आउने मानिसहरू त्यसलाई हेर्न, फोटो खिच्न झुम्मिइरहेका छन्, ठुलो भिड लागेको देखिन्छ । हामी पनि गयौँ, हेर्‍यौँ अनि फोटा खिच्यौँ । त्यसको केही पर अमेरिकाको न्यु योर्कको सेयरबजार कारोवार गर्ने विशाल भवन भेटियो । घुम्दै गर्दा हात्ती, गैँडा, बाघ, भालु, मृग आदि विभिन्न प्रजातिका वन्यजन्तुका कलात्मक मूर्ति वरिपरि बनाएर तिनीहरूले बैठक गरिरहेकोजस्ता देखिने आकृति निकै सुन्दर देखियो । प्रजातान्त्रिक मुलुक अमेरिकामा आआफ्ना हकअधिकारका लागि बैठक गर्ने छुट सबैलाई हुन्छ भन्ने सङ्केत गर्न खोजिएको हो कि ! वा यिनीहरूको आकर्षणका माध्यमबाट पर्यटकलाई भुल्याउने वा फोटो खिच्ने व्यवस्था गरिएको हो ! वा कलात्मक र सुन्दर बनाइदिने हो भने आकर्षण पैदा गराउने माध्यम जे पनि हुनसक्छन् भन्ने देखाउन खोजिएको हो ! निर्माणको प्रयोजन नै त थाहा

भएन तर ती मूर्तिहरू निकै सुन्दर, जीवन्त र आकर्षक लाग्यो हामीलाई पनि । त्यसैले फोटो चाहिँ हमीले पनि खिचिहाल्यौँ ।

घुम्दै गर्दा विशाल ट्रम्प बिल्डिङ भेटियो । अमेरिकाका पूर्वराष्ट्रपति र यसपल्टको निर्वाचनका राष्ट्रपतिका उमेदवार ट्रम्पको भवन हो भन्दै थिए मानिसहरू । सम्पन्न मानिएका मान्छेको यो घर साँच्चै भए पनि के ठुलो कुरा भयो र ! हामी अगाडि बढ्दै जाँदा र अमेरिकका केही सहरको फन्को लगाइसक्दा यहाँ बल्ल दुईजना ट्राफिक देखिए ! 'ए ! ट्राफिक त यहाँ पनि हुन त हुँदा रहेछन् नि'जस्तो पो लाग्यो । घुम्ने क्रममा बाटोमाथि यति विशाल, आकर्षक र भव्य फलामे पुल भेटियो कि यति ठुलो, यति धेरै फलाम लगाइएको र विशाल संरचना त आवश्यकताले भन्दा पनि देखाउनकै लागि पो बनाइएको हो किजस्तो पनि लाग्यो । यस्ता विशाल, भव्य फलामे पुल धेरैओटा निर्माण भएका छन् यहाँ ! अलि पहिले ढलाने पुल बनाउने कम प्रचलन भएका कारण यस्ता फलामे पुल बनाइएका पो थिए कि ! तर जेहोस् यिनीहरूको संरक्षण अत्यन्त राम्ररी गरिएको छ ! यस्तै यस्तै पुलहरूमार्फत माथि माथि पाँचतलासम्म गाडी गुडिरहेका छन्, रेल पनि माथि नै गुड्ने पनि देखियो न्यु योर्कमा । यस्ता सहरको माथि माथि पुलबाट गुड्ने रेललाई चाहिँ यहाँ 'मेट्रो रेल' भनिन्छ रे । यस्ता रेलहरू सामान्य जमिनको तहदेखि माथिको दोस्रो, तेस्रो, चौथो तलाजस्तो बनाएर दौडिएका पनि देखिए ! यी रेलहरू अस्वभाविक लामा चाहिँ होइनन्, ठिक्कका देखिए । विद्युतीय रेल पनि देखियो । सहरका बिचबाट विद्युतीय रेल कुदिरहेको देख्दा मलाई भने आफ्नो देशमा कुनै समयमा चल्ने ट्रलीबसको सम्झना आयो । तर के गर्नु र ! त्यही ट्रलीबसलाई आफ्नो देशका सत्ताधारीले बेचेर खाइहाले ! मन अलि कटक्क पार्दै हामी फेरि अगाडि बढ्यौँ ।

घुम्दै घुम्दै हामी हाम्रो काठमाडौँको वसन्तपुर, इन्द्रचोक, असन भनेजस्तै यहाँको ख्यातिप्राप्त, आकर्षक र रमाइलो बजार टाइम स्क्वायरमा पुग्यौँ । यो चाहिँ अलि बढी झिलीमिली, सबै प्रकारका मानिसहरूको भिड हुने, कोही खान वा रमाउनका लागि आउने, कोही चटक देखाउने, कोही गीत गाउने र मान्छे बटुल्ने आदि विविधताले युक्त निकै रमाइलो बजार रहेछ ! कोही फोटो खिचिदिऊँ ? भन्दै आइपुग्दा रहेछन् । माग्नेहरू पनि त्यत्तिकै ! संसारकै सम्पन्न र शक्तिराष्ट्र भनिए पनि माग्नेहरू प्रशस्तै देखिने ! दुर्व्यसन वा कुलतमा लागेर दिउँसै सडकमा लडिरहेका वा हल्लिँदै हिँडिरहेका पनि निकै धेरै देखिने ! सबै राम्रै राम्रो मात्र होइन जहाँ राम्रो हुन्छ त्यहाँ नराम्रो पनि हुन्छ, हुँदो रहेछ भन्ने लाग्यो मनमा । यसरी फनफनी खुट्टा दुखुन्जेल घुम्दा घुम्दा रात पर्न लागिहाल्यो तर घुम्नुपर्ने ठाउँ अझै धेरै छन् । अब साँझ परेपछि भने ब्रुकलिन पुल हेर्नुपर्छ, त्यो साँझमा असाध्यै रमाइलो देखिन्छ भन्नुभयो ज्वाइँले र हामी त्यतातिर लाग्यौँ ।

हामी ब्रुकलिन पुल पुग्दा साँझ झमक्कै पर्नलागेको थियो । हावा पनि यति चिसो कि मुटु नै छेड्लाजस्तो भइरहेको थियो

हाम्रो । जाडोले शरीर लुगलुग कामिरहेको थियो फेरि पनि रमाइलो चाहिँ हेर्नु नै थियो । संयोगले पुगिएको वेला रमाइलो हेर्न छुटाउने कुरा पनि भएन। त्यो विशाल पुलमाथि सबैभन्दा माथिल्लो भागबाट खुट्टाले हिँडेर हामी गयौँ । काठका मसिना फल्याक ठोकिएको छ र पुल अड्याउने फलामे लठ्ठा त कत्रा हुन् कत्रा डरलाग्दा! यसलाई न्यु योर्ककै अत्यन्त विशाल, अध्याधुनिक हाइब्रिड सस्पेन्सन ब्रिज मानिँदो रहेछ। सन १८६९ मा यसको निर्माणको थालनी गरेर सन १८८३ मा निर्माण सम्पन्न गरी सोही वर्षको मइ १४ देखि सर्वसाधारणका लागि खुला गरिएको यो विशाल पुलले म्यानहट्टन र ब्रुकलिनलाई जोड्दो रहेछ। वायर केबुल र स्टिलबाट निर्माण गरिएको यस पुलको विशाल फलामे मूल लठ्ठा नै ४८६ मिटर लामो रहेको अनि यसलाई अड्याउने दुइटा विशाल र अग्ला टावरमा यो झुन्डिएकोजस्तो देखिन्छ। पुलको कुल लम्बाइ चाहिँ ६,०१६ मिटर रहेछ ! न्यु योर्कको यो विशाल पुल र यसको भव्य कालिगढी न्यु योर्कको हेर्नै पर्ने ठाउँका रूपमा मानिँदो रहेछ। साँझमा यहाँबाट न्यु योर्कलाई हेर्दा तल बगिरहेको नदी तथा न्यु योर्कका घरहरूको झिलिमिली अत्यन्तै आकर्षक देखिँदो रहेछ । यसको भव्यताको बयान त गर्नसकिँदैन तर जति नै मुटु कमाउने जाडो भए पनि यसको अवलोकन चाहिँ गरिरहौँ; फोटो, भिडियो खिचिरहौँजस्तो लाग्ने रहेछ, यसको आकर्षणले तानेको तान्यै गर्दो रहेछ ! यो ऐतिहासिक पुलको निर्माणमा र यसको संरक्षणमा राज्यले गरेको लगानी र यसलाई पर्यटकीय गन्तव्य बनाउने सरकारी सोचलाई चैँ मान्नै पर्छ, जत्ति धन्यवाद दिए पनि कमै हुन्छ भन्ने हामीले ठान्यौँ । अलग्गै परिचयसहितको गन्तव्य बनाउन राज्यले कति उदार भएर खर्च गर्दो रहेछ अनि यसको संरक्षणका लागि कत्ति हो कति ध्यान दिँदो रहेछ भन्ने कुराको राम्रो उदाहरण वा नमुना पनि मान्न सकिन्छ यो पुललाई।

भोलिपल्ट हामीलाई स्ट्याचु अफ लिबर्टी जानु थियो । आज निकै राति पनि भइसकेको छ । जाडोले मुटु लुगलुग कमाइरहेको छ र हामीले फर्किएर ट्रेन चढेर गाडी पार्क गरिएको जर्सीसम्म र त्यहाँबाट होटलसम्म पुग्नु पनि पर्ने हुँदा त्यो विशाल ब्रुकलिन पुल हेरिराख्ने धोको थाती राखेर हामी फर्कियौँ।

फेरि भोलिपल्ट बिहानै जर्सीबाट गाडीमा ट्रेनस्टेसनसम्म र त्यहाँबाट रेलमा चढेर न्यु योर्क आयौँ । हामी सोझै स्ट्याचु अफ लिबर्टीतिर हान्नियौँ, टिकट काट्नुपर्ने रहेछ, काट्यौँ । अनि पानीजहाजबाट आँखाले हेर्दा पर निकै पर देखिने समुद्रको बिचमा रहेको स्ट्याचुसम्म जानुपर्दो रहेछ । जीवनमा पहिलोपटक चढिएको तीन तले पानी जहाजमा दोस्रो र तेस्रो तलामा ८६७ जना मानिस बस्नसक्ने जानकारी दिइएको थियो भने पहिलो तलामा पनि जहाजका कर्मचारी तथा केही यात्रु बस्नमिल्ने पर्याप्त ठाउँ रहेको देखिन्थ्यो । यस हिसाबले त्यो पानीजहाजले एक हजार मानिसलाई सहजै बोकेर हिँड्दो रहेछ ! सबै मानिसलाई बसाइसकेपछि बिस्तारै फर्काएर

स्ट्याचुतिर लैजाने यस जहाजको गति कता हो कता ज्यादा चाहिँ होइन ठिक्ककै थियो। हामी पनि सबैभन्दा माथिको तलामा बसेर फोटा खिच्न थाल्यौँ, भिडियो बनाउन थाल्यौँ। त्यस्तै तिस-पैँतिस मिनेटमा पुराइ पनि हाल्यो र त्यहाँ ओर्लिएर स्ट्याचु भएको ठाउँतिर जानुपर्ने रहेछ। पैदलै गएका हामी बडेमाका काठका बिम तथा फल्याक ठोकेका ठाउँबाट रमिता हेर्दै लाग्यौँ। अमेरिकाका धेरै ठाउँमा फलामको सट्टामा काठको प्रयोग गरिएको पाइन्छ ! यहाँसम्म कि घरबाहिरका पर्खाल (कम्पाउन्ड वाल) पनि काठका फल्याकले लगाएको देखिन्छ। आवासीय घरमा पनि बाहिरपट्टि मात्र दुई इन्चको इटाको गारो तर त्यसपछि भित्र, माथि सबैतिर फल्याककै प्रयोग गरिएको हुन्छ।

यो अमेरिकाको स्वतन्त्रताको प्रतीक स्ट्याचु चाहिँ दासयुगको र नागरिक युद्धको समाप्तिको उपलक्ष्यमा फ्रान्सले उपहार दिएको र स्ट्याचुकी महिला चाहिँ अफ्रिकन अमेरिकी महिला भएको विश्वास गरिँदो रहेछ। तामाको ३०५ फिट अग्लो यो मूर्ति बाइस तलाको रहेको र यहाँ ३५४ घुमाउरा सिँढीको प्रयोग गरिएको छ अरे। यतिखेर केही निर्माण चलिरहेका कारण भित्र पस्न भने पाइएन। सन १९२४ अक्टोबरमा निर्माण सम्पन्न भएको यो स्वतन्त्रताको मूर्ति चारैतिर समुद्रका बिचमा अत्यन्तै भव्य र आकर्षक पार्कका बिचमा निर्माण गरिएको हुँदा हेर्दै अत्यन्तै भव्य र विशाल देखिन्छ। यसको वरिपरि घुमेर फोटो खिचाउने मान्छे त कति हो कति ! अर्थात् पानीजहाजले लगातार ल्याउने र घुम्नका लागि छाड्ने अनि घुमिसकेकाहरू त्यही फिर्ता अरूलाई ल्याउन जान लागेको जहाजमा फिर्ता हुने अनि दिनैभरिको लगातारको आओतजाओत हेर्दा यो स्वतन्त्रताको प्रतीक हेर्नकै लागि दिनहुँ हजारौँ हजार पर्यटक आउँदा रहेछन् भन्ने सहजै अनुमान लगाउन सकिन्छ। अर्थात् यो पार्क न्युयोर्कको प्रमुख प्रर्यटकीय केन्द्र रहेछ भन्ने अनुमान सहजै लगाउन सकिन्छ। यहाँसम्म ल्याउने-लैजाने पानीजहाजको व्यवस्थापन, पार्कवरिपरिको हरियाली तथा वातावरणीय व्यवस्थापन, जान-आउनका लागि गरिने सुरक्षाजाँच, पार्कवरिपरि घुम्ने मानिसहरूले चियाखाजा खाने होटलहरू आदि पक्षलाई हेर्दा व्यवस्थापनको पाटो निकै सशक्त देखिन्थ्यो। हामीले पनि करिब एक घण्टा लगाएर पार्कवरिपरि घुम्यौँ, मूर्तिको फन्को लगायौँ र मूर्तितिर र समुद्रतिरका तस्बिरहरू लियौँ, अघाउँजी अवलोकन गर्‍यौ अनि पानीजहाजमा बसेर फर्कियौँ।

अमेरिकी स्वतन्त्रताको प्रतीकको अवलोकन गरिसकेर फर्केपछि पनि हामीले न्यु योर्कलाई केही बेर नियाल्यौँ। जाडोले टिप्पा खेलाइरहेको थियो। कस्तो अचम्म ! घाम पनि लागेकै छ, हामीले सकेसम्म धेरै लुगा पनि लगाएकै छौँ तर हावाले भने मानिसलाई नै उडाउँलाजस्तो गरिरहेको छ ! हाम्रा ओठ कमाइरहेको छ ! भित्रैसम्म छेड्ने चिसो जाडो यहाँको !

जे होस्, हामीले संसारको शक्तिराष्ट्र मानिएको अमेरिकाको चर्चित सहर

न्यु योर्कलाई दुई दिन लगाएर हेर्‍यौं, घुम्यौं, जानै पर्ने ठाउँमा पुग्यौं । वास्तवमा हामी घुम्दा घुम्दा लखतरान पनि भएका थियौं । अब भने हामीलाई जर्सी फर्किनु थियो र भोलि बिहानै जर्सीबाट न्यु जर्सीको बाटो समातेर डेलावेयरलाई फन्को मार्दै पेन्सिलभेनियाँ, बाल्टीमोर हुँदै हुँदै भर्जिनियाँ पुग्नु थियो । त्यसैले हामीले न्यु योर्कलाई बाइ बाइ भन्नै पर्ने थियो, भन्यौं र रेलबाट जर्सी फर्कियौं । हाम्रो दिमागमा हामीले घुमेका ठाउँको स्मरणका अतिरिक्त जाडोले नराम्ररी सेकाएको अनुभूति पनि सल्बलाइरहेको थियो ।

## ❑ कविता



❖ छविकिरण ओली

# युद्धका डोबहरू

बलात्कृत घाटले पोलेका लासहरू
विदिर्ण भूगोलको बाँझो कोखमा
अश्लील चित्र कोरिरहेछ अझै पनि
खग्रास लागेको चिहानघारीमा
यी सल्लाका सुसेलीसँगै
वसन्तको हार्दिकतामा रमाउँछन्
वैंशालु घामका लाजहरू
तैपनि म पर्खिरहेछु
विवशताका भञ्ज्याङ्हरू
इन्द्रेणी रङसँगै
नागबेली बाटाहरूमा
चोटलागेका घाउले कति सम्झन्छन्
आन्दोलनका डेटहरू
कति सम्झन्छन्
परेड खेल्दै बुट बजारेका शिविरहरू
कति सम्झन्छन् टुहुराहरूको चिच्याहट !

रक्तक्रान्तिले कोरिएको विधवा इतिहास
तुन्द्रुङ्ङ झुन्डिएको छ सव स्टेसनहरूमा
मृत्युको साङ्लो भिरेर
जीर्ण छन् धर्मका शिलाहरू
अँध्यारो चिहानमा
तै पनि सभ्यता कुल्चिएर रगतका फल्सामा
चिप्लेटी खेल्दै
आदिम युग दौडन्छ
युद्धले विस्थापित बस्तीमा
त्यही बस्तीको कुरूप पिढीमा बसेर
सिन्दुर नामेट भएका विधवा आमाहरू
शान्ति पर्खेर बसिरहेछन् अझै पनि
त्यही बस्तीमा लुतोले खाएका
भुस्याहा कुकुरले रातभरि शोकधुन अलाप्दै
शोकसभा गर्छन् अँध्यारो सन्नाटा चिरेर
मेरो बबुरो देशमा
अशान्तिको मसाल बोकेर
दौडने कुरूप सडकमा !

ब्राह्मणको छाती चिरेर
निस्किएको कुमारी घाम
दोबाटोको ब्रक्ररेखामा
आफ्नो कुमारित्व बिच्छ्याउँदै
ढुङ्गे देउरालीको सिरानी लगाउन
ओरालो झर्छ चिहानघारीको बाटो हुँदै
र भेट्छ अनगिन्ती निदाएका शिला
भेट्छ मयुरपंक्षी
मृग शावका बथान
भेट्छ पैयुँका डालीमा
वसन्तको गीत गाइरहेका
न्याउली चरीका झुन्ड
तैपनि रोकिदैन झर्छ
अँध्यारो चिर्न नीरव बस्तीमा
अनलमा मुर्दा जलेको धुवाँले
पोतिएको छ धर्मशाला
त्यही धर्मशालामा जीर्ण तन भएका वृद्धहरू
मृत्यु पर्खेर बसिरहेका छन्
निराशाका पहाड भत्काउँदै
नस्लवाद र कोलोनीले जरा गाड्न सक्छ
वीरहरूको तातो रगतले
आर्जिएको धरातलमा
अवलुन्ठित छन् सहिदका सालिक
वैशाखी टेकेर हिँड्छ देश
शिशु बलात्कारको प्रसवपीडाले
छट्पटाएको वेला
कानुननै हातकडीमा उभिन्छ
अनि उठाउँछ मुचुल्का
बन्दुकको नालमा सत्यताको आबाज !
राखिएन यी भुइँमान्छेको अभिलेख
सिलौटे पत्थरमा
राखिएन पाटीपौवा र फलैंचामा
उनका मृत्युवरणका सहीछाप
उद्घाटन गरिएन पानसमा बत्ती बालेर
मुर्दा दाहसंस्कारको
कोमामा पसेको दुर्बलझैँ
अशक्त मेरो देशमा
मृत्युको साइरन बजाउँदै दौडन्छ
मुक्त सडकमा कालो मसाल
पोल्टाभरि राताम्मे गुराँस काखमा बोकेर
हाँस्ने स्वर्णगिरिको फेदीमा
चिसो सिरेटो पिएर
भोक मेटाउछन् गाग्रीहरू !

यी मठमन्दिर, चैत्य, गुम्बा, मस्जिद
स्तुपा, चौतारी र अजन्ताका भित्ताहरूमा
कोरिए पनि उत्सर्गका गाथा
अलाप्दैन वीरहरूको सिरुपाते खुकुरीले
अलाप्दै ओथारा बसेको पोथी परेवाले
अलाप्दैन स्वर्णिम धरातलले
आकाशको जूनघाम साक्षी छ अझै पनि
तैपनि कुरूप ध्वोज बिहानसँगै
वीरहको गीत गाउँदै
ओरालो झर्छ एउटा दारुण युग
निलेर भोका देवता
पिएर सहिदको रगत
भत्काएर चिहानघारीमा निदाउँछ
वसन्तको ओझेलमा
लासहरूको सिरानी लगाएर
अर्धमूर्च्छित मेरो देश
आदिम युगले उठाएका कङ्काल बटुलेर
म आफ्नै पिँढीमा जून हेर्दै बाँचेको छु
मेरा भोका सपनाको अवसान भएपछि !

*बिर्तामोड नगरपालिका वडा नं.३*
*सैनिकमोड, झापा ।*

# म कवि होइन

❖ दिलिप चापागाईं

महाशय !
अब पुग्यो
मलाई धेरै नगिजोल
आफ्नै प्रकृति र प्रवृत्तिमा रम्न मन छ
अन्तरचेतनामा गम्न मन छ
आफ्नै सुर र तालमा बज्न देऊ
अनुपम छटामा मिसिएर
मन्द मुस्कानमा रम्न देऊ
बिन्ती मलाई कवि नबनाऊ ।
हो, म शब्द खेलाउँछु
अक्षरका वायुपंखी झोक्काहरू
संस्कृत, उर्दू, बङ्गाली, हिन्दी, फारसी
थरी थरी घोडा चढेर
मलाई छुन आउँछन्
र मेरा  कलममा
रक्तसञ्चार गराउँछन्
मैले जानी-नजानी
तिनमा आत्मा भर्न सकिन
किनभने म कवि बनिन ।
मेरो स्वाभिमानले कहिल्यै मन्च खोजेन
लाभहानिको सपना देखेन
मलाई कसैको कठपुतली बन्नु छैन
कसैको फेरो समाएर
जङ्घार तर्नु पनि छैन
न टाइ कसेर आडम्बरी बन्नु छ
न आफैँलाई विभूषित गरेर
उचाइ थप्नु छ
दिउँसै सपना देख्ने
मेरो रहर हुँदै  होइन ।
सिर्जनामा नयाँ बीजारोपण गर्नु छैन
शान्त र स्निग्ध तलाउमा
द्वन्द्व र घृणाको आगो सल्काउनु पनि छैन
म त केवल
अक्षरको बालीमा रमाउने मान्छे
बिन्ती मलाई कवि नबनाऊ
म त कवि हुँदै होइन ।

*जागृतिनगर, काठमाडौँ ।*



❖ लीलाराज दाहाल

# गजल

रोई रहे कर्णाली धेरै कुरा बिग्रन्छ
नभए अन्न बाली धेरै कुरा बिग्रन्छ !
भोकले बालुवा खाएका नानीलाई
नगरी बसे गाली धेरै कुरा बिग्रन्छ !
चरा बसाइँ सर्छन् निराशाको जङ्गल
उजाडिए डाली धेरै कुरा बिग्रन्छ !
धनीहरूले होइन गरिबहरूले मात्रै
चढ्नु परे उकाली धेरै कुरा बिग्रन्छ !
कतै जातका नाउँमा कतै धर्मका नाउँमा
बाँडिए भने नेपाली धेरै कुरा बिग्रन्छ !

*बागमती ११, कर्मैया, सर्लाही ।*

# पुर्खाको वरदान



❖ शीतल गिरी

इतिहासलाई समाज विकासको आधार वा मेरुदण्ड मानिन्छ । कुनै पनि समाजको विकासको रूपरेखा त्यस समाजको विकासको रूपरेखा, त्यस समाजको ऐतिहासिक पृष्ठभूमिका आधारमा कोरिएको हुन्छ । 'कीर्तिर्यस्य स जीवति' भन्ने सूत्रअनुसार इतिहासले समाजको ढुक्ढुकी बोलिरहेको हुन्छ, सजीवताको प्रमाण पेस गरिरहेको हुन्छ ।

पुर्खाको देनलाई पुस्ता-दरपुस्तासम्म हस्तान्तरण गर्न सजिलो छैन । चार कोसमा पानी फेरिन्छ, आठ कोसमा बोली फेरिन्छ, एक शताब्दीमा लिपि फेरिन्छ भन्ने भनाइले पुर्खाको नासो संरक्षण गर्न कति गारो छ भन्ने देखाउँछ । अमूर्त नासोभन्दा मूर्त नासोलाई बढ्ता मर्यादा गर्ने गरिएको छ । पुर्खाको मूर्त नासो यानी लिखित इतिहास पक्का मानिन्छ ।

कालक्रममा भाषा परिवर्तन हुँदै जाँदा, शब्दहरू अपभ्रंश भएर जाँदा, तिनै व्यवहारमा स्थापित हुँदा र पुराना शब्द पाखा लाग्दै गएमा जुन मर्म बोकेर स्थापना गरिएका ताम्रपत्र, शिलालेख हुन्छन् तीभन्दा भिन्नै मनगढन्ते अर्थ लगाउने अवस्था आयो भने गलत बुझाइ हुने सम्भावना हुन्छ । प्राचीन मानव सभ्यता हुर्केबढेको हाम्रो देशमा समाज विकासका इतिहासका थुप्रै थातथलाहरू छन् । वि.सं.को तेरौँ शताब्दीतिर तिव्वतको खारी प्रदेशबाट आएका नागराजले कर्णाली प्रदेशमा स्वतन्त्र खसराज्यको स्थापना गरेको मानिन्छ । सो समयमा मौलाएको सिँजा राज्यको शीतकालीन राजधानी दुल्लु हुनुले पनि सिँजा राज्य विस्तार तथा व्यवस्थापनको इतिहासमा दैलेखको उपस्थिति प्रमुख रहनु स्वाभाविक छ । राम्रो मिलेको भौगोलिक बनावट, थ्याप्चिएका डाँडापाखा, उब्जाउशील माटो, वनजङ्गलको सुविधा, फराकिला फाँटले पनि यो क्षेत्र मानव बस्तीका लागि रोज्जा देखिन्छ ।

पौराणिक इतिहाससित जोडिएका विभिन्न शक्तिपीठहरूले दुल्लुक्षेत्र सबैका लागि पुण्य तीर्थस्थल बन्ने नै भयो । यहाँका विभिन्न क्षेत्र विशेष गरी सतीदेवीको अङ्ग पतन भएका सन्दर्भका, शिवसित सम्बन्ध जोडिएका, महाभारतकालीन पाण्डवसित सम्बन्धित छन् । यहाँको पञ्चकोसी तीर्थस्थल धेरैजसो शिव-सतीदेवीसित सम्बन्धित छन्, धरम गद्दी (गादी) पाण्डवसित प्रसङ्ग जोडिएका छन् ।

नेपाली भाषाको उत्पत्तिस्थल सिँजा उपत्यकाको गृष्मकालीन राजधानी सिँजा राज्यको दुल्लु हो । धेरै जाडो हुने ठाउँ भएको हुँदा सिँजाको भन्दा न्यानो ठाउँ दुल्लुको जनसङ्ख्या धेरै हुनु, जनघनत्व धेरै हुनु स्वाभाविकै हो । जहाँ धेरै मानिस

हुन्छन् त्यहाँ धेरै बोलीचाली हुन्छ । पूर्णप्रकाश नेपाल यात्रीको अन्वेषणमा पाइएको नेपाली भाषाको वि.सं.१०३८ को दामुपालको शिलालेख जुन अहिलेसम्मकै सर्वप्राचीन मानिएको छ, दुल्लुमा भेटिनु यो कुनै संयोग नभएर हुनुपर्ने वास्तविकता हो । नेपाली भाषाको उत्पत्ति र विकासका लागि सिँजाजत्तिकै हकदार छ दुल्लु भन्ने कुरा प्रमाणले भन्दै छ । दुल्लुमा ढुङ्गे देवल, ढुङ्गे खम्बाहरू थुप्रै छन् । पृथ्वी मल्लका पालामा स्थापित दुल्लुको कीर्तिखम्बा र दामुपालको शिलालेखलाई संरक्षण गर्ने प्रयासस्वरूप फलामे बार लगाइएको छ । तत्कालीन राजधानीको सीमाक्षेत्रभित्र कुनै सीमा सङ्केतका लागि हुनसक्छ गाडिएका झन्डै एक मान्छेभरका ढुङ्गे खम्बाहरू, घाँस काट्ने हँसिया, खुर्पा उध्याउने उधिनढुङ्गा अहिले विरुप बन्न पुगेका छन् ।

पटाङ्गिनी चोकनिरका जोडी ढुङ्गे देवलहरू पनि आफ्ना भावी दिनको उल्टो गनाइमा रहेजस्तो देखिन्छ । २०५९ सालमा तत्कालीन माओवादीद्वारा ध्वस्त पारिएको राजदरवारको पुनः निर्माण हुनसकेको छैन । दरबारक्षेत्र र कीर्तिखम्बाक्षेत्रको बिचमा पर्ने धरमगादी सिलाङ्गी नामको वृक्षमुनि खुला ठाउँमा भक्तभक्तिनीहरू बस्ने गर्छन् । त्यहाँ रहेको एउटा विशेष आसनमा बसेर शिवजीले धर्मराज युधिष्ठिरलाई धर्मको उपदेश गरेको भन्ने भनाइ छ त्यसैले यसलाई धरमगादी भनिएको हो । यो सिलाङ्गीको बोट शिवजीले रोपेको र होमकुण्डको धुनीको अग्नि पनि पहिलोपटक शिवजीले जलाएको भन्ने गरिन्छ । झट्ट हेर्दा कपुर वा लिचीको जस्तो देखिने सिलाङ्गीको यो बोट ठुलो छ र निकै पुरानो होलाजस्तो लाग्छ । वर्षमा दुईपटक फुल्ने सिलाङ्गी पहिलोपटक असोजको सुरुमा र दोस्रोपटक कात्तिकमा फुल्छ । यसको फूलको बास्ना लङ्कासम्म पुग्ने विश्वास गरिन्छ । तितो स्वादको फागुन/चैततिर पाक्ने यो फलले मधुमेह, उच्च रक्तचाप, झाडापखालाजस्ता रोगलाई ठिक पार्छ भनिन्छ । अचम्मको कुरा त के छ भने यसको बिउ अझैसम्म कहीँ कतै उम्रेको छैन भन्ने जनविश्वास छ। नेपालका थुप्रै जातजातिको उद्गमस्थलको रूपमा दैलेख जिल्लालाई लिने गरिन्छ । डाँडा पराजुल, अवल पराजुल गाउँका बासिन्दा पराजुली भए, बाँगीगाउँका बासिन्दा बसेल, बस्याल भए; नेपा गाँउका बासिन्दा नेपाल भए, दुल्लुका बासिन्दा दुलाल भए । नेपालका थुप्रै जातजातिको थरसित दैलेखको साइनो छ । दुल्लुका पाका पुस्तासित गफिने हो भने हरेक थरका गाउँ सबै दैलेखमा रहेको बताउन कस्सिन्छन् ।

“सिँजा हाट, दुल्लु विराट” यस पुरानो कथनले सिँजा र दुल्लुको मिठो तुलना गरेको छ र दुल्लुलाई सिँजाभन्दा बृहत् पनि भनेको छ । दुल्लुमा शिरस्थान (सतीदेवीको शिर पतन भएको ठाउँ), नाभीस्थान (सतीदेवीको नाभी पतन भएको स्थान), कोटिलास्थान (सतीदेवीको कोख पतन भएको स्थान), पादुकास्थान (सतीदेवीको पाउ पतन भएको स्थान), धूलेश्वर (सतिदेवीको सबे अङ्ग पतन भइसकेपछि महादेवले धुलो टक्टक्याएको स्थान), बालेश्वर मन्दिर, डुङ्गेश्वर मन्दिर, पत्थर नाउली, दुल्लु पौवाका

अतिरिक्त प्राकृतिक अग्निज्वाला, ढुङ्गे खम्बा, ढुङ्गे देवल, शिलालेखजस्ता आश्चर्यलाग्दा कुराहरूले दुल्लु दैलेखलाई दिव्यता प्रदान गरिरहेका छन् । पौराणिक सन्दर्भले दुल्लुक्षेत्रलाई देवलोक पनि भन्ने गरेको सुन्न पाइन्छ । यही भनाइसित मिल्दोजुल्दो गरी नेपाली बृहत् शब्दकोशले दैलेखको व्युत्पत्ति देवलोक-दिवीलोक-दैलेख भनी उल्लेख गरेको छ । विभिन्न पौराणिक सन्दर्भका तीर्थस्थलहरूले यस क्षेत्रलाई पवित्र मानी दैलेक भनिँदै जाँदा पछि दैलेख भनिएको हुनसक्छ । त्यसो त स्थानीय वासिन्दाले दुध (गोरस) प्रशस्त उत्पादन हुने भएकाले दही उत्पादन क्षेत्र भनेर दहीलेक भनिएको र पछि दैलेख भएको पनि भन्ने गर्छन् । दैलेखमा रहेको पञ्चकोसी दर्शनले पितृउद्धार, आत्मशुद्धि र मनोकामना पूरा हुन्छ भन्ने जनविश्वास रहेको छ । सनातनदेखि पञ्चकोसी परिक्रमा गर्ने चलन छ।

दैलेखका शिरस्थान, नाभीस्थान, पादुकास्थान, धुलेश्वर र कोटिलालाई पञ्चकोसी तीर्थ भनिन्छ । दैलेखको पञ्चकोसी परिक्रमा गर्न भक्तजन लालायित हुन्छन् । धार्मिक यात्रा पक्कै पनि सहज हुँदैन, हुन पनि हो सहजतापूर्वक आत्मीय आनन्द र मानसिक सुख प्राप्त हुन्न ।

लोहोरे र कर्नालीको संगम डुङ्गेश्वरमा सिद्धेश्वर महादेवको मन्दिर छ । डुङ्गेश्वरमा दशनामी सन्यासी जातिका देउकेटा पुजारी हुने चलन छ । १६ वर्षको उमेरसम्म उनीहरू देउकेटाका रूपमा रहन्छन् । सिद्धगङ्गा र छामगाढ नदीको सङ्गममा कोटिला मन्दिर छ । श्रीस्वस्थानी व्रतकथाअनुसार महादेवले मृत सतीदेवी बोकेर हिँड्दा सतीदेवीका यहाँ कोख पतन भएको रहेछ । यस मन्दिरमा महन्तको रूपमा दशनामी सन्यासी जातिका माता रहन्छन् । पौराणिक कथाले भन्छ, कोटिलामा दधिची ऋषिले कोटिहोम लगाएका थिए । यज्ञमा आमन्त्रित देवराज इन्द्रले होम गर्ने चरू स्वर्गबाटै ल्याएका थिए । होम गर्दा चरू उछिट्टिएकाले जमिनमा परेर उम्रियो र मन्दिरक्षेत्रमा अहिले पनि देख्न पाइँने यसलाई जनबोलीमा 'इन्द्र जौ' भनिदो रहेछ । दैलेखको पञ्चकोसी प्रकृति र अध्यात्मको दोभान मानिन्छ । वैवश्वानरपुराणमा पञ्चकोसीको वर्णन पाइन्छ। शिरस्थान, नाभीस्थान, पादुकास्थान, धुलेश्वर र कोटिलामा मन्दिर छन् । डाँडामा छ धुलेश्वर मन्दिर, अरू मन्दिर चाहिँ खोलाकिनारमा छन् । पञ्चकोसीका विषयमा अनेकौं किंवदन्ती छन् । पादुकामा भगवान विष्णुको पाउको आकृति भएको शिला छ । भगवान बुद्धको मूर्ति पनि छ । धुलेश्वर वैश्वानर ज्वालाक्षेत्रको मध्य भागमा पर्छ । त्यहाँ सबै देवताको वास रहेको विश्वास गरिन्छ । दैलेख जिल्लामा २७९ मूर्त र २२ भन्दा बढी अमूर्त सम्पदा छन् । नाभीस्थानमा योगी सम्प्रदायका महन्त छन् । त्यहाँ इन्द्रज्वाला र बडीज्वालाको दर्शन गर्न पाइन्छ । शिरस्थान पनि रमणीय स्थानमा छ । पञ्चकोसी परिक्रमको प्रवेशद्वार कोटिलालाई मानिएको छ । शिरस्थानमा महाशिवरात्रिमा, नाभीस्थानमा माघेसङ्क्रान्तिमा, पादुकामा जनैपूर्णिमामा, कोटिलामा वैशाख १ गते, धुलेश्वरमा नवरात्रमा र डुङ्गेश्वरमा मङ्सिर पूर्णिमामा मेला लाग्छ । मान्छेको आस्था र विश्वास भन्ने कुरा गजबकै हुन्छ। पञ्चकोसीका

ज्वालाहरूको विषयमा धार्मिक र वैज्ञानिक मत फरक फरक पाइन्छ । किंवदन्तीअनुसार सतीदेवीको शिर पतन भएपछि क्रोधित भएका महादेवको नेत्रबाट निस्किएका अग्निज्वाला हुन् यी । तर वैज्ञानिकहरूको मतमा प्राकृतिक ग्यास भएकाले ज्वाला बलेको हो । विज्ञान पक्षधर भन्छन्, 'जमिनमुनि रासायनिक ग्यास उत्पादन भएकाले त्यो ज्वालाको रूपमा सदिऔँदेखि बल्दै आएको छ ।' हामी न विज्ञानलाई काट्न सक्छौँ न धार्मिक आस्थाविरुद्ध प्रहार गर्न । ज्वाला भएकोले मात्र पञ्चकोसीको महत्त्व बढेको होइन, अन्य धार्मिक विश्वास पनि जोडिएको पाइन्छ यसमा । सबभन्दा महत्त्वपूर्ण मानिस हो, यसर्थ मानिसको आस्था र विश्वासको सम्मान गर्नुपर्छ । जब आस्थापूर्वक मान्छेहरू तीर्थस्थल पुग्छन् तब उनीहरूका अनुहारमा एकाएक चमक देखापर्छ । आत्मविश्वास बढ्छ।

भूर्तिमा २२ वटा देवल छन् । लोकको विश्वासअनुसार देवलहरू खस मल्लकालीन राजपरिवारका समाधि हुन् । यसर्थ देवलहरूमा पूजा गरिदैन । खासमा देवलहरू कसले र कहिले बनायो यस बारेमा कुनै अभिलेख पाइएको छैन । म पुर्खाको नासो मासिनुपर्छ भन्ने पक्षमा छैन । पुर्खाको ज्ञानविना जीवन असहज हुने छ । क्षण मरिरहेको हुन्छ समय बचाउन । व्यक्ति मरिरहनु पर्छ, इतिहास बचाउनुपर्छ । मानिस मर्दै मरेन भने निरन्तरता कसरी अजस्त्र रहन सक्ने छ । यसकारण जीवनमा मृत्युको विचार मलाई परम कल्याणमय लाग्दछ । यसबाट भय प्राप्त हुन्छ अनि धार्मिक तीर्थस्थल भ्रमण गरिन्छ । कसैमा निराशा र उदासीनता पनि प्राप्त हुन सक्दछ । निराशा र उदासीनता पन्छाउन गरिने तीर्थाटनलाई म मूल्यवान मान्दछु । गृहीत्इवकेशेषु मृत्युना धर्मामाचरेत् । मृत्यु सम्मुखमा छ, यस कुरालाई यदि हामीले ध्यानमा राख्यौँ भने अवश्य आचरण सहज हुने छ । अन्त्यमा त्यही धर्मले सहजतापूर्वक मृत्यु स्विकार्ने आँट दिन्छ । यसो त जीवनमा मानिस धेरै कमाउन सङ्ग्रह गर्न लाग्दछ तर मृत्यु हुँदा उसले कमाएको वा सङ्ग्रह गरेको यहीँ रहन्छ । मर्ने वेलामा राजाले पनि आफूलाई रित्तो पाउँछ जसरी रङ्क । र्मत्यु सबका लागि समान हो । यदि अन्तर देखा पर्छ भने धन आर्जनको कारणले नभई प्रतिभाका कारणले मृत्युपछि पनि देखिन्छ । प्रतिभाको कमाइ यानी उसलाई स्नेहपूर्वक सम्झना । भ्रमण खासमा पुर्खाको आर्जन, अवलोकन र मनले जीवनको निर्माण गर्दछ । यसकारण यस मानेमा सम्पन्न दुल्लु-दैलेखको अध्ययन र भ्रमणले प्रतिभा भएकालाई मरेपछि पनि अमर बनाउँछ । प्रतिभा भएकाले मृत्युलाई जित्दछ । जित्दछ यसकारणले कि उसले आफ्नो जीवनकालमा आफ्नो प्रतिभामार्फत मृत्युलाई हराइसकेको हुन्छ । हो, अहिले पनि अवसर छ - स्वार्थभन्दा माथि उठेर दुल्लु-दैलेखको विगतको गहन अध्ययन गरी न्याय गर्नेलाई । स्वेच्छासाथ पुगौँ, आफूले सकेको गरौँ, भ्रम होइन यथार्थ अगाडि ल्याऔँ ।

*मध्यपुर ८, थिमी बोडे, सूर्योदय समाज, भक्तपुर ।*

# सुन्दर विचारको फूल 'सोकेसको ऐना'




❖ होमशंकर बास्तोला

कवि एवम् निबन्धकार बोधराज पौडेलको *'सोकेसको ऐना'* निबन्धसङ्ग्रहमा ३२ वटा निबन्धहरू सङ्गृहीत भएका छन् । यसअघि पौडेलको *'बगर र काँसहरू'* कवितासङ्ग्रह २०७५ सालमा प्रकाशित भएको थियो । छन्द कविता लेखनमा समेत आफ्नो पहिचान बनाइसकेका पौडेलको *'सोकेसको ऐना'* निबन्धसङ्ग्रह दोस्रो कृति हो । *'सोकेसको ऐना'* निबन्धसङ्ग्रहका निबन्धहरू विभिन्न भावभूमि एवम् सामाजिक जीवनका आयामहरूलाई विषयवस्तु बनाएर लेखिएका छन् । यो सङ्ग्रह समाजमा देखिएका विषय र भोगिएका अनुभवको दस्तावेज हो । यस कृतिमा समाहित भएका निबन्धले हाम्रा अग्रजको अनुभवलाई समेत सचित्र गरेको गरेको देखिन्छ।

यस सङ्ग्रहमा सङ्गृहीतमध्ये *'स्वार्थी आँखा'* एक निबन्ध हो । स्वार्थी आँखामा आँखाले देख्दैन भने मन, मस्तिष्कले चिन्तन गर्दैन । आँखाले जीवनमा सुन्दर देखे सुन्दर र कुरूप देखे कुरूप देख्नु आँखाको दृष्टि हो । त्यसर्थ हेराइबाट नै हरेक कुराको दृष्टिकोण बन्छ भन्ने कुरा यस निबन्धमा व्यक्त गरेको देखिन्छ । जीवनका उकालीओराली पार गर्दा शीतलता पिउन वरपिपलको महत्त्व कम छैन । भारी बोकेर तरतरी पसिना आउँदा एक छिन सुस्ताउन वरपिपलको आनन्द छुट्टै हुन्छ । धार्मिक वा सामाजिक सेवाभावले निर्माण गरिएका वरपिपलका चौताराहरू गाउँतिर प्रशस्तै निर्माण गरिएका हुन्छन् । हो *'भाग्यमानी वर'* जसले हरेक जीवनका यात्राहरूमा केही न केही समय विश्राम दिएर आनन्दानुभूति दिन्छ । जिन्दगीका पाइलाहरूमा बिसाएर आराम दिन्छ । भारी बिसाउन र पसिना ओभाउन वरको चौतारो वा वरपिपलको छहारीले शीतलता दिन्छ।

*'सिन्दुर'* पारिवारिक मेलको अनुपम निबन्ध हो । सिन्दुरमा माइलाबाको आदर्श परिवार र माइलाबाको आदर्श प्रस्फुटित भएर व्यक्त भएको छ । बाको शालीन र सौम्य स्वभावबाट आजको बेमेल, झगडालु, विद्रुप सामाजिक जीवनले आदर्शपन सिक्नुपर्ने देखिन्छ। गाउँ र सहरिया वातावरण केही न केही फरक हुन्छ। *'ओहो ! मेरो सहरको सभ्यता'*मा वर्तमान सहरिया वातावरणीय दृष्टिकोणको पटाक्षेप गरिएको देखिन्छ । सहरमा आफ्नो सानो घर बनाउन खोला साँघुर्‍याउँदा वर्षादको बाढीले घर र




*कृति : सोकेसको ऐना (निबन्धसङ्ग्रह)*
*निबन्धकार : बोधराज पौडेल*
*प्रकाशन : बिएन पुस्तक संसार, काठमाडौँ*
*मूल्य : रु.३००/-*
*पृष्ठ : १५९*

बस्ती आफूमा समाहित गरिरहेछ । सहरका खोला मिचेर बस्ती बसाउँदा बाढीले बगाएर जनधनको जुन क्षति भइरहेको छ त्यसको फेहरिस्त हो *'ओहो ! मेरो सहरको सभ्यता'* निबन्ध । *'सोकेसको ऐना'*भित्रका निबन्धहरू यति चोटिला र घोचिला छन् कि पाठकले दृष्टि लगाएपछि समाप्तिविना रोकिदैनन् । वर्तमान नेपाली निबन्धक्षेत्रमा बोधराज पौडेलको उपस्थिति छुट्टै लय, शैली र मौलिकताबाट उजागर भएको निबन्ध अध्ययनको क्रमबाट स्पष्ट हुन्छ । यी निबन्धहरूमा जीवन र जगत्को आयाम त छँदै छन् मानवीय संवेदनाहरू पनि उत्ति नै प्रस्फुटित भएका छन् । पारिवारिक र सामाजिक घटनाहरू कति छन् कति । बिरामी भएको कुरा डाक्टरले थाहा पाउला भनेर अस्पताल गएपछि उल्टै बिरामीलाई के बिरामी भएको ? कहाँ दुख्छ ? आदि डाक्टरले सोधेर रोग थाहा पाउनु डाक्टरको नियतिमा *'तेरो डाक्टर केही जान्दैन'* निबन्ध रोचक लाग्दछ । बाबुको उपचार गर्न डाक्टर भेटाउँदा तपाईँलाई कस्तो छ ? भनेर सोध्छ । डाक्टरले बिराम थाहा पाउने भए किन सोधेको भन्दै 'तेरो डाक्टरले केही जान्दैन' भन्ने आजसम्म स्वस्थ रहेको मान्छेको स्वाभाविक विचार हो । हो, डाक्टरले आफ्नो धर्म निभाएर उसको सल्लाहमा सुर्तीको तलतल बन्द गराउनु पनि डाक्टरको तागत हो बिरामीको अम्मल परिवर्तन गराउन । निबन्धमा समयसापेक्ष आञ्चलिक जीवनका पारिवारिक आयामहरूलाई राम्रै गरी केलाएर प्रस्तुत गरिएको भेटिन्छ ।

सोकेसको ऐनाभित्रका निबन्धहरू पढिरहौँझैँ लाग्दछ । जीवनमा अभाव वा अन्य पीडाले भौँतारिएर समय कटाउँदाका क्षणहरू यहाँ यत्रतत्र कुँदिएका छन् । *'सोकेसको ऐना'*ले तस्बिर खुइल्याइए पनि पाठकको मन भने अवश्य पगाल्ने छन् । मानवीय चिन्ता र चासो हरेक लेखकमा हुनु राम्रै हो । त्यसमा उमेरको आधारमा के बालक, वृद्ध वा युवावयलाई शब्दमार्फत मन छुनसक्नु पनि चानचुने कुरा होइन । लेखनको कलात्मक प्रतिविम्बले बालक, युवा, वृद्धहरूको भावना र हिँडाइमा उत्प्रेरित

गरिरहेको हुन्छ । हो, यिनै भावना एवम् संवेगहरूलाई शैलीगत वैशिष्ट्यले निबन्ध पठनयोग्य रहेको छ । यी निबन्धहरूमा सामाजिक, राजनैतिक विकृति र सामाजिक जीवनका पीडाहरू राम्रै गरी उनिएका छन् । त्यसर्थ यी निबन्धहरू आगोमा तताएर रापिलो पार्दै फलामले कुटेर चाहेको आकार बनाएझैँ बनेका सुन्दर विचारका फूल हुन् । सुन्दर निबन्धका सर्जक बोधराज पौडेलको यस कृतिमा कौलुहलताको वातावरण बनाएर चैतन्यको गहिराइ खोज्नु निबन्धको प्रमुख विशेषता रहेको देखिन्छ । अतः यो कृति पठनीय र सङ्ग्रहनीय देखिन्छ ।

❑ कविता



❖ विनिशा सापकोटा

# साकुराको फेदमा लालीगुराँस

लालित्यले छपक्कै छोपेर
त्यो रक्तिम सौन्दर्यमा सजिएको
सुवासित बगैँचा
जहाँबाट मैले प्रेम गर्न सिकेकी थिएँ देशलाई ।
आफ्नै माटोको माया बोकेर
यायावर बनी टाढा टाढा भौँतारिँदा पनि
देश फुलिरहन्छ छातीमा लालीगुराँस भएर ।

यता साकुराहरूको मुस्कानसँग
लालीगुराँसलाई नियाल्छु
तर कता कता
त्यो प्रेमिल आत्मीयता नभएझैँ लाग्छ,
जुन डाँडाभरि
आफ्नै माटोको माया बोकेर छरिन्थ्यो
केही मिठास हराएझैँ लाग्छ
जुन अलौकिक सौन्दर्य बोकेर
विनास्पर्श मनैमा भरिन्थ्यो ।

फूलैफूलको सहरभित्र
जब गुराँसको यादले म तड्पिन्छु
लाग्छ सुगन्धरहित पुष्पहरू
रङविहीन पत्रहरू छरिएका छन्
मानिसका भिडझैँ ।
मुस्कुराइरहेका हजारौँ ओठहरूका बिचमा
लाखौँ परदेशीलाई सम्झेर
उदास छ मेरो देश ।
म खोजिरहेछु
साकुराको फेदमा मुस्कुराइरहेको
मेरो प्रिय लालीगुराँस ।

म बाँचिरहेछु
आफ्नै रङको सुवास बोकेर
आफ्नै माटोको
लालीगुराँस
छातीमा फुलाएर ।

# प्रतिष्ठा

❖ राजकुमार पोखरेल

*धेरै वर्षअगाडि २०४६ तिर गोर्खाको दुर्गम क्षेत्रस्थित तिब्बतको छेउमा रहेको पारुहाङ हाइस्कुलको कथा :*

**प्रधानाध्यापक :** माधव के छ तिम्रो हालखबर ?
**माधव :** ठिक छ हजुर ।
**प्रधानाध्यापक :** अनि छोरीले एसएलसी परीक्षा दिई हैन र ?
**माधव :** जाँच दिएर रिजल्ट पर्खेर बसेकी छ सर ।
**प्रधानाध्यापक :** ल ठिक छ । भोलि मेरो अफिसमा पठाइदिनू ।
**माधव :** केही थियो कि सर ?
**प्रधानाध्यापक :** अँ, खासै केही त छैन । यसो सल्लाह गर्नु थियो ।
**माधव :** हस् हजुर ।

*भोलिपल्ट : ग्यानु स्कुलमा*

**ग्यानु :** सर नमस्कार ! के म भित्र आउन सक्छु ?
**प्रधानाध्यापक :** ए ! ग्यानु तिमी ! आऊ न ।
**ग्यानु :** हजुर सर ।
**प्रधानाध्यापक :** कुरा के भने नि । तिम्रो बुबाले यत्रो वर्ष काम गर्नुभयो । अब बुबालाई यसो सघाउने कि ?
**ग्यानु :** बुझिन सर ।
**प्रधानाध्यापक :** तिमीले साना नानीहरूलाई नेपाली पढाउन सक्छौ ?
**ग्यानु :** खै सर ! मलाई त डर लाग्छ ।
**प्रधानाध्यापक :** डराउनु पर्दैन । सुरु सुरुमा असहज भए पनि पछि बानी पर्छ । केही परे म छँदै छु नि ।
**ग्यानु :** एकचोटि बाबाआमासँग सल्लाह गर्न पाए हुन्थ्यो ।
**प्रधानाध्यापक :** हुन्छ । सल्लाह गर । एसएलसी पास भएपछि भने खरदारसरहको सेवासुविधा प्राप्त हुन्छ । लिखित जाँच दिनुपर्दैन । मैखिक दिएपछि स्थायी हुन्छ ।
**ग्यानु :** हुन्छ सर ।

**राति घरमा**

**ग्यानु :** बाबा ! बाबा !
**माधव :** अँ भन न ।

**आमा** : के भयो छोरी ?

**ग्यानु** : स्कुलमा जागिरको प्रस्ताव आएको छ आमा । एसएलसी पास भएपछि त खरदारसरहको सेवासुविधा हुन्छ रे ।

**आमा** : हो र छोरी ! खा खा । कति हामी मात्रै दुःख गर्नु । तैँले जागीर खाएपछि छिमेकीको मुखमा बुझो लाग्छ ।

**माधव** : हुन त हो छोरी । छोरी मान्छे भएर आफ्नो खुट्टामा उभिनु त ठिक हो तर...।

**आमा** : केको तर र मर । मौका आउँछ पर्खँदैन । खा छोरी खा ।

**माधव** : मैले पनि त कहाँ नाइँ भनेको त ? तर मेरो स्कुलमा पो गारो भनेको त ।

**आमा** : किन र ? के भयो र ?

**माधव** : अब म पिउन मान्छे, मैले आफ्नी छोरीलाई नमस्ते गर्नुपर्छ । अलि अप्ठ्यारो हुन्छ कि ? (छोरीलाई अँगालो मार्दै) यसचोटिलाई मलाई माफ गर ग्यानु । पास भएपछि अन्त खोजौली । भाग्यमा भए खटियैउपर ।

*सातदोबाटो, ललितपुर ।*

**❑ कविता**

# तिमी र म



**❖ सुशान्त थापा**

म कुनै रहर बनेर
हराएँ भने
तिमी याद बनेर मलाई सम्झनू
कतै म आँसु भएर सुकेँ भने
तिमी खुसी बनेर बग्नू
कति रच्नु छ जिन्दगीमा
म सोचमै हराएँ भने
तिमी कलाको आकृति बनिदिनू
मैले रोपेको फूलको बाटोमा
काँडाहरूको नजरले
कसैले बाटो नबिराओस्
जिन्दगीमा धेरै बोलेर कम महसुस
गर्नु नपरोस्
कतै नमिलेका
जीवनका हरफहरू तिम्रालागि
क्रूर समयको साक्षी नबनुन्
भित्री स्नेह बाहिरी रूपसँगै
धमिलो नबनोस्
म तिम्रो वर्षाको लागि
निर्मम बादल बन्नु नपरोस्
कोमलताको प्रतीक यो माया
सधैँ रहिरहोस् ।

# बुद्धिको चमत्कार




❖ कुमार नेपाल

म्याग्दी जिल्लाको एक गाउँमा धेरै ठुलो बस्ती थियो । त्यहाँका किसानहरू आफ्नो खेतीपाती गरेर जीविका चलाउने र बाँकी बचेको अनाज बेचेर नुनतेल, मरमसला र लुगाफाटो किन्ने गर्दथे । केहीले गाई, भैँसी, भेडा, बाख्रा पालेर पनि धेरै पैसा कमाएर छोराछोरीलाई विदेश पढ्न पठाउने पनि गर्दथे । त्यहाँको एक गाउँबाट अर्को गाउँमा जान पुल नभएको ठाउँमा खोला तरेर र पुल भएको ठाउँमा पुल तरेर जानुपर्दथ्यो । एकपटक एउटा गाउँमा ठुलै महामारीको हैजा फैलियो । त्यसले गर्दा गाउँका धेरै मानिसले ज्यान गुमाए । हैजा एक सरुवा रोग भएको र यो एक व्यक्तिबाट अर्को व्यक्तिमा एक गाउँबाट अर्को गाउँमा फैलिएर ठुलै महामारी फैलाउने डरले त्यहाँ महामारीलाई फैलिन नदिन सरकारले कडा व्यवस्था गरेको थियो । हैजा फैलिएको गाउँबाट अर्को गाउँमा र हैजा नलागेको गाउँबाट हैजा लागेको गाउँमा जान एउटा भयङ्कर ठुलो खोला थियो । त्यो खोला तरेर कोही पनि अर्को गाउँमा जान सक्दैनथ्यो । हैजा लागेको गाउँमा जान एउटा पुल थियो । मानिसहरू पुल गरेर त्यस गाउँमा जानुपर्दथ्यो । त्यसलाई रोक्न पुलको बिचमा गोलीगठ्ठासहितको एउटा पाले राखेको थियो । कोही व्यक्ति पनि एक गाउँबाट अर्को गाउँमा जान नपाउने । जबर्जस्ती जान खोजेमा गोली हान्नेसमेतको व्यवस्था गरेको थियो ।

त्यो पाले एक मिनेट सुत्ने र एक मिनेट उठ्ने गर्दथ्यो । हैजा नलागेको गाउँको एक व्यक्तिलाई हैजा लागेको गाउँमा नगइनहुने, नगएमा ठुलो नोक्सान हुने भएको थियो । खोला तरेर जान नसकिने र जसरी भए पनि पुलबाटै जानुपर्ने तर पुलबाट जान त्यस्तो कडा व्यवस्था भएको हुँदा के गर्ने होला भनी धेरै बुद्धि खेलायो । त्यो मानिस अरूभन्दा धेरै नै चलाख र बुद्धिमान थियो । त्यसैले उसले पाले सुतेको मौका पारी पुल तरेर गयो । एक मिनेटमा पाले उठ्ने छ भन्ने सम्झेर घडी हेर्दै गयो । एक मिनेट हुन दुई सेकेन्ड बाँकी छँदैमा ऊ जताबाट आएको थियो त्यतै फर्कियो । एक मिनेटपछि पाले बिउँझियो । यसो हेर्दा त एउटा मानिस हैजा लागेको गाउँबाट अर्को गाउँमा जान लागेको रहेछ । म एक दुई सेकेन्ड बढी नै सुतेंछु । म सुतेको मौका छोपेर यो मानिस हैजा लागेको गाउँमा जान लागिसकेछ भन्ने सम्झेर बन्दुक देखाई हैजा लागेकै गाउँतिर धकेलेर पठाइदियो । त्यो मानिसले आफ्नो बुद्धिको चमत्कार र पालेको बुद्धि सम्झेर तीन छक्क पर्‍यो !

# कवि लक्ष्मण तिमल्सिनाको 'मातृवन्दना' भित्र पस्दा



❖ डा. कृष्ण सुवेदी (भारद्वाज मित्र)

**कवि लक्ष्मणका बारे :**

कवि लक्ष्मण तिमल्सिना माता सीतामाई र पिता चन्द्रलोचनका सुपुत्र हुन् । २०१६ सालमा सिन्धुपाल्चोक जिल्लाको इन्द्रावती गाउँपालिकाको धुसेनीमा जन्मिएका कवि लक्ष्मण तिमल्सिना निवृत्त शिक्षक हुन् । वर्तमानमा कवि लक्ष्मण तिमल्सीना राष्ट्रिय जनसाहित्यिक सङ्घ, नेपालको सिन्धुपाल्चोक जिल्लाको कोषाध्यक्षका रूपमा र प्रगतिशील लेखक सङ्घको सदस्यका रूपमा संलग्न रहेका छन् । उनले बनारसबाट पूर्वमध्यमासम्मको शिक्षा हासिल गरेका छन् । २०४३ सालमा उनी शिक्षक भए । बनारसमा रहँदा उनले तात्कालीन नेकपा मालेको भ्रातृसंस्था अ.भा.प्र.ने.सङ्घमा रहेर काम गरेका थिए । गाउँका एकजना युवा अगुवा जगन्नाथ आचार्यका साथ उनले पनि शिक्षण कर्म सँगसँगै नेकपा मार्क्सवादी पार्टीको जिल्ला कमिटीमा आबद्ध भएर भूमिगत रूपमा काम गरेको थिए । पछाडि माले, मार्क्सवादीको एकीकरणपछि नेकपा एमालेमा रहेर राजनीतिसँग जोडिँदै सचेतता र सामाजिक परिवर्तनको एउटा योद्धाको रूपमा क्रियाशील रहेका हुन् । उनैको पहिलो कवितासङ्ग्रह हो 'मातृवन्दना' ।

**'मातृवन्दना'को सङ्क्षिप्त चर्चा :**

कविका छोरा रमेश तिमल्सिनाबाट प्रकाशित डिमाइ साइजको १०० पृष्ठमा सजिएको कृति मातृवन्दनामा ५३ वटा कविताहरू सङ्ग्रहित छन् । काव्यसाधनाको सन्दर्भमा सिन्धुपाल्चोकको माटो ऊर्वर रहेको सन्दर्भ यसै कृतिको आफ्नो भूमिकामा महाकाव्यकार चन्द्रप्रसाद न्यौपानेले उठाउनुभएको छ । सिन्धुपाल्चोकको पनि अझ यो इन्द्रावती नदीको पावन परिधिमा रहेको क्षेत्र जहाँ रेवतीरमण न्यौपानेदेखि प्रारम्भ गरेर कवि केदारमान व्यथित हुँदै अरू धेरैजना साहित्यसाधकहरू जन्मेको भूमि हो र त्यही तरेलीमा अर्का एकजना कवि प्रतिभा थपिएको भन्ने चन्द्रप्रसाद न्यौपानेको दाबी रहेको छ । त्यो दाबीलाई लक्ष्मणजीको यो कृतिले पुष्टि पनि गरेको छ, चरितार्थ गरेको छ ।

यो कृतिको अर्को उल्लेख्य पक्ष सिन्धुमै अविर्भावित अर्का स्रष्टा साहित्यकार त्रिलोचन आचार्यको कवितात्मक अभिव्यक्ति पनि हो । कवि त्रिलोचन आचार्यले यस कृतिमा सामेल गरिएका

कविताहरूका भाव समेटेर २० श्लोकको एउटा सुन्दर भूमिका लेख्नुभएको छ । यसर्थ पनि यो एउटा कविको नव प्रकाशनको अर्को कविले काव्यिक संरचनामै प्रशंसाका शब्दहरू खर्च गरेको छ र मुक्त कण्ठले प्रशंसा गरेको छ।

यस कृतिका कविताले पाठकहरूका मनभित्र पुग्नेगरी भाव सम्प्रेषण गर्ने क्षमता राख्दछन् । कृतिको नामजस्तै कवितामा आमाको माया, गौरव र गरिमा गाइएको छ । बाबाको कठिन श्रमको सम्मानमा कविता बोल्छन् । कवितामा संस्कृति र यसको महत्ता र चाडपर्वका बारेमा चर्चा गरिएको छ।

*बत्ती नित्य बलुन यहाँ चहकिला दुष्कर्म पाखा परोस्*
*टेकी सत्य सुकर्मको उपजमा समृद्ध उद्योग होस्*
*आफ्ना संस्कृति मर्मले सुलयमा खेल्दै गरौँ द्यौसर*
*चम्क्योस् गाउँ सधैँ प्रकाश पथमा दीपावली झल्मल ।*

कविताहरूमा सङ्घर्षको लागि आह्वान गरिएको छ अनि सहिदका सम्मानमा पनि कविता लेखिएका छन् :

*जो मर्थे जनका निमित्त खुसले हाँसेर फाँसी चढे*
*त्यै बाँच्यो अमरत्वमा सहिद भै पूर्वीय आलोकले*

सुन्दर समाजको निर्माण गर्ने सपना पूरा गर्नको लागि जुट्नुपर्छ भनेर सामयिक रूपमा अपिल गरिएको छ। विदेसिएका युवाहरूलाई देशतिर फर्क भन्ने समसामयिक गुनासो र अनुरोधमा कविता गुञ्जेका छन् । नेताहरूमा बढ्दै गएको भ्रष्टीकरणका बिरूद्धमा जेहाद छेडिएका छन् र कविताहरूमा देशको माया लदाबदी छ । यस सङ्ग्रहका कतिपय कविताहरूमा प्रकृतिको गीत गाइएको छ र त्यसको रक्षाको आह्वान गरिएको छ । कृतिमा मानवताका उद्घोष गरिएका कविता पनि छन् । उदाहरणः

*विश्व मानवको नारा धर्ती हाम्रो गरौँ नमन्*
*सन्तान एक हौँ हामी बसुदैव कुटुम्बकम्*

कृतिमा सभ्य, सुसंस्कृत समाजको निर्माणको सकारात्मक अपेक्षा गरिएको छ । समाज सुधारका निमित्त विकृति विसङ्गतिहरूलाई उच्छेद गर्नुपर्दछ भन्ने व्यग्रतापूर्ण प्रतीक्षा पनि रहेको छ अनि त्यस महान राष्ट्रनिर्माणको यात्रामा राजनैतिक पार्टीहरू खरो उत्रन सक्नुपर्दछ भन्ने सदाशयता पनि कवितामा पाइन्छ । जुन शक्तिलाई लामो समयदेखि विश्वास गरेर उनले जीवन अर्पा गरेका छन् अनि वहुसङ्ख्यक जनले पनि त्यही शक्तितर्फ आशाको नजरले हेरेका छन् त्यसैले बाटो बिराउन लागेको हो कि भन्ने चिन्ता र खबरदारी पनि यस कृतिका कविताहरूमा गरिएको पाइन्छ । आफ्नो पसिना, बुद्धि, विवेक, वर्गतका साथै लामो उर्जाशील उमेर पनि खर्चेको भएर होला त्यो राजनीतक शक्ति सामाजिक परिवर्तनको बाहक बन्न नसक्ने हो कि ? श्रमजीबी वर्गका दिन नफिर्ने हुन् कि ? देश अगाडि नबढ्ने पो हो कि ? भन्ने चिन्ताले उनी दुःखी छन् र त्यसको विरुद्ध उनका सिजर्नाहरू पनि तीरजस्तै बनेर सोझिएका छन् । 'जलन' कवितामा कवि यसो भन्छन् :

*तिम्रा चिन्तन सार्वभौम गरिमा भुल्दै रहेका क्षण*
*काला कर्तुतका हरेक घटना घट्दै रहेका दिन*
*रुन्छन् मातृ विमातृ त्यो जलनले पोल्दै रहेका क्षण*
*सम्झेनौ जनता र देशहितका वाचा टुटायो किन ?*

त्यसै भावका धेरैवटा कविताहरू यहाँ छन् । कवितामा निराशाका उद्गारहरू नभएका होइनन् तर पनि आशावादी स्वरले

कवितालाई ढाकेका छन् । दोषकै रूपमा त लिन मिल्दैन यसलाई तर पनि एउटै भावमा धेरैभन्दा धेरै कविताहरू यस कृतिमा रहनुलाई पनि कतिपय आलोचकहरुले एउटा दोषको रूपमा पनि लिन सक्लान् ।

**प्रगतिशील र प्रगतिवादी कविताको सँगालो**:

दर्शनका दृष्टिले यस कृतिका अधिकांश कविताहरूले भौतिकवाद, द्वन्द्वात्मक भौतिकवादलाई पछ्याएको र त्यसैलाई आदर्श बनाएको पाइन्छ :

*बाटो सत्य समाउ आउ अब ता वर्गीय छायामुनि*
*यात्री हो नडराउ यो सडकमा आउ कता छौ तिमी*

यसमा कतिपय कविताहरू प्रगतिवादी कसीमा खरो उत्रन सक्ने खालका रहेका छन् । उनी भन्छन् :

*ममता समताभित्र समाज मुस्कुराउँछ*
*पुर्खाका वीरगाथाल्रे दुनियाँ जुर्मुराउँछ*

यस सँगालोका कविताहरू मूलतः रुढि र अन्धविश्वासका विपक्षमा देखिन्छन् । राजनैतिक रूपमा समताका लागि स्पष्ट आह्वान गरिएका आबाज उठाइएका र सङ्घर्षका निमित्त आह्वानका कविताहरू समावेश छन् । त्यसैले गर्दा ढुक्कसँग कवि लक्ष्मणलाई प्रगतिवादी कविको रूपमा गणना गर्न र उनका सिर्जनाहरूलाई त्यस कोटिमा रहेका कुरा दाबीका साथ भन्नसकिन्छ । उनका कविता नाराजस्ता लाग्दैनन्, प्रतीकात्मक र सूक्तिमय पनि छन् । प्रजातन्त्रका आरोहअवरोहमा रहेका यी पङ्क्ति हेरौँ :

*फालेनन् मनभित्रका जहरीला काला दुराचार त्यो*
*ढालेनन् किन क्रान्तिले कलुष ती सामन्ती संस्कार यो*

दर्शन, विचारका सारका रूपमा उनका कविता छन् र कवितामा मातृवन्दनासँगै नयाँ समाजको निर्माणप्रतिको विश्वास छ, देशप्रेम छ र मानवताको बन्दना छ ।

**मातृवन्दनामा वार्णिक छन्दको सुन्दर परिशीलन** :

संस्कृतका सन्तान भाषाहरूमध्ये संसारमै गर्व गर्नसक्ने गरी संस्कृतका छन्दहरूलाई आफ्नो साहित्यमा उतार्न सकेका सबभन्दा धेरै छन्दहरुलाई आफ्नो साहित्यमा उतार्न सकेको भाषा नेपाली भाषा नै हो । यो गरिमा र गौरवलाई एक सिँढी थप्ने गरिकन लक्ष्मणजीले काम गर्नुभएको छ र सिङ्गै वार्णिक छन्दमा यो कृति प्रकाशित भएको छ । यो प्रकाशनबाट छन्द कवितामा कृति प्रकाशन गर्ने कविहरूको लाममा एउटा नाम थपिएको छ ।

छन्द प्रयोगका हिसाबले यस कृतिमा शार्दूलविक्रीडित छन्दको आधिक्य रहेको छ । २९ वटा कवितामा यो छन्द प्रयोग भएको छ । त्यसैगरी १२ वटा कविताहरूमा अनुष्टुप र पाँचवटा कवितामा मन्दाक्रान्ता छन्दको प्रयोग भएको पाइन्छ । त्यसैगरी द्रुतविलम्बित, स्रग्धरा, शिखरिणी, सालिनी, भुजङ्गप्रयात, इन्द्रबज्रा, वसन्ततिलका एवम् उपजातिलगायतका छन्दहरूको पनि यहाँ प्रयोग भएको छ ।

**कवितामा अलङ्कारको प्रयोग** :

छन्द कवितामा अलङ्कारको विशेष महत्वपूर्ण हुन्छ । अलङ्कारले कवितालाई सुन्दर, प्रभावशाली र रसपूर्ण बनाउँछ । यसले शब्दलाई आकर्षक बनाउने, विचारलाई प्रस्ट पार्ने र पाठक/स्रोतालाई मन्त्रमुग्ध गराउने भूमिका खेल्छ । नेपाली साहित्यमा

छन्द कविताको परम्परा लामो छ र यसमा अलङ्कारको प्रयोगले कवितालाई अझ सुन्दर बनाएको पाइन्छ । कविले यहाँ प्रयुक्त कविताहरूमा अलङ्कारको राम्ररी प्रयोग गरेका छन् । केही मात्र यहाँ उदाहरण हेरौँ :

कृतिको पृष्ठ ४१ मा विद्यार्थीहरूप्रति शीर्षकको कविताको अन्त्यमा उपमा अलङ्कारको राम्रो प्रयोग भएको छ । कुनै चिजलाई अर्को चिजसँग तुलना गरेर प्रस्ट्याइने उपमा अलङ्कारको सुन्दर उदाहरणका रूपमा यहाँ विद्यार्थीलाई ललित स्तम्भ, दियालो र धरतीका सिताराका रूपमा तुलना गरिएको छ । त्यसैगरी अनुप्रास अलङ्कारको सुन्दर प्रयोग नेपालको सौन्दर्य नामक कवितामा पाइन्छ । यो कविताको आठौं श्लोकलाई हेरौँ :

*उच्चो सुन्दर शान्त त्यो क्षितिजमा टल्किरहेको शिर*
*त्यस्तो शुभ्र प्रकाशको चहकमा ती शैल तारेभिर*
*हेर्दा मोहक मूर्त यो अवनीमा सौन्दर्यको छाल त्यो*
*झर्ना झर्झर झर्छ सोभन भरी सौगात नेपालको ।*

प्रस्तुत कृतिका धेरै कविताहरूमा रूपक अलङ्कार, श्लेष अलङ्कार, यमक अलङ्कारलगायतका अलङ्कारहरूको प्रयोगबाट कविता सम्प्रेषणीय बनेका छन् ।

**रसको परिशीलन**

एकाध कवितामा शृङ्गार रस, केहीमा शान्त रस, केहीमा करूण रस र केहीमा वीर रसको परिशीलन भएको पाइन्छ । रसका दृष्टिमा पनि चर्चा गर्न सकिने थियो । साथसाथै कृतिमा रहेका केही कविताहरू सूक्तिमय पनि छन् । गहिरो विश्लेषणसहित त्यसको चर्चा हुन यहाँ अल्पसमयमा त्यो सम्भव छैन ।

कवि लक्ष्मण तिमल्सिनाका कविताहरू दोषरहित छन्, गुणैगुणले युक्त छन्, अत्यन्त उत्कृष्ट मात्र छन् र यहाँ कुनै समस्या नै छैन भनेर मैले दाबी गर्न सक्दिन । यस्तो हुन पनि सक्दैन र यथार्थमा कुनै पनि वस्तु, कुनै पनि सामग्री कुनै पनि सिर्जना पूर्णरूपमा दोषरहित हुन्छ भन्ने कुरा होइन । दोषको मात्राको कमबेसी भन्ने मात्र हो र लक्ष्मणजीका कविताहरूमा असावधानीबस केही त्रुटिहरू देखिन्छन् नै । कतिपय ठाउँमा छन्द मिलाउने क्रममा मात्राहरू तलमाथि भएको भेटिन्छ र कतिपय स्थानमा केही हिन्दी शब्दहरू पनि देखा पर्दछन् । मुद्रा राक्षसका कारणले हुनुपर्दछ कतिपय स्थानमा एउटा अक्षरको भनेर लेखिएकोमा अर्कै अक्षर पनि परेका छन् । ती कुराहरू मलाई लाग्छ आगामी संस्करणमा अवश्य पनि सुधार हुनेछन् र कविबाट थप उत्कृष्ट सिर्जनाहरू जन्मने छन् भनेर विश्वास राख्दछु ।

छन्द कविताको मानकीकरण र छन्द कविताको स्तरीकरणका सन्दर्भमा आधिकारिक रूपमा बोल्ने क्षमता म राख्छुजस्तो लाग्दैन । नेपाली कवितामा वार्णिक छन्दको प्रयोग र परिशीलनका सन्दर्भमा अभियान चलाइरहेका मित्रहरू हुनुहुन्छ, आधिकारिक रूपमा पर्गेल्न सक्षम समालोचकहरू हुनुहुन्छ । हामीले उहाँहरूप्रति अपेक्षा राख्नैपर्छ । भावी दिनमा यी कुराहरू निरूपण हुँदै जाने छन् । म लक्ष्माजीलाई बधाई अर्पण गर्दछु र आगामी दिनमा उहाँलाई थप ऊर्जाका साथ साहित्य सिजर्ना गर्ने र कृतिहरू प्रकाशन गर्ने प्रेरणा मिलोस् । मेरो धेरै धेरै शुभकामना ।

# बजारमा कृति





कृति : मेरा अतीतका कथाहरू
लेखक : गङ्गाप्रसाद उप्रेती
विधा : आत्मवृतान्त
प्रकाशक : मकालु ग्रुप अफ कम्पनी प्रा.लि. ।
प्रकाशन वर्ष : २०८१
मूल्य : रु.९९५।–




कृति : बेरीतका रीतहरू
लेखक : रीता न्यौपाने पहारी
विधा : निजात्मक निबन्धसङ्ग्रह
प्रकाशक : हेमराज पहारी स्मृति प्रतिष्ठान, पोखरा ।
प्रकाशन वर्ष : २०८१
मूल्य : रु.३९९।–




कृति : मञ्जरी
लेखक : रेणुका भट्टराई
विधा : खण्डकाव्य
प्रकाशक : काव्यघर नेपाल मिडिया प्रा.लि., काठमाडौँ ।
प्रकाशन वर्ष : २०८१
मूल्य : रु.२०५।–




कृति : सेतो मृग
लेखक : पोष चापागाइँ
विधा : नियात्रासङ्ग्रह
प्रकाशक : मुकुन्दप्रसाद गजुरेल, वडाध्यक्ष, कागेश्वरी मनोहरा नगरपालिका १, काठमाडौँ ।
प्रकाशन वर्ष : २०८१
मूल्य : रु.५००।–

# साहित्य सन्ध्याको ४६२ औं नियमित मासिक कविगोष्ठी सम्पन्न




२०८२ वैशाख ६ गते अपराह्न १ बजे आर.आर.क्याम्पस, प्रदर्शनीमार्गमा साहित्य सन्ध्याको नियमित मासिक ४६२ औं शृङ्खलामा 'मुलुकमा देखिएको अराजकता र त्यसको समाधान' विषयमा परिचर्चा गरियो र शुभकामना कविगोष्ठी गरी सम्पन्न गरियो । सन्ध्याका अध्यक्ष राम विनयको अध्यक्षता र उपाध्यक्ष रमेश पोखरेलको सञ्चालनमा सम्पन्न भएको उक्त समारोहमा प्रमुख अतिथिका रूपमा प्रा.केशव सुवेदी उपस्थित हुनुहुन्थ्यो भने अतिथिहरूमा साहित्य सन्ध्याका सल्लाहकारहरू वासुदेव अधिकारी र विधान आचार्य, युद्धप्रसाद मिश्र स्मृति प्रतिष्ठानका अध्यक्ष डा.फणीन्द्रराज निरौला र महासचिव नन्दु उप्रेती, राष्ट्रिय जनसाहित्यिक सङ्घ नेपालका महासचिव डा.कृष्ण सुवेदी, डा.रूपनारायण श्रेष्ठ, डम्बर पहाडी, महेशराज खरेल, रेणुका भट्टराईलगायतको उपस्थिति रहेको थियो।

प्रा.केशव सुवेदीले 'मुलुकमा देखिएको अराजकता र त्यसको समाधान' विषयमा विशद चर्चा गर्नुभएको थियो । समारोहमा ओमप्रसाद कोइराला, नवराज श्रेष्ठ, डम्बर पहाडी, महेशराज खरेल, डा.मनोज जोशी, सञ्जय सोती, बलराम विष्ट, डा.फणीन्द्रराज निरौला, वासुदेव अधिकारी, प्रशान्त खरेल, कुमार नेपाल, दिल पौडेल, लक्ष्मण तिमिल्सिना, गोपाल नेपाल, लीलाराज दाहाल, नन्दु उप्रेती, डा.कृष्ण सुवेदी, रेणुका भट्टराई, अनिल सिञ्जाली, अर्जुन अन्योल, केशव घिमिरे, मैया लामिछाने, अमला अधिकारी, बाबुराम श्रेष्ठ र विधान आचार्यले आआफ्ना कविता, गीत, गजल वाचन गर्नुभएको थियो भने वाचित रचनामाथि विधान आचार्यले समीक्षा गर्नुभएको थियो।



# अन्धविश्वासमा पनि वैज्ञानिकता पाइन्छ

❖ प्रा. डा. प्रेम खत्री

'जन्मदेखि मृत्युसम्मका सामाजिक, परम्परागत संस्कार तथा संस्कृतिमा रहेका भ्रम, अन्धविश्वास र वैज्ञानिकता' विषय नै अत्यन्त गहन र विस्तृत छ । संस्कृति व्यापक विषय हो । आफूले नेपाली जनजीवन मात्र होइन अन्तर्राष्ट्रिय समाजको समेत अध्ययन गर्दा मानवीय संस्कार सामाजिक चेतनाको उपज हो र संस्कृति जातीय पहिचान हो भन्ने निष्कर्ष पाएको हुँ । नेपालको सन्दर्भमा नेवारी संस्कृति बढी नै समृद्ध रहेको छ । मधेसको संस्कार तथा संस्कृति पृथक छ तर अभिलेखन कमजोर पाइन्छ । पूर्वदेखि पश्चिमसम्मको नेपाली समाज र त्यहाँका संस्कारका बारेमा अभिलिखित सामग्री पनि प्राप्त छन् । समाजले नै संस्कृतिको निर्माण गर्दछ । आचरण भने व्यक्तिअनुसार हुन्छ तर त्यही संस्कार बनिदिन्छ । कविला, कृषि, पशुपालक हुँदै श्रमपूजक समाज स्थापनाको इतिहास हामी पाउँछौँ । कृषिकर्ममा पनि धानको खेती हुनथालेपछि बचतको मान्यता विकसित भएको पाइन्छ । जमिन, त्यसमा खेती र उत्पादनले आयआर्जन भएपछि सुरक्षा, शिक्षा, स्वास्थ्य आदिको आवश्यकता बोध भएको पाइन्छ ।

ऋग्वेद, ब्राह्मण ग्रन्थ, धर्मशास्त्र आदिको विकासपछि मान्छेका संस्कारका कुरा आएका हुन् । शास्त्रमा मानवका सोर संस्कारका कुराको चर्चा गरिएको छ । सनातनी, आर्य, दलित, राजा, व्यापारी, पुरोहित आदिका फरक फरक आचरणको चर्चा पाइन्छ । तिनै आचरणहरू परिष्कृत हुँदै संस्कार बनेका हुन् । अशुद्धीलाई शुद्धीकरण गर्ने मान्यतालाई शास्त्रमा स्थापित गर्ने प्रयत्न गरिएको हो । मातृसत्तात्मक समाजबाट शक्ति हत्याउन पितृसत्तात्मक समाजको स्थापना भएको हो । कतिपय संस्कारमा अन्धविश्वासहरू थपिएर विकृत पनि बनेका छन् । यद्यपि अन्धविश्वासमा पनि वैज्ञानिकता पाइन्छ । जातकर्म, चूडाकर्म आदि हाम्रा संस्कारमा अझै पनि कतै न कतै मामा चाहिनेजस्ता मातृसत्ता जोडिएको पाइन्छ । नामाकरण संस्कार गर्ने, सफासुग्घर हुन सिकाउने, पुरोहितले सिकाउनेजस्ता पक्षमा वैज्ञानिकता रहेकै छ । आदिवासी जनजातिका अलग अलग संस्कार रहेका छन् । उपनयन कर्म होस् वा चूडाकर्म होस् वा गुरुकुल शिक्षा वा संस्कारले शास्त्रसम्मत व्यवहार गर्न सिकाउने भएकाले यसमा वैज्ञानिकता रहेको पाइन्छ ।

तथापि कतिपय हाम्रा संस्कारमा अन्धविश्वास जोड्ने र त्यसैमा भरोसा गर्ने वा कार्यान्वयन गराउन खोज्ने दिग्भ्रम रहेका पाइन्छन् । मानवका ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ, सन्यासजस्ता चरण हुने र विवाह चाहिँ वृद्धिको चरण हो । हरेक जातिका फरक फरक जातीय संस्कार हुने भएकाले ती संस्कारले व्यक्तिलाई आचरण सिकाइरहेका हुन्छन् तर तिनमा अन्धविश्वास पनि पाइन्छन् भने वैज्ञानिकता पनि पाइन्छ । नियम, कानुन, विधिभन्दा पृथक रहेर व्यवहार चलेका हुन्छन् । जस्तो कि विवाहसंस्कारमा रक्तशुद्धताको अपेक्षा राखिएको हुन्छ र उमेरको हकमा परिपक्वता खोजिन्छ। पछिपछि शास्त्रमा पनि कुरीति वा अन्धविश्वास वा भ्रम मिसाइएको पाइन्छ। अत्येष्ठीमा पनि विज्ञान छ र पछि पछि अन्धविश्वास वा कुरीति थपिएको छ। ऋग्वेदलगायतका शास्त्रमा पनि पछि पछि काल्पनिकता थपिएको छ। यथार्थ के हो भने संस्कार नभए संस्कृतिको मार्गचित्र बन्दैन । संस्कारले नै समन्वय गर्ने हो। अन्धसंस्कारमा विस्तारै परिवर्तन आउनु स्वभाविक छ तर निषेध वा अन्धानुकरण उपयुक्त हुँदैन। अन्धविश्वास वा आडम्बर त्याग गरी वा जालीमा हालेर छान्दै संस्कार भनेको शुद्धताको प्रतीक हो भन्ने यथार्थको बोध गरिनु आवश्यक छ। हाम्रो इस्लामिक समाज भने संस्कार, संस्कृति र रूपान्तरणका पक्षमा कम परिवर्तित समाज हो।

*-रमेश पोखरेल (प्रा.डा.प्रेम खत्रीद्वारा साहित्य सन्ध्याको ४६० औँ शृङ्खलामा व्यक्त गर्नुभएको मन्तव्यमा आधारित)*

## हार्दिक श्रद्धाञ्जली



**प्रदीप नेपाल (सञ्जय थापा)**

जन्म : वि.सं. २०१० पुस २८ गते

निधन : वि.सं. २०८२ वैशाख २३ गते

**कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ। साथै यस दु:खद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ।**

**शब्द-संयोजन परिवार**

## सर्जकहरूमा सादर अनुरोध

कृपया अन्य पत्रपत्रिका, अनलाइन पत्रिका, फेसबुक आदिमा प्रकाशनका लागि नदिइएका र कतै पनि प्रकाशित नभएका प्रकाशनयोग्य सिर्जना मात्र सम्पादनको अधिकारसहित 'शब्द-संयोजन' साहित्यिक मासिक पत्रिकामा प्रकाशनार्थ पठाउनुहुन सादर अनुरोध गरिन्छ। यस पत्रिकामा प्रकाशनार्थ पठाइएका सिर्जना अन्यत्र प्रकाशन गर्नुपर्ने भएमा सूचना दिएर मात्रै प्रकाशन गर्नुहुन हार्दिक अनुरोध गरिन्छ।

***– शब्द-संयोजन परिवार***